# अध्याय एक

# शोध परिचय

## १.१ विषय प्रवेश

पृष्ठभूमिको समयदेखि हालसम्म आइपुग्दा नेपाली उपन्यास जगत्ले विभिन्न घुम्ती मोडहरू पार गर्दै आएको छ । यसक्रममा नेपाली उपन्यास फाँटमा नयाँ/नयाँ प्रवृत्तिहरू अन्य प्रवृत्तिहरूका आधारमा उपन्यासको लेखनमा विस्तार भएको छ । नेपाली उपन्यास परम्पराका उपन्यासकारहरू जस्तै मदनमणि दीक्षित भौतिकवादी पूर्वीय दर्शनका साथै सामाजिक राजनीतिक पक्षलाई समेत कलात्मक रूपमा प्रयोग गर्ने सफल उपन्यासकार हुन् । उनले नेपाली उपन्यासका क्षेत्रमा नवीन शिल्प तथा शैलीको उपयोग गरी एउटा नौलो आयाम निर्माण गरेका छन् । उनका कार्यहरू नेपाली समाजका नारी पात्रको सेरोफेरोमा नारीका सामाजिक मूल्य मान्यताका साथै नारीहरूमा युग चेतनाको बोध गराउन अनि नारीलाई उपन्यासको प्रमुख चरित्रको रूपमा स्थान दिनु हो । यिनै नारी पात्रको सेरोफेरोमा नारीका सामाजिक मूल्य मान्यता संस्कार तथा नारीलाई देशका संस्कृतिको रूपमा लिई उपन्यासलाई पूर्णता लिन मदनमणि दीक्षितको औपन्यासिक सामर्थ्य र कुशलतालाई स्पष्ट झल्काएका छन् । '**त्रिदेवी**' उपन्यास राणाकालीन परिवेशमा रचना गरिएको भए पनि त्यस समयको सामाजिक संस्कार र त्यसभित्रका पात्रहरू र तिनले भोग्नुपरेका वास्तविकतालाई कतिपय समकालीन स्थितिलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा व्यङ्ग्य गरेको देखिन्छ । नेपाली समाजमा विकसित पहिलो नारीवादी चेतना र जागरणको प्रस्तुतिका दृष्टिले '**त्रिदेवी**' उपन्यास महत्त्वपपूर्ण छ । यो शोध कार्य '**त्रिदेवी**' उपन्यासको नारी पात्रहरूबारेमा केन्द्रित छ ।

## १.२ समस्या कथन

उपन्यासकार मदनमणि दीक्षितद्वारा रचना गरिएको '**त्रिदेवी**' उपन्यासको नारी पात्रको चरित्र चित्रण गरिने यस शोधकार्यको मूल समस्याहरू निम्न रहेका छन् :

क. मदनमणि दीक्षितको सामान्य परिचय र औपन्यासिक रचनाधर्मिता के कस्तो रहेको छ ?

ख. '**त्रिदेवी**' उपन्यासका मूल प्रवृत्ति के कस्तो रहेका छन् ?

ग. औपन्यासिक तत्वगत आधारमा '**त्रिदेवी**' उपन्यास के कस्तो रहेको छ ?

## १.३ शोध कार्यको उद्देश्य

यस शोधकार्यको उद्देश्य निम्न अनुसार रहेको छ :

क) मदनमणि दीक्षितको सामान्य परिचय र औपन्यासिक रचना धर्मिताको निरुपण गर्न ।

ख) '**त्रिदेवी**' उपन्यासका मूल प्रवृत्ति निरुपण गर्न ।

ग) औपन्यासिक तत्त्वका आधारमा '**त्रिदेवी**' उपन्यासको विश्लेषण गर्न ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका बहुविधामा कलम चलाउने मदनमणि दीक्षित सिद्धहस्त साहित्यकार मात्र नभई राजनीतिकर्मी शिक्षक, पत्रकार वैदिक दर्शनका ज्ञाता तथा भाषाविद् जस्ता बहुआयामिक व्यक्तित्व समेत भएकाले उनले जीवनको परिपक्व अवस्थामा लेखेको उपन्यासबारे लेखक समीक्षक तथा अनुसन्धानकर्ताहरूको ध्यान जानु स्वाभाविक हो । प्रकाशन भएकै सालमा नै ख्यातीप्राप्त लेखक तथा समीक्षकहरूले विभिन्न पत्रपत्रिकाबाट लेखहरू प्रकाशित गरेको पाइन्छ ।

**अ) समकालीन साहित्य**मा प्रकाशित '**त्रिदेवी**' आफ्नै अध्ययनमा भन्ने शीर्षकमा कमलराज रेग्मीले '**त्रिदेवी**' हिजो आज र भोलिको समाजको औपन्यासिक परिकल्पना हो । यस उपन्यासले मुख्यतः आजको हाम्रो राजनीतिक कुसंस्कार, यौन मनोविज्ञानलाई व्यक्त गर्ने सन्दर्भमा नारी बर्चस्व मानव जीवनको महिमा, तथा परम तत्वका बारेमा समेत ज्ञान र चिन्तनको चित्ताकर्षक तथा विचारोत्तेजक नूतन शिल्पको मूल्याङ्कन गरिएको कुरा उल्लेख गरेका छन् ।

**आ) '**उन्नयन**'** 'मदनमणि विशेषाङ्क'मा केशवराज उपाध्यायले '**त्रिदेवी**' मेरो दृष्टिमा भन्ने समालोचनामा '**त्रिदेवी**'लाई लेखकको पचास दिनको साधना तर पचासौं दिनको अध्यापन अनुभव र चिन्तनको परिणाम भनेका छन् । उन्नयनन मदनमणि विशेषाङ्क *(माघ-चैत २०५१, पृ.९५)* । साथै, यस उपन्यासलाई भूत र वर्तमान चित्रणका साथै भविष्यको परिकल्पना समेत प्रस्तुत गरिएको नेपाली साहित्यको नौलो प्रस्तुति तथा प्राप्ति भनेका छन् ।

**इ) उन्नयन**को मदनमणि दीक्षित विशेषाङ्कमा नै प्रस्तुत '**त्रिदेवी**'को चर्चा मदनमणिको भन्ने शीर्षकमा शैलेन्द्र प्रकाश नेपालले आफ्नो समालोचनामा '**त्रिदेवी**' उपन्यासलाई स्वैरकल्पनामा आधारित भनेका छन् । यस उपन्यासको कथावस्तु पात्रको क्रियाकलापलाई हेर्दा स्वैरकल्पनामा

आधारित छ भनिए पनि यसले सम्पूर्ण रूपले भुइँ नछाडेको उनी लेख्छन् । नौलो चेतना र आयाम लिएर देखा परेको '**त्रिदेवी**'का सबै पात्रहरू विद्वान् विदुषी छन् अपत्यारिलो वास्तविकता हो भन्ने नेपालको धारणा रहेको छ ।

**ई) उन्नयन**को मदनमणि विशेषाङ्कमा डा. हरिप्रसाद रेग्मीको '**त्रिदेवी**' प्राचीन र अवार्चिन जीवन मूल्यको सङ्गम भन्ने शीर्षकमा समलोचना प्रकाशित छ । उनले उक्त समालोचनामा '**त्रिदेवी**'को चर्चा गर्नेक्रममा यस उपन्यासलाई नारी अस्मिताको केन्द्रविन्दुको रूपमा रहेर मानव जीवनको प्राचीन र अवार्चिन मूल्यलाई अभिव्यक्त दिन सफल ठानेका छन् । उनले यो उपन्यासमा नारी अहम् र अस्तित्वलाई केन्द्रीयतामा लेखिएको मानवीय भावना र नियतिको कलापूर्ण प्रतिष्ठान हो भनेका छन् । उनले यो उपन्यास सामाजिक र राजनीतिक चेतनामा आधारित भएर पनि अत्यन्तै बौद्धिक र वैचारिक बन्न गएको कुरालाई नकार्न सकिँदैन । मूलतः यो उपन्यास नारी समस्यामा आधारित भएर लेखिएता पनि यस उपन्यासले नारी अस्तित्व मूल्य र आदर्शको उदाहरणको रूपमा प्रस्तुत गरिएको छ । उपन्यासले वर्तमान मानव जीवनका मानवीय मूल्यसँग पूर्णतया सापेक्ष रहेर पनि प्राच्य जीवन र चेतनाको कलापूर्ण अभिव्यक्ति बनेको उल्लेख गरेका छन् । परम्परागत उपन्यास प्रवृत्तिलाई अवलम्बन गरिए पनि स्वरसन्धानका दृष्टिले नव-वैशिष्ट्यपूर्ण बनेको हुनाले उपन्यास आकर्षक बनेको कुरा उल्लेख गरेका छन् ।

**उ**) नेपाली समालोचना ग्रन्थमा घनश्याम कँडेलद्वारा सम्पादित नेपाली उपन्यास र जीवन शीर्षकमा डीपी अधिकारीको समालोचना प्रकाशित छ । उनले नेपाली उपन्यासको चर्चा गर्ने क्रममा नेपालको राष्ट्रिय विकासको क्षेत्रमा समाजमा देखा परेका अन्तर्विरोधलाई '**त्रिदेवी**' उपन्यासले प्रस्तुत गरेको छ भन्दै यसका पात्रहरू बौद्धिक दृष्टिकोणले उत्कृष्ट तहका छन भन्ने कुरा उल्लेख गरेका छन्, *(डीपी अधिकारी, साझा प्रकाशन काठमाडौँ, २०५५ पृ. १०३)* ।

यसरी '**त्रिदेवी**' उपन्यासका बारेमा समय समयमा छिटफुट रूपमा अध्ययनहरू भएको पाइन्छ । तापनि यसको समग्र रूपमा कृतिपरक अध्ययन छिटफुट रूपमा देखिए पनि नारी पात्रको चरित्र चित्रण भने त्यति सहज बन्न सकेको छैन । तसर्थ, '**त्रिदेवी**' उपन्यासको समग्र वस्तुनिष्ठतालाई यसले छुन सकेको छैन । उपन्यासको संरचना पात्र, संवाद, प्रवृत्ति आदिलाई

समेट्न सकेको छैन । अतः यस शोधमा उपन्यासको नारी पात्रको चरित्रको विश्लेषण र मूल्याङ्कन गरिनेछ ।

## १.५ शोधको औचित्य

मदनमणि दीक्षितको '**त्रिदेवी**' उपन्यासका बारेमा विभिन्न चर्चा विश्लेषण समालोचना आदि भएका पूर्व कार्यको समीक्षाबाट प्रस्ट भएको छ । यस कृतिको बारेमा गहन अध्ययन र विश्लेषण भएको पाइँदैन । तसर्थ, यस शोध कार्यबाट '**त्रिदेवी**' उपन्यासको नारी पात्रको विभिन्न पक्षमा समग्र रूपमा अध्ययन विश्लेषण गरिने हुँदा यस शोध कार्यको औचित्य पुष्टि हुन्छ । यसै शोध कार्यको माध्यमबाट उपन्यास र मदनमणि दीक्षितको उपन्यासकारिता व्यक्तिरूपको विभिन्न पक्ष औपन्यासिक प्रवृत्ति नेपाली उपन्यास परम्परामा उक्त उपन्यासले पुऱ्याएको योगदानको समेत विश्लेषण गरिएको छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

यस शोध कार्यमा मदनमणि दीक्षितको '**त्रिदेवी**' उपन्यासमा नारी पात्रको मात्र चरित्र चित्रण गरिएको छ । '**त्रिदेवी**' उपन्यासको नारी पात्रको अध्ययन औपन्यासिक तत्त्वका आधारमा गर्नु यसको सीमा हो ।

## १.७ सामग्री सङ्कलन र शोध विधि

यस शोध कार्य सम्पन्न गर्नका लागि मूलतः पुस्तकालयबाट पुस्तक पत्रपत्रिका समालोचना तथा समलोचनात्मक लेख आदि सामग्री सङ्कलन अध्ययन गरिएको छ । यसको साथै, स्रष्टासँगको कुराकानीलाई पनि सामग्रीको रूपमा उपयोग गरिएको छ । प्रस्तुत शोधमा सङ्कलित सामग्रीलाई विश्लेषण गर्दा विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ शोध-पत्रको रूपरेखा

प्रस्तुत शोध-पत्रको रूपरेखा निम्न अनुसार रहेको छ :

**अध्याय**

| | |
|---|---|
| अध्याय एक | : शोध-पत्रको परिचय |
| अध्याय दुई | : मदनमणि दीक्षितको सामान्य परिचय र औपन्यासिक रचनाधर्मिता |
| अध्याय तीन | : '**त्रिदेवी**' उपन्यासको मूल प्रवृत्ति |
| अध्याय चार | : '**त्रिदेवी**' उपन्यासको वस्तु विधान |
| अध्याय पाँच | : **त्रिदेवी**' उपन्यासको पात्रविधान |
| अध्याय छ | : '**त्रिदेवी**' उपन्यासको परिवेश विधान |
| अध्याय सात | : '**त्रिदेवी**' उपन्यासको भाषाशैली |
| अध्याय आठ | : उपसंहार |

सन्दर्भसामग्री

# अध्याय- दुई

# मदनमणि दीक्षितको सामान्य परिचय र औपन्यासिक रचनाधर्मिता

## २.१ मदनमणि दीक्षितको जीवनी

### २.१.१ जन्म र जन्म स्थान

उपन्यासकार मदनमणि दीक्षितको जन्म १९७९ साल फागुन ७ गते काठमाण्डौस्थित गैरीधारा भन्ने स्थान भएको हो । यिनका पिता लक्ष्मणमणि आचार्य र माता विष्णुप्रियाका जेठा सुपुत्र हुन् । उनी आचार्य बसेका हुन । माता तनहुँका पौडेलका छोरी हुन् । यिनको पिताको व्यवसाय सरकारी नोकरी र जमिनदारी हो ।

### २.१.२ बाल्यकाल

उपन्यासकार मदनमणि दीक्षितको बाल्यकाल गैरीधारास्थित आफ्नै जन्मस्थानमा बित्यो । यिनको परिवारमा दिदी, बहिनी र भाइका साथ रमाइलोसँग बितेको थियो । बाल्यकालमा देखिएको चञ्चलताले कहिलेकाहीँ उनले आमा बाबुबाट सिस्नोपानी खानुपर्दथ्यो । यिनै बाल्यकालको कुरालाई मदनमणि दीक्षितले आफ्नो आत्म-संस्मरणात्मक कृति 'आनन्दमय आकास' (२०५३) मा उल्लेख गरेका छन् ।

### २.१.३ शिक्षा

मदनमणि दीक्षितको जन्म अत्यन्तै सुशिक्षित विद्या तथा ज्ञानका दृष्टिले समेत उल्लेखनीय मानिएको दीक्षित परिवारमा भएको थियो । शिक्षित पारिवारिक माहोल भएकाले पनि यिनलाई शिक्षाको क्षेत्रमा अगाडि बढ्नको लागि कुनै अफठ्यारो भएको थिएन । सानै उमेर वा ५ वर्षको उमेरमा यिनले विभिन्न विद्यालयहरूबाट औपचारिक शिक्षा आर्जन गरेका हुन् । नेपालको दरबार हाइस्कुलमा ४ महिना, सेन्ट्रल हिन्दु वाराणसीमा ३ महिना, कटिङ मेमोरियलबाट हाइस्कुल वाराणसीमा ६ महिना अध्ययन गरेका थिए । माध्यामिक शिक्षाको क्रममा यिनको जीवनमा अनेकौं उतारचढाव देखा परेको पाइन्छ । यिनले प्रविणता प्रमाण पत्रको अध्ययन भारतको क्विन्स कलेजबाट गरेका हुन् । यसपछि यिनले भारतैकै काशी हिन्दु

विश्वविद्यालयबाट भारतीय दर्शन र धर्मशास्त्र विषयमा स्नाकोत्तर हासिल गरेको पाइन्छ । दीक्षित भारत गएर एमए गर्ने विद्यार्थीहरूमा ९ औं नम्बरमा पर्दछन् । विद्यावारिधिको लागि २ वर्षसम्म शङ्कराचार्य पूर्वको वेदान्त विषय अध्ययन गरे तर शोध-पत्र भने लेखेनन् ।

### २.१.४ विवाह र दाम्पत्य जीवन

मदनमणि दीक्षितको विवाह १९९५ सालको माघमा बारा जिल्लाको तत्कालीन चरवन्त क्षेत्रका योगेन्द्रराज गौतमकी छोरी रीता गौतमसँग भएको हो । हाल उनका ४ जना छोराहरू र एक जना छोरी रहेका छन् । विनोद, प्रमोद, आमोद र कामोद उनका छोराहरू हुन् । एक मात्र छोरी इल्या छन् । आफ्ना सन्तानबाट प्राप्त नाति नातीनासँग यिनी सफल दाम्पत्य जीवनको यात्रारत छन् । सम्भ्रान्त वर्गले घृणा गरिने वामपन्थी राजनीतिमा संलग्न भएकाले यिनीमाथि पिताजीले असन्तोष व्यक्त गर्ने हुनाले आफ्ना परिवारका साथ पिताजीबाट टाढै बस्दथे । पछि २०२१ सालमा यिनको परिवार औपचारिक तवरले नै छुट्टिएको पाइन्छ । सम्भ्रान्तवर्गमा जन्मेका दीक्षित जीवनको आरोह अवरोहसँगै सफल जीवन बिताउँदै छन् ।

### २.१.५ रुचि र स्वभाव

मदनमणि दीक्षितको स्वभाव निडर, हक्की र मिजासयुक्त रहेको छ । यिनमा अध्ययनशीलता र उन्नत स्तरको सौन्दर्य चेतना रहेको छ । उनी नारीप्रति सकारात्मक विचारधारा भएका व्यक्ति हुन् । नारी मुक्तिको लागि उनी सधैं चिन्तित छन् । माता, पत्नी र बहिनी मात्र होइन नारीका हरेक रूपप्रति उनको समान आधार र सद्भाव देखिन्छ । नारी शिक्षाप्रति यिनी सजक छन् । शिक्षाविना विकास असम्भव छ भन्ने उनको ठहर छ । उनलाई आफ्नो परिवारबाट नै नारी शिक्षाको गहिरो भाव पलाएको हो । दीक्षितका पिता समाजमा बुद्धिजीवि र जमिनदार हुँदै पनि आफ्नो छोराहरूलाई शिक्षाको उज्यालो घामबाट बञ्चित गराए । पिताको यस्तो अस्वाभाविक व्यवहारले पनि दीक्षितलाई बढी प्रभावित पारेको देखिन्छ । यी कुराहरूले यिनी मानवताप्रति संवेदनशील छन् भन्ने जनाउँछ । वस्तुतः यिनको रुचि पनि यिनका आफ्नो रचनाका माध्यमबाट मानवताको स्थापना गर्नु नै रहेको पाइन्छ ।

सानै अवस्थादेखि नै दीक्षित भ्रमण प्रिय देखिन्छन् । आफ्नो बाल्यकालदेखि नै काठमाण्डौ विभिन्न ठाउँहरूमा भम्रण लगायत वीरगञ्ज भारतका पनि महत्वपूर्ण स्थानमा भम्रण गरेका थिए । आफ्नो अध्ययनको क्रममा यिनको धेरैजसो समय भारतको बनारसमा बिताए । त्यसपछि राजनीतिक जीवनको क्रममा देशका विभिन्न ठाउँमा भम्रण गरेको पाइन्छ । दीक्षित साहित्यमा रुचि राख्ने व्यक्ति भएकाले साहित्यिक सम्मेलनका क्रममा भारत तथा अमेरिकाको भ्रमण गरेका छन् । यसका अतिरिक्त दीक्षित युरोपका केही मुलुक, सोभियत सङ्घ, उत्तर अफ्रिका र एसियाका अरब साथै हङकङ, सिङ्गापुर, थाइल्यान्ड आदि देशहरूको भ्रमण गरेको छन् ।

### २.१.६ प्रेरणा र स्वभाव

दीक्षितको पारिवारिक वातावरण शिक्षित रहेकाले यिनी सानैदेखि आफ्नो आमा बाबुको सङ्गतले यिनलाई साहित्यतर्फ उन्मुख गराएको थियो । विशेषतः यिनले आफ्नी आमाको प्रेरणाबाट साहित्यमा लाग्ने अवसर मिलेको थियो । यिनकी आमा धार्मिक भावनामा विश्वास राख्ने हुनाले हरेक दिन आफ्नो घरमा आरती पुजा तथा गीता पाठ गर्नुहुन्थ्यो । आमा आफ्नो छोरो पढेर असल मान्छे बनेर देशको र परिवारको सहयोग गरोस् भन्ने चाहनुहुन्थ्यो । माताले यिनलाई जीवनदर्शनका विभिन्न कुरा सुनाउनुहुन्थ्यो । गीता महत्वलाई अंशका सार यो भनेर बुझाउनुहुन्थ्यो । आमाको बारम्बारको यही प्रयासबाट उनलाई ठुलो प्रेरणा मिलेको पाइन्छ तर उनका बाबु आफ्ना छोरो धनी मान्छे बनेर आफ्नो पारिवारिक खानदानलाई अझ राम्रो बनाओस् भन्ने चाहना राख्दथे ।

दीक्षितमा सानैदेखि संस्कृत भाषाको मोहका कारण संस्कृत भाषामा रहेको विहत् कृतिको अध्ययन गरेका थिए । यिनको साहित्यिक लेखनको दार्शनिकता भने वैदिक र पौराणिक समाजबाट प्रेरित छ । दीक्षितको साहित्य लेखनमा प्रभाव पनि अन्य कारक तत्वहरू मानवीय मूल्य र अर्थ पनि हुन । यहीबाट उनी बढी प्रभावित भएको पाइन्छ । दीक्षित नेपाली लेखकहरूमा बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट विशेष रूपमा प्रभावित रहेका छन । यस्तै अन्तर्राष्ट्रिय लेखकहरूमा लियो टल्सटाय, मिसल मार्गरेट, कृष्णचन्द्र, शरदचन्द्र, आदि महत्वपूर्ण छन् । यी लेखकका लेखकीय प्रभावले केही हदसम्म प्रभावित बनेका छन् । दीक्षित भारतीय विद्वान्हरूबाट प्राचीन भारतीय संस्कृति र इतिहासबाट पनि यिनले प्रशस्त

ज्ञान हासिल गरेको पाइन्छ । यिनी मार्क्सवादमा विश्वास राख्ने व्यक्ति थिए । यसैले मार्क्सद्वारा प्रतिवादित द्वन्द्वात्मक भौतिकवाद र वैज्ञानिक समाजवादको अध्ययन पनि मुख्य थियो । उनी वैज्ञानिक भौतिकवादलाई आफ्नो जीवनको दर्शन मान्दछन् । दीक्षित यिनीहरूबाट नै आफ्नो लेखकीय कलालाई अगाडि बढी सिकेको कुरा स्वीकार गर्दछ । मुख्य रूपले यिनको साहित्यिक मूल्य र मान्यता भनेको मानवतावादको स्थापना गर्ने नै मुख्य रहेको पाइन्छ । दीक्षितले आफ्ना कृतिहरूमा सामाजिक मूल्य र मान्यता एवम् नेपाली संस्कृतिलाई मुख्य स्थान दिएको देखिन्छ ।

## २.२ मदनमणि दीक्षितको व्यक्तित्व

मदनमणि दीक्षित नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी व्यक्तिका रूपमा परिचित छन् । उनले नेपाली साहित्यका विविध फाँटमा आफ्नो कलमलाई सशक्त रूपमा अगाडि बढाएको पाइन्छ । दीक्षित नेपाली साहित्यमा मात्र व्यान पत्रकारिता तथा शिक्षक पेसामा संलग्न आफूलाई समाहित गरेका छन् । दीक्षितले नेपाली साहित्यका विविध क्षेत्रमा आफ्नो लेखकीय कला प्रदर्शन गर्ने गरेका छन् । यिनै विभिन्न व्यक्तित्वलाई यहाँ अलग अलग शीर्षकका रूपमा प्रस्ट पार्न खोजिएको छ ।

### २.२.१ शिक्षक व्यक्तित्व

मदनमणि दीक्षितको विभिन्न व्यक्तित्वको चर्चा गर्ने क्रममा उनको शिक्षक व्यक्तित्व पनि सम्झनुपर्ने हुन्छ । आफ्नो जीवनको महत्वपूर्ण समय शिक्षक पेसामा पनि व्यतीत गरेका हुन् । यिनले २००४ देखि २००६ सालसम्म वीरगञ्जको त्रियुगा हाइस्कुलमा प्रधान अध्यापक भई शिक्षण पेसामा आफ्नो समय व्यतीत गरेका थिए । त्यसैले पनि यिनलाई मास्टरसाहेबका रूपमा पनि चिनिन्छ, *(स्रोत, रेग्मी, कमलराज : २०६६), मदनमणि दीक्षितको लेखनधर्मिता पाल्पा : वाङ्मय प्रतिष्ठान) ।*

### २.२.२ राजनीतिक व्यक्तित्व

दीक्षित राजनीतिमा चासो एवम् रुचि राख्ने व्यक्ति हुन् । कार्ल माक्सद्वारा प्रतिपादित गरेको द्वन्द्वात्मक भौतिकवादी दर्शनबाट प्रेरित देखिन्छन् । तत्कालीन समयमा नेपालमा

राणाहरूको हुकुमी शासन प्रणालीबाट देशको शासन व्यवस्था कायम थियो । राणाहरूको बर्बर दमन र उत्पीडन डुबेको देशलाई मुक्त गर्नुपर्दछ भन्ने मनसाय बोकेर २००६ सालमा यिनी राजनीतिमा सकृय भएका थिए । राणा शासनको अन्त्यका लागि २००७ सालमा चलेका मुक्ति सङ्घर्षका कमान्डर मातृकाप्रसाद कोइरालाले गोरखपुरमा हतियार राखेर सशस्त्र कार्बाही रोक्न आदेश दिए । दीक्षित सानैदेखि मार्क्सवादमा विश्वास राख्ने व्यक्ति भएकाले कम्युनिस्ट पार्टीसँग नजिकिन पुगेको देखिन्छ । नेपाल कम्युनिस्ट पार्टीसँग यिनको सम्बन्ध वीरगञ्जमा बढ्यो । वीरगञ्जमा नेपाल प्रजा परिषद्को शाखा खोलेर त्यसैको झन्डामुनि बसी कम्युनिस्ट पार्टीको सदस्य रूपमा सङ्गठनको काम सुरु गरे । दीक्षितले २००८ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएदेखि बढी राजनीतिक सक्रिय बनेका थिए । उनी राजनीतिक जीवनमा मानवीय मूल्य र आदर्शमा बढी प्रभावित थिए । उनका राजनीतिक जीवनका कारक तत्व नै मानवीय मूल्य र अर्थ भएकाले २००७ सालदेखि राजनीतिप्रति आकर्षित भएका थिए । उनले सन् १९५० देखि १९८४ सम्म वामपन्थी राजनीतिमा बढी सक्रिय भएको पाइन्छ । करिब चौतिस वर्ष जति नेपालको वामपन्थी आन्दोलनमा सहयोग गरेको थिए । दीक्षित मार्क्सवादमा विश्वास राख्ने व्यक्ति भएकाले उनी सधैं आफ्नो सिद्धान्तलाई व्यवहारमा उतार्न समर्पित थिए तापनि तत्कालीन समय परिवेश राजनीतिक दाउपेच जस्ता विविध कारणले गर्दा विद्यमान अवस्थामा उनले स्थापना गर्न खोजेको व्यवहारमा लागु हुन सकेन । यिनले मार्क्सवादबाट जे सिके, त्यो व्यवहारमा लागु नभएको देख्दा कता कता यिनमा राजनीतिक नैराश्यताले छोएको हो कि भन्ने भान परेको छ । आफ्नो सिद्धान्त अर्थात् आफूले चाहेको जस्तो मान्यता स्थापित हुन नसकेको कारण पनि राजनीतिबाट पलायन भएको देखिन्छ । समयको उतार चढावसँगै पार्टीका कार्यकर्ताको कार्यबाट असन्तुष्ट यही २०४२ सालमा पार्टीको साधारण सदस्यबाट पनि राजीनामा दिएका थिए । देशको वामपन्थी राजनीतिकको नेतृत्व रहेको निम्न बुर्जुवा दृष्टिकोणद्वारा सृजित व्यक्तिबारे अवसरबाट र स्वयम् दीक्षितमा रहेको सोही प्रकारको दृष्टिकोणद्वारा विकसित भएको निराशा कुण्ठाको संयुक्त प्रभावको परिणामले दीक्षितलाई बाह्य राजनीतिक क्रम सकृय भइरहन रोकेको माग पनि एक हदसम्म घृणाभाव व्यक्त गर्न गैर-राजनीतिक मानिस हुन बाध्य तुल्याएको मान्न सकिन्छ । जे भए तापनि दीक्षितले आफ्नो रचना मार्फत आशावाद भने निरन्तर प्रवाह गरिरहेको छन् ।

### २.२.३ साहित्यकार व्यक्तित्व

मदनमणि दीक्षित साहित्यमा बहुआयामिक व्यक्तित्व हुन् । उनको साहित्यकार बहुआयमिक व्यक्तित्व हुन् । उनको साहित्यकार व्यक्तित्व विविध विधामा फैलिएको छ । उनको साहित्यिक जीवनको प्रारम्भ १९९८ बाट सुरु भएको देखिन्छ । यतिबेला गीतको पहिलो अध्यायको हिन्दी, अङ्ग्रेजी र संस्कृत शब्दहरू मिसिएको प्यारोडीको अनुवाद गरेका थिए । जुन हालसम्म अप्रकाशित रहेको पाइन्छ । उनको औपचारिक रूपमा प्रकाशित कृति चाहिँ 'आखिर मुस्कान'(२००६) कथा हो । उक्त कथा त्यति बेलाको समीक्षा पत्रिकामा प्रकाशित भएको थियो । सो कथाको कथावस्तु उनको भान्जीको साथीको जीवनबाट लिइएको हो । दीक्षितले यही कथाबाट आफ्नो लेखकीय यात्रा अगाडि लम्किएको देखिन्छ ।

दीक्षितले साहित्यका बारेमा आफ्नै किसिमको दृष्टिकोण राख्ने गर्दछ । उनी भन्दछन्- साहित्य भनेको कहिले विश्व जीवनको र कहिले राष्ट्रिय जीवनको सौन्दर्य चेतनायुक्त सामाजिक, मानवीय व्यवस्थामा आधारित रससिद्ध र लालित्यपूर्ण जीवन प्रकृयाको प्रकृति हो । उनको विचारमा साहित्यका पात्रहरूले समाजको तत्कालीन अवस्थाको प्रतिनिधित्व गरेका हुन्छन् । यथार्थमा उपन्यास त्यो नै हो । त्यसैले उपन्यासले एउटा उपन्यासले सिङ्गो समाजको एउटा काल अवधिलाई प्रतिनिधित्वको रूपमा प्रस्तुत गर्दछ । चरित्र प्रधान कृतिले मानवको गरिमा, श्रेष्ठता, सृजनशीलता र अमिव रूपलाई आफ्नो ध्यानमा राख्नुपर्दछ । साहित्यिक लेखनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वको लेखनबाट शिल्प सिकेको बताउने वरिष्ठ साहित्यकार दीक्षित नेपाली साहित्यमा नेपाली मूल्य र मान्यताले स्थान पाओस् भन्ने मान्यता राख्दछन् । दीक्षित मार्क्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवादबाट प्रेरित दीक्षित निरन्तर विश्वास गर्ने र वास्तविक सफलता प्राप्त गर्ने विश्वास राख्दछन् । साहित्यमा दीक्षितका विविध विधाका कृतिहरूले बहु-आयामिक व्यक्तित्व झल्काएका छन्, जुन तल उल्लेख्य छ :

### २.२.४ पत्रकार व्यक्तित्व

मदनमणि दीक्षितले पत्रकारिताको क्षेत्रमा लामो समय कलम चलाएका छन् । यसर्थ, उनको पत्रकारको व्यक्तित्व पनि निकै प्रखर रूपमा देखिन्छ । पत्रकारिता क्षेत्रमा काम गर्ने क्रममा २०१४ साल चैतदेखि दैनिक पत्रिकाको प्रधान सम्पादकको रूपमा काम गरेको पाइन्छ ।

यस पत्रिकामा दीक्षितले २०१६ साल पुससम्म काम गरेको थिए । त्यसपछि पत्रकारिताका माध्यमबाट उनले अझै आफ्नो बौद्धिक विकास गर्ने अवसर प्राप्त गरे । दीक्षितको लामो समयसम्म साहित्य क्षेत्रमा काम गरेको हुनाले उनमा परिकल्पना र आत्मविश्वास पलाइसकेको थियो । यिनी अत्यन्त निडर र निर्भिक व्यक्ति थिए । दीक्षित कामको सिलसिलामा पत्रिकाका सञ्चालनसँग मनमुटाव भएर उनले पत्रिकामा काम छोडे । २०१६ सालदेखि दीक्षितले आफ्नै निजी प्रयासमा साप्ताहिक 'समीक्षा'को आरम्भ गरे । यस साप्ताहिकमा दीक्षित लामो समय सम्म सकृय भएको पाइन्छ । समीक्षामा यिनले २०१६ देखि २०४६ सम्म प्रकाशक तथा सम्पादक क्षेत्रबाट काम गरेका थिए । दीक्षित अहिले यस क्षेत्रबाट पृथक रहेका देखिन्छन् । बहुआयामिक व्यक्तित्वका धनी मदनमणि दीक्षितले २०१६ सालदेखि २०४८ सालसम्म समीक्षा साप्ताहिकको सम्पादकको रूपमा आफ्नो व्यक्तित्वलाई अझ उच्च राख्ने प्रयास गरे । दीक्षित कतिपय अवस्थामा फिल्डमा आफैँ गएर वास्तविक तस्बिरलाई जस्ताको तस्तै आफ्नो क्यामेरामा कैद गर्न पुगे । सन् १९२९ देखि सन १९३९ सालसम्म तस्बिर खिच्न काम गरे झैँ दीक्षितको अर्को महत्वपूर्ण पक्ष छाया पत्रकारिता तथा फोटोग्राफर हो । दीक्षितले लामो समयसम्म फोटोग्राफरको रूपमा काम गरेको हुनाले उनको उपन्यासमा छाया पत्रकारिताको प्रभाव उनको उपन्यासमा लेखनमा पनि देखिन्छ ।

### २.२.५ दार्शनिक व्यक्तित्व

मदनमणि दीक्षितले संस्कृत साहित्य लगायत विश्व साहित्यका बृहत् दर्शन अध्येता थिए । उनी एक दार्शनिक चिन्तन बोकेको व्यक्तित्व हुन् । वाणारासी हिन्दु विश्व विद्यालयबाट हिन्दु दर्शनशास्त्र र धर्म विषयमा स्नाकोत्तर तहसम्म शिक्षा हासिल गर्न सक्षम भएको पाइन्छ । दीक्षित दार्शनिकता साहित्यको हरेक विधामा सक्षम ढङ्गले देखा परेका छन् । दीक्षित पूर्वीय दर्शनका ज्ञाता भएकाले उनको दर्शन र चिन्तन वैदिक पौराणिक समाजबाट प्रेरित भएको पाइन्छ । उनका प्रायःजसो साहित्यिक कृतिमा वैदिककालीन साहित्यको प्रभाव परेको देखिन्छ । दीक्षित भारतका प्रकाण्ड विद्वान्हरूको सङ्गतबाट पूर्वीय वैदिककालीन भारतीय संस्कृति र इतिहासको आफ्नो ज्ञान जिज्ञासा मेटाएका थिए । दीक्षित आफ्ना दर्शन र चिन्तनको प्रेरकतत्व यिनै स्वभाव ठान्दछन् । दीक्षितले कति हिन्दु विश्वविद्यालयमा भारतीय दर्शन र धर्मशास्त्रमा

स्नाकोत्तर अध्ययनले गर्दा पनि दार्शनिक ज्ञानको धरातल बढेको हो । उनका दार्शनिक चिन्तनले भरिएका पुस्तकहरू ‘अमृत तत्व’ र ‘कारुणिकता’(२०५३) ‘हाम्रा प्राचीन नारीहरूको परिचय’ आदि प्रमुख मानिन्छ ।

### २.२.६ उपकुलपति व्यक्तित्व

मदनमणि दीक्षित नेपाली साहित्यका साधक तथा चिन्तनशील व्यक्तित्व नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति रूपमा रहेर लामो समय निरन्तर सकृय भई काम गरेका छन् । दीक्षितले २०५१ वैशाखदेखि २०५५ सालसम्म उपकुलपतिको गरिमामय पद समाल्न पुगे ।

## २.३ मान सम्मान तथा पुरस्कार

मदनमणि दीक्षितले आफ्नो साहित्यिक जीवनमा नेपाली साहित्यको विकासका लागि विभिन्न विधामा कलम चलाएर साहित्यको भण्डारलाई अझ समृद्ध बनाउन सहयोग पुऱ्याएका कारण आफ्नो जीवनमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्मान तथा पुरस्कारहरूबारे प्रस्ट तल प्रस्तुत गरिएको छ ।

शुभराज्यभिषेक पदक (२०३१), मदन पुरस्कार (२०४०) समाजसेवा संस्था छिमेकी समाजको सम्मान-पत्र (२०४८), गोरखा दक्षिण बाहु तृतीय (२०५०), देवकोटा स्मृतिसभा कलैया, अभिनन्दन पत्र (२०५०), नेपाल साहित्य गुठी सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार (२०५०), गोरखा दक्षिण बाहु द्वितीय (२०५२), लेखनाथ साहित्य प्रतिष्ठान, नेपाल सम्मान-पत्र (२०५५), ग्रन्थ प्रकाशन सम्मान-पत्र (२०५७), निर्माण प्रकाशन (सिक्किम) सम्मान (२०५६), नेपाल पत्रकार महासङ्घ, सम्मान-पत्र (२०५७), आदिकवि भानुभक्त पुरस्कार (२०५७), साहित्यिक पत्रकार सङ्घ, ‘अभिनन्दन पत्र’ (२०५८), रौतहट टाइम, राष्ट्रिय साप्ताहिक, सम्मान-पत्र (२०५८), कला साहित्य समाज सेवा, ‘अभिनन्दन पत्र’ (२०५८), पहलमानसिंह स्वाँर स्मृति प्रतिष्ठान, सम्मान-पत्र (२०५९), प्रहरी प्रधान कार्यलय, प्रशंसा पत्र (२०६०) प्रेस काउन्सिल नेपाल, गोपालदास पत्रकारिता पुरस्कार (२००६०), बसुन्धरा प्रज्ञा प्रतिष्ठान, सम्मान-पत्र (०६१), भूपालमान सिंह कार्की पुरस्कार (२०६१), सुदुर पश्चिमाञ्चल मञ्च, सम्मान-पत्र (२०६२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६२), अक्सर्फोर्ड इन्टरनेसनल पब्लिकेसन, अभिनन्दन पत्र (२०६३),

मदन पुरस्कार पुस्तकालय, गुणानुवाद पत्र (२०६४), उत्तम कुँवर स्मारक पुरस्कार गुठी, सम्मानपत्र (२०६५), भद्रकुमारी घले, शोभा सदन, अभिनन्दन पत्र (२०६५), पेन नेपाल सम्मान-पत्र (२०६५), महाकवि देवकोटा शताब्दी सम्मान (२०६६), नेपाली कला साहित्य प्रतिष्ठान, राष्ट्रिय कलाश्री सम्मान (२०६६), सम्पादक समाज नेपाल, कदर पत्र (२०६७), चेतनाथ देवकोटा स्मृति प्रतिष्ठान, सम्मान-पत्र (२०६७), होमल्यान्ड अर्न्तराष्ट्रिय विश्वविद्यालय, अभिनन्दनपत्र (२०६७), डण्डपाणि अर्ज्याल स्मिृति पुरस्कार (२०६७), शङ्कर कोइराला स्मृति पुरस्कार (२०६७), नेपाल शिक्षा परिषद सम्मान-पत्र (२०६८), अवाला ब्रह्मचारी षडानन्द प्रतिष्ठान, सम्मान-पत्र (२०६८), भद्रकुमारी घले अग्रज अभिन्नदन सम्मान-पत्र (२०६८), खगेन्द्र नवजीवन केन्द्र, सम्मान (२०६८) महाकवि देवकोटा पुरस्कार (२०६८), शब्दयात्रा प्रकाशन काभ्रे सम्मान (२०६८), खनुरुदी नई पुरस्कार तथा सम्मान (२०६९), मार्सल स्कुल भानुभक्त सम्मान (२०६९), बुस्ट मिडिया सम्मान (२०६९), सङ्कल्प नेपाल सम्मान (२०६९), जीवा लामिछानेद्वारा पद्मा श्री साधना पुरस्कार (२०६९) टङ्कप्रसाद आचार्य स्मृति प्रतिष्ठान सम्मान (२०६९) र लेखनाथ साहित्य प्रतिष्ठान, नेपाल सम्मान तथा पुरस्कार (२०६९) ।

## २.४ मदनमणि दीक्षितका औपन्यासिक प्रवृत्ति

मदनमणि दीक्षित बहुआयामिक व्यक्तित्वका धनी नेपाली औपन्यासिक क्षेत्रमा २०३९ सालमा माधवी उपन्यासको प्रकाशनबाट उदाएका व्यक्ति हुन् । दीक्षितले नेपाली औपन्यासिक क्षेत्रमा आजसम्म जम्मा चारवटा उपन्यासहरू प्रकाशनमा ल्याएको देखिन्छ । यी चारै उपन्यासमा नारी वर्गको चरित्रलाई प्रमुख तथा आदर्श पात्रको रूपमा प्रस्तुत गरिएको पाइन्छ । उनका उपन्यासमा मनोवैज्ञानिक पक्ष र दार्शनिक पक्षको सशक्त ढङ्गले विश्लेषण गरेको देखिन्छ । वैदिककालीन समय उत्तरवैदिककालीन वा महाभारतीय समाजका वास्तविक यथार्थ या तत्कालीन नेपाली समाज नै किन नहोस् । दीक्षितका अनैपन्यासिक कृतिहरूमा संस्कृति संस्कार तथा समाजका वास्तविक यथार्थको धरातलमा रहेका पाउन सकिन्छ । दीक्षितले जुनसुकै सामाजिक धरातलमा उभिएर उपन्यासको सिर्जना गरे पनि बौद्धिक, दार्शनिक तथा आध्यात्मिक चेतना सशक्त बनाउने गर्दछन् । उनका औपन्यासिक प्रवृत्तिलाई निम्न अनुसार देखाइएको छ ।

### २.४.१ नारी प्रधानता

मदनमणि दीक्षितका उपन्यासहरू नारी प्रधान छन् । उनका हरेक उपन्यासमा नारीलाई कुनै न कुनै रूपमा महत्वपूर्ण पात्रको रूपमा उभ्याएको छ । यसका अतिरिक्त यिनै नारीका स्वरहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ । दीक्षितका तीनैवटा उपन्यासका शीर्षक नारी पात्रको नामबाट सम्बन्धित भएको थाहा पाउन सकिन्छ । दीक्षितका उपन्यासमा नारी आदर्श र विचार व्यवहारलाई समेट्दै ती नारी पात्रको त्याग तथा कर्तव्यपरायण आदि रूपमा मूल्यप्रति पाठकको ध्यान केन्द्रित गर्न सफल देखिन्छन् । उनका उपन्यासमा नारीको विविध पक्षलाई विश्लेषण गरिएको पाइन्छ । उनका उपन्यासमा विभिन्न समयका उत्तम नारीहरू जो त्यहाँका कला साहित्यका क्षेत्रमा प्रतिनिधि बनेका छन् । त्यस्ता नारीहरूलाई उनले आफ्ना उपन्यासमा नारी पात्रको रूपमा समावेश गरी विविध सामाजिक पाटाहरू केलाउने काम गरेका छन् । दीक्षित आफ्ना उपन्यासमा कतै पुरुषले पनि कारुणिक जीवन बिताउन परेको छ तर यसको तुलनामा नारी पात्रले बढी कारुणिक जीवन र पीडादायी जीवन भोल्न परेको छ । उनले नारीको कारुणिक पक्षको चित्रण गरेका छन् भने कतै कतै उच्च आदर्शको चित्रण गर्न सफल भएका छन् । नारीको व्यक्तित्व चरित्र र प्रशंसा नारी आदर्शका कुराहरू उनका उपन्यासमा पाइन्छ । माधवी उपन्यासको माधवी प्रमुख नायिका हुन् । यसैगरी '**त्रिदेवी**'का तीन नारी आधुनिक युगका संवाहकको रूपमा उभ्याउन सफल देखिन्छन् ।

### २.४.२ प्रकृतिको यथार्थ र सुन्दर चित्रण

उपन्यासमा मदनमणि दीक्षित आफ्ना उपन्यास सुन्दर प्राकृतिक परिवेशको चित्रण गर्न रुचाउँछन् । उनको माधवी उपन्यासमा उत्तरवैदिककालीन भारतवर्षको सुन्दर चित्रण गरिएको पाइन्छ । यस उपन्यासमा प्राकृतिक मानव सभ्यताको साथै आदिम प्राकृतिको यथार्थ र सुन्दर चित्रण गरेको पाइन्छ । उनका उपन्यासमा नदीको तटको जङ्गल साथै मानववस्ती शान्त नदीको छालमा सुन्दर पहाड हिमाल ठुलाठुला फाँट आदिको यथार्थ र सुन्दर चित्रण गरिएको छ । उपन्यासमा छाया पनि वादल हुरी, बतास र भमभम वर्षात्को जीवन्त चित्रण छ । माधवी र गालवको लामो यात्राको क्रममा चाहिएको जल तथा थलको यथार्थ र सुन्दर चित्रणले उपन्यासलाई जिवन्त बनाएको पाइन्छ । उपन्यासमा प्रकृतिको चित्रणबाटै तत्कालीन मानव

सभ्यताको चित्रण गरिएको छ । स-साना जङ्गली वस्तीको चित्रण उपन्यासको परिवेशको चित्रणमा यथार्थ पाइन्छ । यही यथार्थभित्र सुन्दर प्राकृतिक छाया पाउन सकिन्छ । प्रकृतिको यथार्थ र सुन्दर चित्रणका दृष्टिले दीक्षितको माधवी उपन्यास बेजोड नै मानिन्छ । उनको '**त्रिदेवी**' उपन्यास पनि सुन्दर प्रकृतिको चित्रणमा त्यत्तिकै सवल मानिन्छ । त्यस उपन्यासमा तीनै पात्रको पूर्व पश्चिम नेपाल यात्रामा भेटिनेमध्ये नदी नाला काही उपत्यका ग्रामीण तथा पर्वतीय वस्तीको यथार्थ र सुन्दर चित्रण गरिएको छ । यस्तै 'मेरी नीलिमा' उपन्यासमा पनि प्रकृतिको सुन्दर चित्रणले उपन्यासलाई जीवन्त बनाएको छ । समग्रमा प्रकृतिको विविधतामय चित्रणले दीक्षितका उपन्यास जीवन्त प्रकृतिका देखिन्छन् ।

### २.४.३ सामाजिक यथार्थ

मदनमणि दीक्षित काल्पनिक प्रधान उपन्यासकारभन्दा भिन्न समाजको विकास क्रमलाई प्राथमिकताका साथ उपन्यास सिर्जना गर्ने उपन्यासकार हुन् । सामाजिक यथार्थवादी विचारमा तत्कालीन उपन्यासकार दीक्षित अतीतलाई मात्र होइन, वर्तमानको यथार्थ आफ्ना उपन्यासमा चित्रण समेत गरेका छन् । उनका चारैवटा उपन्यासमा समाजका यथार्थ कुराहरूलाई झल्काएका छन् । दीक्षितले आफ्ना उपन्यासमा वैदिक समाजका चाहे अहिलेका प्रजातान्त्रिक समाजका किन नहुन् सबैमा तत्कालीन समाजको यथार्थ चित्रण गर्न सफल भएका छन् । वस्तुतः तत्कालीन समाजका आर्थिक, समाजिक, राजनीतिक, धार्मिक र राजनीतिक विभिन्न यथार्थलाई प्रस्तुत गरेका छन् । '**त्रिदेवी**' उपन्यासमा १९९२ देखि २०४४ सम्मको नेपाली समाजको आर्थिक सामाजिक राजनीतिक यथार्थका साथै नीति यसका विश्व सामाजिक जीवनको सन्दर्भलाई समेत समेट्न खोजिएको छ । नेपाली जीवन जगत्सँग सम्बद्ध मानव जीवनको साथमा पुरै त्यको समयको सान्दर्भिक समुच्चय नै '**त्रिदेवी**' हो । उनको मेरी नीलिमा तथा राष्ट्रिय भावनाले ओतप्रोत भएका समाजवादी यथार्थवादी उपन्यासकार हुन् । यसैगरी माधवी उपन्यासमा द्वन्द्वात्मक भौतिकवाद र वर्ग सङ्घर्षका कुरा पाइन्छ । यसमा दासको र मालिकको बीचको सङ्घर्षपछि स्थापित वैष्णव समाजवादी समाजको स्थापनाको परिकल्पना गरिएको छ ।

### २.४.४ ऐतिहासिकता

उपन्यासकार मदनमणि दीक्षित ऐतिहासिक विषयलाई मुख्य आधार बनाई ऐतिहासिक सामाजिक सत्य तथ्यलाई उपन्यासमा समावेश गरिएको हुन्छ । उनले ऐतिहासिक बिन्दुलाई खोज्दै जाँदा उनका उपन्यासमा प्राचीनतम् गाथाहरू उत्तर वैदिककालीन समुदायमा प्रचलित गाथाहरू वैदिककालीन इतिहासको चुरो भेट्टाउन सकिन्छ । दीक्षितको भूमिसूक्तमा मानव सभ्यताको आरम्भदेखिको समस्यालाई उजागर गरेको पाइन्छ । यसैगरी '**त्रिदेवी**' उपन्यासमा राणाकालीन समय र प्रजातन्त्रपछिका अनि पञ्चायतकालीन समयलाई देखाउनका अतिरिक्त २०३६ सालको जनमत सङ्ग्रह बालिग मताधिकार बहुदलीय जनवादको घोषणासम्मको ऐतिहासिकतालाई औपन्यासिकता प्रदान गरेको पाइन्छ । उपन्यासमा भूत, वर्तमान र भविष्यको त्रिकालीन सन्दर्भ समेटिएको पाइन्छ ।

### २.४.५ मानवतावाद

उपन्यासकार मदनमणि दीक्षित आफ्ना उपन्यास लेखन मार्फत मानवीय शाश्वत् सत्यको उद्घाटन गर्ने प्रवृत्तिका देखिन्छ । उनी उपन्यासमा बहुल पात्रपात्रालाई प्रवेश गराई ती पात्रहरूका जीवनका उच्च उदात्त र शाश्वत् पक्षलाई विशेष जोड दिन रुचाउँछन् । विशेष गरेर दीक्षित नारी पात्रका माध्यमबाट नेपाली समाजका नारीहरूले भोग्नुपरेको यथार्थवादी कुरालाई विशेष जोड दिएकाले उनलाई मानवतावादी उपन्यासकारको रूपमा स्पष्ट सम्बोधन गर्न सकिन्छ । उनका उपन्यासमा मानवीय मूल्य मान्यता अधिकारका साथै कर्तव्यबोधको उद्घोष गरिएको छ ।

### २.४.६ महाकाव्यात्मकता

आधुनिक उपन्यासले प्राचीन महाकाव्यको स्थान लिएको छ भन्ने समालोचकहरूको मत छ । मदनमणि दीक्षितका उपन्यासले महाकाव्यको उचाइलाई छुन सफल भएको छ । उनले नेपाली उपन्यास जगत्मा महाकाव्यताको उचाइ बोकेको एक मात्र उपन्यास माधवीको सृजना गरेर उपन्यास क्षेत्रमा ठुलो योगदान पुऱ्याएका छन् । माधवी उपन्यास बृहत् काम भएको उपन्यास हो । यसमा उत्तर वैदिककालीन समाजको सिङ्गो पाटालाई व्यक्त गरिएको छ । यसमा

प्रागैतिहासिक सिङ्गो सभ्यता अटाएको छ । इतिहासको बृहत् पाटो ओगटेको हुनाले यस उपन्यासले महाकाव्यात्मक उचाइ पाउने गरेको छ । यसमा प्रयुक्त काव्यात्मक भाषाले त्यसमा सम्भन बल पुऱ्याएको देखिन्छ । उनको माधवी उपन्यास ६०७ पृष्ठ र '**त्रिदेवी**' उपन्यास ३१७ पृष्ठ हुने महाकाव्यात्मक आयाम हो । माधवी उपन्यासमा उत्तर-वैदिककालीन सिङ्गो युगको वर्णन छ । यसमा प्रसिद्ध कथावस्तुको समावेश गरिएको छ । पात्रको बहुलता महान् पात्रको महागाथा चित्रणले यस उपन्यासलाई महाकाव्यको उचाइमा पुग्न बल पुऱ्याएको देखिन्छ ।

### २.४.७ राजनीतिक विकृति विसङ्गतिप्रति विरोध

मदनमणि दीक्षितले उपन्यासमा नेपाली समाजमा हुने वा देखिने गरेका विविध पक्षलाई केलाउने सन्दर्भमा राजनीतिक विकृति विसङ्गतिप्रति पनि बडो कलात्मक ढङ्गले व्यङ्ग्य प्रहार गरिएको पाइन्छ, जस अन्तर्गत '**त्रिदेवी**'मा राणाकालीन समयको प्रजातन्त्र र कम्युनिस्टका नाममा देखिएको खराब प्रकृतिका साथै जनतालाई समयपछि बेवास्ता गर्दै भ्रष्टाचार गर्ने नेताहरूप्रति व्यङ्ग्य गर्नुको साथै तिनीहरूले देशलाई विकृति र विकराल स्थितिबाट कसरी धकेलिएको छ भन्ने कुरालाई आफ्ना उपन्यासमा व्यक्त गरेको पाइन्छ ।

### २.४.८ मिथकको प्रयोग

मदनमणि दीक्षित आफ्ना सबै उपन्यासमा मिथकको प्रयोग गरेको पाइन्छ । उनका सबै उपन्यासलाई अध्ययन गरेर आधुनिक साहित्यमा पनि मिथकीयताको स्पर्श गर्न सकिन्छ । विभिन्न मिथकका प्रसङ्गले उनका उपन्यासमा ठाउँ पाएका हुन्छन् । दीक्षितका माधवी, '**त्रिदेवी**', भूमिसूक्तमा प्रशस्त धार्मिक पौराणिक मिथकको प्रयोग गरिएको छ । यस्ता मिथकीय तत्वका प्रयोगबाट उपन्यासमा मानव जीवन र मृत्युबारे मानवीय दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । '**त्रिदेवी**' उपन्यासमा यसको प्रयोग मूलतः अन्तिम अवस्थामा गरिएको छ ।

### २.४.९ आध्यामिकता

मदनमणि दीक्षितका सबैजसो उपन्यास आध्यात्मिक चिन्तनबाट बढी प्रभावित भई अगाडि बढेको पाइन्छ । विशेष माधवी '**त्रिदेवी**', मेरी नीलिमा सबै उपन्यासमा आध्यात्मिकताको

प्रभाव पाइन्छ । '**त्रिदेवी**' उपन्यास यसको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । '**त्रिदेवी**' उपन्यास आध्यात्मिक चिन्तनले भरिएको छ । मानिसले आफ्नो जीवन जिउन मानव निम्ति केही कुरा अवश्य नै गर्नुपर्दछ भन्ने आध्यात्मिक विचार '**त्रिदेवी**'मा प्रकट भएको छ । '**त्रिदेवी**' उपन्यासको पात्र स्मिताले आफूबाट कसैलाई दुःख दिन नपरोस् भन्ने आशय व्यक्त गरेकी छन् । हाम्रो समाजमा कता, कोलाहल फिजाउने तथा लोकाचार बुझाउन गरिने अर्थहीन कार्यलाई '**त्रिदेवी**' उपन्यासमा निषेध गरिएको छ । जो गर्नु छ जीवनमा गर, मृत्यु पश्चात इच्छा गर्नु भनेको जीवनलाई नबुझ्नु हो भन्ने गहन आध्यात्मिक चिन्तन '**त्रिदेवी**' उपन्यासमा व्यक्त भएको छ ।

### २.४.१० दार्शनिकता

उपन्यासकार मदनमणि दीक्षितको विभिन्न उपन्यासको अध्ययनबाट उनी एक दार्शनिक उपन्यासकार हुन् भन्ने कुराको पुष्टि गर्दछ । उनका विभिन्न उपन्यासको अध्ययनले उनलाई बौद्धिक उपन्यासकारको रूपमा चिनाएका छन् । दीक्षितद्वारा लिखित माधवीमा सशक्त रूपमा बौद्धिक अङ्गहरू बाह्मण, ग्रन्थ आरण्य, उपनिषद्, महाभारत, रामायण जस्ता ग्रन्थहरूमा प्रयुक्त जीवनदर्शन तथा चिन्तन समेटिएको छ । उनका उपन्यासमा भाषाको प्रयोग अत्यन्त जटिल बनेकाले उनका कृति समान्य पाठकले राम्रोसँग बुझ्न सक्दैनन् । उनको धेरैजसो उपन्यास बौद्धिक दर्शन र चिन्ताको रापले सेकिएका छन् । आफ्ना उपन्यासमा धर्म, ज्ञान, विज्ञान आदिको सम्मिश्रण गर्न उनको महत्वपूर्ण औपन्यासिक प्रवृत्ति ठहरिन्छ । माधवीमा उत्तर वैदिककालीन समयको जिउँदो इतिहासलाई देखाउने प्रयास गरिएको छ । यस उपन्यासमा तत्कालीन समयको सामाजिक अवस्थालाई यथार्थ चित्रण समेत गरिएको छ । यसैगरी, त्रिवेदी उपन्यासमा आध्यात्मिक दर्शनको प्रयोग गर्न मानव कल्याण र राष्ट्र निर्माणमा जुट्न आह्वान गरिएको छ । उनका सबै उपन्यासमा प्रशस्त दार्शनिक चिन्तनहरू देखा परेका छन् । दीक्षित भौतिकवादमा विश्वास राख्ने हुनाले मार्क्सद्वारा प्रतिपादित भौतिकवाद चिन्तनबाट प्रभावित रहेका छन् । कार्ल माक्सको द्वन्द्वात्मक भौतिकवाद र वैज्ञानिक समाजवादको प्रभाव उनका उपन्यासहरूमा प्रवृत्ति बनेर आएका छन् ।

### २.४.११ नवीन शिल्प

मदनमणि दीक्षित आधुनिक उपन्यासमा परम्परामा नवीन शैली र शिल्पका उपन्यास लेख्ने उपन्यासकार हुन् । उनका त्रिवेदी र माधवी उपन्यासमा पूर्वदीप्ति शैलीमा प्रस्तुत भएका छन् । यी दुवै उपन्यासलाई वर्णनात्मक शैलीमा समेट्न सकिन्छ । यी उपन्यासमा संवादको प्रयोग पनि पात्र र परिवेश सुहाउँदा छन् । मौलिक शैलीमा प्रस्तुत हुन उपन्यासकार दीक्षितको औपन्यासिक वैशिष्ट्य हो । संस्कृत सुक्तिका साथै परिवेश अनुसारको भाषिक प्रयोगले उपन्यासलाई विस्तार बनाएको छ । उनको मेरी नीलिमा उपन्यास परम्परा भिन्न शैलीमा लेखिएको छ । समग्रमा दीक्षित नवीन शैली र शिल्पका उपन्यास लेख्ने उपन्यासकार हुन् ।

### २.४.१२ भाषिक विशिष्टता

मदनमणि दीक्षितका सबै उपन्यासमा भाषिक विशिष्टतालाई नियाल्न सकिन्छ । दीक्षितका उपन्यासलाई भाषागत दृष्टिले हेर्दा उनका उपन्यासहरू विशिष्ट भाषाले सजिएका छन् । उनले रचना गरेका हरेक उपन्यासमा कलात्मक तथा दार्शनिक भाषाको प्रयोग गरिएको कुरा उपन्यासको गहन अध्यायनबाट थाहा पाउन सकिन्छ । उनमा संस्कृत भाषको मोह बढी भएकाले उपन्यासहरूमा संस्कृत भाषाको प्रयोग बढी गरिएको देख्न सकिन्छ । उनमा दार्शनिकताको गुण बढी भएकाले उनले वाक्यात्मक दृष्टिले सरल संयुक्त र मिश्र वाक्य तीनै किसिमका वाक्यहरू प्रयोग गरिएको पाइन्छ । नेपाली झर्रा तथा तद्भव शब्दहरूको प्रयोग कमै भएको पाइन्छ । दीक्षित वर्णनात्मक, विश्लेषणात्मक संवेदात्मक तथा मनोवादात्मक भाषाको प्रयोग गरिएको पाइन्छ । दीक्षितले 'मेरी नीलिमा' उपन्यासमा मनोवादत्मक भाषाको प्रयोग गरेका छन् भने माधवी, '**त्रिदेवी**', भूमिसूक्त जस्ता उपन्यासहरूमा संवेदनात्मक, वर्णनात्मक तथा विश्लेषणात्मक भाषाको प्रयोगले पनि उनमा भाषिक बौद्धिकता उच्च रहेको कुरालाई पुष्टि गर्दछ ।

### २.४.१३ निष्कर्ष

उपन्यासकार मदनमणि दीक्षितको जन्म १९७९ सालमा काठमाडौँको गौरीधारामा भएको हो । मदनमणि दीक्षितले पाँच वर्षको उमेरमा शिक्षारम्भ गरेका हुन र उनले दरबार हाइस्कुलबाट विद्यालयस्तरको पढाइ पुरा गरेका हुन् । भारतको काशी हिन्दु विश्वविद्यालयबाट भारतीय दर्शन र धर्मशास्त्र विषयमा स्नाकोत्तर गर्न सफल बनेका मदनमणि दीक्षित भारत गएर एमए गर्नेमध्ये नवौँ नम्बरमा पर्दछन् । उनले राजनीतिक सामाजिक तथा साहित्य कार्यक्रममा देश तथा विश्वका धेरै मुलुकको भ्रमण गरेका छन् ।

दीक्षित आफ्ना लेखनमा सामाजिक तथा पौराणिक विषयबाट बढी प्रभावित रहेका छन् । उनी मार्क्सवादबाट बढी प्रभावित भएकाले उनले आफ्ना सिर्जनामा द्वन्द्वका कुरालाई बढी उजागर गरेका छन् । दीक्षितले नेपाली साहित्यका विविध विधामा कलम चलाएर पनि हरेक विधामा सफलता प्राप्त गर्न सफल भएका छन् । दीक्षितले नेपाली साहित्यका विविध विधामा कलम चलाएर पनि हरेक विधामा सफलता प्राप्त गर्न सफल भएका छन् । उनी एक बहुमुखी प्रतिभाशाली व्यक्ति हुन । उनी एक सफल राजनीतिक व्यक्ति उनी जीवनका अतिरिक्त राजनीतिक, पत्रकारिता, शिक्षण जस्ता विविध क्षेत्रमा लागेका छन् । बहुमुखी प्रतिभाका धनी दीक्षित एक सफल उपन्यासकार, निबन्धकार, प्रबन्धकार, कथाकार, अनुवादक तथा समालोचकका रूपमा नेपाली साहित्यमा प्रसिद्ध रहेका छन् । उपन्यासकार मदनमणि दीक्षित लामो समयसम्म साहित्यमा साधनारत दीक्षितले आफ्नो जीवनमा थुप्रै मान सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । दीक्षितले हालसम्म चार वटा उपन्यास (माधवी, '**त्रिदेवी**', भूमिसूक्त र मेरी नीलिमा) उपन्यासमा प्रकाशनमा ल्याएका छन् । दीक्षितको माधवी उपन्यासमा उत्तर वैदिककालीन समाजको जिउँदो इतिहास पाइन्छ । यसका अतिरिक्त सबैजसो उपन्यासको भित्री पाटाहरूलाई केलाउँदा अत्यधिक रूपमा बौद्धिक तथा दार्शनिकताको प्रयोग भेट्न सकिएको कुरा नेपाली समालोचकहरूको ठहर रहेको छ । दीक्षितका उपन्यासले तत्कालीन परिवेशको यथार्थको झल्को दिएको आभास पाइन्छ । उनका उपन्यासमा समाज हेर्ने र समाजले भोग्ने गरेका यथार्थको धरातलमा डुबेर नियाल्ने प्रयास गरिएका छन् । सबैजसो उपन्यासमा तत्कालीन समाजका यथार्थ कुराको चरित्र चित्रण गर्ने गरेका देखिन्छ । समाजमा विद्यमान विभिन्न विकृति विसङ्गतिप्रति तीव्र आलोचना गर्न पनि उनको औपन्यासिक विशेषता हो । दीक्षितका उपन्यास

नारी मनोविज्ञान, नारी समस्या, नारी अस्मिता जस्ता विविध विषयको उठान गरिएको छ । उनी एक मानवतावादी चिन्तनका रूपमा पनि पाउन सकिन्छ । दीक्षित एक ऐतिहासिक तथा मानवतावादी चिन्तकका रूपमा पनि लिन सकिन्छ । उनको 'माधवी', '**त्रिदेवी**', 'भूमिसूक्त', 'मेरी नीलिमा' जस्ता उपन्यासमा मनोविज्ञानको प्रयोग भएको कुरालाई नियाल्न सकिन्छ ।

# अध्याय तीन

# 'त्रिदेवी' उपन्यासका मूल प्रवृत्ति

## ३.१ पृष्ठभूमि

मदनमणि दीक्षित नेपाली वाङ्मयमा सुपरिचित नाम हो । नेपाली उपन्यास साहित्यमा माधवीपछि '**त्रिदेवी**' उपन्यास एउटा सशक्त कृतिको रूपमा आएको छ । यो उपन्यास २०५१ सालमा काठमाडौँबाट रत्न पुस्तक भण्डारले प्रकाशन गरेको हो । यसको संरचना ३१७ पृष्ठ रहेको छ । यस उपन्यासमा दार्शनिकता मात्र होइन नारी मनको राम्रो विश्लेषण पनि छ । उपन्यासको केन्द्रीय पात्र नालायनीले आजको युग चेतनाको प्रतिनिधित्व गर्छे भने स्मिताले त्यागी नारीको चरित्रलाई प्रस्टाएकी छन् । उपन्यासको परिवेश राणाकालीन नेपाली समाज भएता पनि उपन्यासले कतिपय समकालीन स्थितिलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा व्यङ्ग्य गर्दछ ।

## ३.२ सामाजिक यथार्थवादी प्रवृत्ति

समाजमा देखा परेका यथार्थ घटनाहरूलाई आत्मसात् गर्नुका साथै स्वैरकल्पना र अतिरञ्जनाबाट मुक्त भई निम्नवर्गीय जीवनका व्यथा र अभावहरूको उद्घाटन गर्ने काम सामाजिक यथार्थवादी कृतिहरूमा हुने गरेको पाइन्छ । समाज र साहित्यलाई सूक्ष्म रूपमा अन्तर सम्बन्धित बनाउने काम सामाजिक यथार्थवादी धारामा हुन्छ, *(बराल, एटम, २०५८)* । इन्द्रीयबाट प्राप्त ज्ञानलाई महत्व दिने र मान्छेलाई मान्छेकै रूपमा चित्रण गर्ने क्रममा निम्नवर्गीय चरित्र र कटु सत्यलाई सामाजिक यथार्थवादलाई प्राथमिकता दिन्छ ।

**'त्रिदेवी'** उपन्यासले नेपाली समाजमा नारीहरूको विविधखाले सामाजिक समस्या तथा नेपालीवासीहरूको आर्थिक समस्यालाई उजागर गरेको छ । यसका साथै नेपालको तत्कालीन समाजको राजनीतिक विकृति तथा विसङ्गतिले पारेको प्रभावलाई जस्ताको तस्तै पस्किएको छ । राजनीतिक विकृतिलाई यसरी उजागर गरेको छ ।

राणाकालीन नेपाली समाजको जिउँदो यथार्थ चित्रण गरिएको छ । तत्कालीन नेपाली समाजमा प्रचलित बालविवाह र बाल्यजीवनमा नै विधवा भएका नेपाली नारीहरूलाई पुनःविवाह गर्न रोक लगाइनुका साथै घर तथा माइती दुवै पक्षबाट हेंला भएर फालिनुपर्ने

बाध्यतालाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । बाल विधवाले दरबारमा शरण लिँदा उल्टै राजा महाराजा र तिनका कृपापात्रबाट यौन शोषणमा पर्नुपरेको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ । उपन्यासकी सहायक नारी पात्र माया बज्यैले दरबारमा भोग्नुपरेको यथार्थ नियतिलाई यसरी प्रस्तुत गरिएको छ :

*"महाराज भनोदो त्यो असति मोराले पनि त्यहाँ गर्नुगऱ्यो तर के भन्नू, आफ्नै भाग्य विधवी बाहुनीले कर्कलाको पातमा छोरी पाई खान नपाई पोली खाई जस्तै परेकी थिएँ । हजुर तैपनि बुद्धि सप्रिएपछि, सातौटी ठिटी बोक्तै राजर्षि भएर रिडी जाँदा ल यो विधवी बाहुनीलाई हजार रूपैयाँ दिएर बडा मेजरकै घरमा पठाइदिनू, यसकी छोरी सिंहदरबारमा के भई, खोजेर यसैलाई बुझाइदिनू नत्र मेरो परलोक बिग्रनेछ भन्दै थानकोटतिर वसन्ती रङको दौरासुरुवाल पटुका त्यस्तै फेटा गुथेर आफूलाई राजर्षि भन्दै बग्गीमा हिँड्यो ।" (पृ. ६५)*

यस उपन्यासकी प्रमुख पात्र नालायनी शिक्षित र पढेलेखेकी बौद्धिक नारी भएकाले नेपाली संस्कृति तथा संस्कारलाई राम्ररी बुझेर दोस्रो विहे गरेकी छैनन् । यसबाट नेपाली समाज आफ्नो संस्कार तथा संस्कृतिमा अडिग रहेको यथार्थ स्पष्ट हुन्छ । नालायनी नेपाली परम्पराको यथार्थलाई भाउजू मार्फत यसरी व्यक्त गर्दछिन् ।

*"विधुवाले सिन्दुर छुनपनि हुँदैन होइन र भाउजू हजुर ?" (पृ. ३९)*

तत्कालीन समाजमा व्याप्त बाल विवाह र विवाह पश्चात कलिलै उमेरमा पतिको मृत्यु भएको खण्डमा बाल वैधव्यतामा सहेर बस्नुपरेको नमिठो कलङ्कको छापलाई माया बज्यैको मुखबाट उपन्यासमा यसरी व्यक्त गरिएको छ :

*"कहाँ र हजुर ? बाहुनीको अर्को विहे हुन्छ र ? हजुरहरूलाई त त्यस्तो गाह्रो पर्छ पहाडमा त विधुवा बाहुनी भनेपछि कस्तो !"*

यसले तत्कालीन समाजका विभिन्न सत्य यथार्थलाई उजागर गरेको हुनाले उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासको रूपमा ग्रहण गर्न सकिन्छ ।

### ३.३ राजनीतिक विकृतिप्रति तीव्र व्यङ्ग्य

'**त्रिदेवी**' उपन्यास राजनीतिक व्यङ्ग्य तथा विकृतिले भरिएको उपन्यास हो । राणाकालीन समयको राजनीतिक गतिविधि शोषण र दमनको तीव्र रूप तथा सात सालदेखि

सत्र सालसम्मको राजनीतिक घटनाक्रमलाई समेत उपन्यासमा सामेल गरिए पनि तीस बर्से पञ्चायती कालको राजनीति सञ्चालन गर्ने पञ्च चरित्रहरूलाई बहादुर, तोपबहादुर, तर्बारसिंह, युवतीराज, बनराज जस्ता साङ्केतिक नाम र एउटा रामेश्वर उपाध्याय जस्तो व्यक्तिवाचक सामान्य नाम दिएर सामुहिक रूपमा तिनलाई भाषणवीर, खाउवीर, भोजविरको उपाधि दिँदै सोल्टी, सेरारल्टन र शेर्पाको खोपीहरूमा सुरा-सुन्दरीमा डुबेर मस्त हुन्छन् । जनआन्दोलन हुँदा मुसा झैँ दुलामा लुकेर बस्ने नेताहरूलाई कायरका रूपमा चित्रण गरिएको छ । यी पञ्चायती चरित्रहरूमध्ये कुनै एकलाई प्रतिनिधिको रूपमा उभ्याउने आवश्यकता अनुभव गरिएको छैन भने प्रजातन्त्रवादी राजनीतिक समुहको प्रतिनिधित्व गर्ने कुनै चरित्रलाई प्रस्तुत गरिएको छैन तर भूमिगत वामपन्थी राजनीतिसँग सम्बन्धित गतिविधिको वर्णन उपहासपूर्ण रूपमा गरिएको छ । यसको प्रतिनिधिको रूपमा सौम्यराजको चरित्रलाई खल चरित्रको रूपमा लिइएको छ । सौम्यराज, उसकी पत्नी तथा बाजेको खराब चरित्र र कार्यको व्यङ्ग्य गरिएको छ । बहुदलको स्थापनाद्वारा आफूलाई चिनाउँदै अराजक रूपमा भूमिगत वामपन्थी आन्दोलन गर्ने विकृत र अराजक राजनीतिको भण्डाफोर गरिएको छ । तसर्थ, मुलुकको राजनीतिक स्वास्थ्यमा एक घातक जीवाणुको रूपमा सौम्यराजलाई उभ्याएर राजनीति विकृतिप्रति कडा व्यङ्ग्य गरिएको छ ।

### ३.४ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

आधुनिक नेपाली उपन्यास परम्परामा देखापरेको विविध धाराहरूमध्ये आलोचनात्मक यथार्थवादी धारा पछिल्लो समयको सशक्त धारा हो । समाजमा देखिएका कुरीति, शोषण, अन्धविश्वास तथा अन्य विसङ्गति तत्वहरूलाई औंल्याएर तीनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपार्ने आकाङ्क्षा राख्ने लेखनपद्धति नै आलोचनात्मक यथार्थवाद हो । राम्रा र असल कुराको समर्थन र खराब कुराहरूको आलोचना यस वादले गर्दछ । समाजभित्रका घटनाहरू यथार्थ रूपले देखाउने मात्र नभई त्यसभित्रका खराब कर्म सुधार्न अभिप्रेरित गर्नु यस वादको विशेषता हो ।

'**त्रिदेवी**' उपन्यासले नेपाली समाजभित्रका थुप्रै विकृति विसङ्गति अन्धविश्वास परम्पराप्रति आलोचना गरेको छ । विधवाको कलङ्क लगाई रातो टीकाबाट नेपाली नारीहरूलाई

बन्देज गर्ने नेपाली संस्कारको विरूद्ध खुलेर आलोचना गर्ने, बाल विधवालाई माइती तथा घरबाट नै अपहेलना गर्ने जुन परिपाटी नेपाली समाजमा हुर्किएको छ त्यसप्रति '**त्रिदेवी**' उपन्यासले कडा आलोचना गरेको छ, जसमा नालायनी आफ्नो वैधव्य जीवनमा सिन्दुर पहिरिन आक्रोसलाई यसरी पोख्छिन् :

*"म केको विधवी ! मुलुक नै कहिलेदेखि विधवा भएको छ ? यिनीहरूलाई यहाँ पनि विधवी र सधुवीको चिन्ता !" (पृ. १००) ।*

मानिसका स्वतन्त्रता विपरीत चलेका सामाजिक नियम तथा संस्कारहरूको खुलेर आलोचना गर्नुका साथै त्यसबाट नेपाली समाजलाई मुक्त गर्नुपर्दछ भन्ने आशय यहाँ प्रकट भएको छ । तत्कालीन रूपमा देखिएको राजनीतिक परिवर्तनसँगै देखिएका विकृति विसङ्गतिप्रति पनि उपन्यासमा तीब्र आलोचना गरिएको छ । सौम्यराजले फैलाउन खोजेको राजनीतिक प्रदूषणलाई तीन प्रमुख पात्रहरूले आलोचना गरेका छन् । देशमा यस्तो राजानीति नगर्न नालायनीको कोठामा राखेर सौम्यको विकृति राजनीतिको व्यङ्ग्य गर्दै भनेकी छिन् :

*"सौम्य यो के भएको ? हिजो तिमी गन्हाएका थियौ र अहिले पनि गन्हाएका छौँ" (पृ. १३४) ।*

## ३.५ आदर्शवादी उपन्यास

आदर्शवाद विचारबाट निर्मित शब्द हो, जसको खास अर्थ संसारमा पदार्थ भ्रम हो भन्ने विचार वा आत्मा सत्य हो भन्ने हुन्छ, *(बराल, एटम २०५८ : ९७)*। उपन्यासमा आदर्शवादको प्रयोग कुप्रवृत्तिको हार र सदवृत्तिको जित, त्यागी एवम् परोपकारीको उन्नति र दुष्टको दुर्गति देखाई गरिएको हुन्छ । अविश्वसनीय भए पनि अनुकरणीय चरित्रको उपस्थान र महान् प्रेरणा दिने उपदेश आदर्शवादी उपन्यास मानिन्छ ।

'**त्रिदेवी**' उपन्यास आदर्शवादी उपन्यास हो । यसका प्रमुख पात्रहरूका आदर्श, गुण र व्यवहारले उपन्यासलाई आदर्शवादी उपन्यासको रूपमा चिनिएको छ । '**त्रिदेवी**' उपन्यासमा उपन्यासकारले सामाजिक विकृति विससङ्गतिप्रति व्यङ्ग्य गर्नुका साथै आदर्शवान चरित्रका माध्यमबाट सामाजिक सुधारका कार्यहरू सम्पन्न गराएर उपन्यासलाई आदर्शमुखी बनाएका छन् । प्रमुख तीन नारी पात्रहरू नेपालको सामाजिक आर्थिक तथा राजनीतिक समस्याको निम्ति ज्ञान ज्योति बटुल्दै र बाँड्दै अश्रान्त हिडिरहेका भेटिन्छन् । ज्योति र अग्नि आर्जन गर्ने प्रकाशपथका यात्री

पुरुरवाहरू मात्र होइनन्, नालायनीहरू पनि भएका छन् । सामाजिक, राजनीतिक चेतनामा आधारित भएर पनि यो उपन्यास बौद्धिक र वैचारिक बन्न पुगेको छ । नारी समस्या, नियति र यौन मनोविज्ञानमा आधारित भएर पनि नारी अस्तित्व, अहम् र आदर्शको उदाहरण बनेको छ '**त्रिदेवी**' उपन्यास ।

### ३.६ मानवतावादी दृष्टिकोण

उपन्यासकार मदनमणि दीक्षित मानवीय मूल्य र सामाजिक संस्कार संस्कृतिले लेखनमा स्थान प्राप्त गरोस् भन्ने चाहना राख्छन् । '**त्रिदेवी**' उपन्यासका प्रमुख नारी पात्रहरूले व्यक्त गरेका विचारहरू विशेषतः मानवतावादका पक्षमा उभिएका देखिन्छन् । यी पात्रहरू जे कार्य हुनु छ समाज र देशको लागि होस् भन्ने चाहन्छन् र त्यसैका लागि जीवनभर लागिपरेका पनि छन् । यी पात्रहरूलाई विभिन्न स्थानहरूको भ्रमण गर्दा गाउँवासीका विविध समस्याले पिरोलेको छ, दुःखी बनाएको छ । मानवका निम्ति केही गरौँ भन्ने भावना जागृत भएको छ । शाश्वत् मानवीय मूल्यको अनुशरणविना राष्ट्रको उन्नति हुँदैन भन्ने यिनको उपन्यासको निचोड रहेको छ ।

### ३.७ नारीवादी उपन्यास

नारीवादी राजनीतिक समतामूलक विचार बोकेको र सन् १९६० तिर सुरु भएको पुरुषप्रधान समाजका विरूद्धको नारी आन्दोलन हो । यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधाभन्दा बढी सङ्ख्याका नारीहरूको साहित्यिक शङ्खघोष गर्ने र परम्परालाई नारीका पक्षमा नवीकरण गर्ने अध्ययनको थालनी हो । पुरुषप्रधान समाजका नारीले भोग्नुपर्ने पीडाको अभिव्यक्ति पनि नारीवादी लेखनमा हुने गर्दछ भने यस्तो भेदभावबाट पूर्णतः मुक्तिको आग्रह पनि यसमा रहेको हुन्छ, *(बराल, एटम, २०५८ : १२४)* ।
नारीवादी उपन्यासमा नारीका पक्षमा दृष्टिकोण बनाई त्यसको सफल प्रस्तुति दिनुका साथै उपन्यासलाई स्त्रीलिङ्गकेन्द्रित बनाई नारीका बीचमा सामञ्जस्य, समन्वय र सृजनात्मक सम्बन्ध कायम गरी एकताबद्ध सङ्घर्षका लागि आह्वान गरिएको हुन्छ ।

'**त्रिदेवी**' उपन्यास नारी प्रधान उपन्यास हो । यस उपन्यासमा तीनजना विदुषी नारीहरूलाई प्रमुख पात्रको स्थान दिइएको छ । नारीहरूको सामाजिक मूल्य र मान्यता तथा मनोविज्ञानलाई ख्याल गरी नारीको उच्च मूल्याङ्कनमा जोड दिइएको छ । नारीहरू देश विकासका हरेक कार्यमा हरेक पलमा पुरुष सरह अगाडि बढ्न सक्छन् भन्ने कुरालाई आदर्शका रूपमा नारीलाई अगाडि सारिएको छ । समाजमा पुरुषले नथालेका सामाजिक काममा नारीलाई अग्रसर गराइएको छ । उपन्यासका प्रमुख नारी पात्रहरू सामाजिक कार्यका लागि कहिले नेपालको पूर्व त कहिले पश्चिम पुगेका छन् । पूर्व पश्चिम हीमसागर पुस्तकालयको स्थापना गरेर जीवनलाई सार्थक बनाउन देश र राष्ट्रको लागि केही गर्नुपर्छ भन्ने उदाहरण पनि उपन्यासका नारी पात्र नै बनेका छन् ।

### ३.८ यौन मनोविश्लेषणात्मकता

'**त्रिदेवी**' उपन्यास मनोविज्ञानको सफल प्रयोग गरिएको उपन्यास हो । उपन्यासका तीन मुख्य पात्रहरू मध्येकी एक प्रमुख पात्र नालायनीलाई केन्द्र बनाएर देश देशान्तरको थरीथरी काम र जीवन अत्यन्त उत्साह र अभिरुचिका साथ प्रस्तुत गरिएको छ । नालायनीका अतृप्त कामवासनालाई असामान्य यौन व्यवहारको रूपमा प्रकाशन गरिएको छ । नालायनीको एकान्त यौनलिला पेरिस र रोमका खुला यौन व्यापारको वर्णन यति मात्र नभई उपन्यासमा जुद्ध शमशेर र उनका कृपा पात्र मेजर मनबहादुरको परस्त्रीगमन तथा सह धितालको नातिनी बुहारीसँगको कामकथा र पेरिसको पियाल थिएटरमा प्रस्तुत हुने यौन समागमको दृश्यको उपकथा, रोमको सडकमा राती हुने यौन व्यापारको लागि केटी रोज्ने र छान्ने कथाहरू पनि उपन्यासमा विभिन्न सन्दर्भमा आएका छन् ।

उपन्यासकी प्रमुख चरित्र नालायनीको मनोविज्ञानलाई उपन्यासमा अति राम्ररी केलाइएको छ । उनी सामाजिक समस्या बनेकी छिन् । १९ वर्षको उमेरमा विवाह बन्धनमा बाँधिएको पर्सिपल्ट विधवा हुन पुगेकी उनमा त्यहीँबाट मनोवैज्ञानिक समस्याले जरो गाडेको छ । एकातिर उनमा शृङ्गारको शौख अनि सिन्दुर लगाउने रहर छ भने अर्कोतिर विवाहको लगत्तै वैधव्य हुँदा परिवारले आफूमाथि थोपरेको पोइ टोकुवाको लाञ्छनाले पिरोलेको छ । आफ्नो

चढ्दो जवानी उसमाथि विवाह लगत्तै पति गुमाउनुपर्दाको दुःख त अर्कोतिर सासूले मेरो छोरो खान पो आएकी रहिछ यो, जस्तो क्षुब्ध वाक्यलाई उनले कहिल्यै पनि बिर्सन सकेकी छैनन् ।

नालायनीमा मनोवैज्ञानिक रूपमा पतिको खाँचो महुसुस भईरहेको हुन्छ । आफूलाई घरी ऐनामा नङ्ग्याउने घरी सात बर्से भदालाई समेत बलात्कर गर्ने प्रयास गर्ने जस्ता असामान्य यौन क्रियाकलापका विकृत रूपहरू नालायनीमा देखापर्दछ र पटक पटक दोहोरिन्छ । नालायनीमा उब्जिएको यौनकाङ्क्षा तथा यौनावेगले पत्नीत्व प्राप्त नगरी प्रिय पतिसँग विछोड हुनाले परिणतिलाई दर्शाउछ । उनी जन्मिएको कुल र वर्गमा विधवा विवाह परम्परा नभएकाले उनी शिक्षित नारी भइकन पनि आफ्नो कुलगत मर्यादा उल्लङ्घन नगर्ने आन्तरिक मनसायले हो वा मृत पतिप्रति गहन अनुराग रहेकाले हो उनले अर्को विवाह गर्न चाहिनन् ।

एकातिर नालायनीमा प्रचण्ड यौनावेग छ भने अर्कोतिर विवाह नगर्ने अठोट त्यसमाथि विधवा भएर पनि सधवा वा कुमारी नारीको भेषभुषाको र शृङ्गार पटारको अदम्य लालसा छ । यसबाट नालायनीमा मनोवैज्ञानिक रूपमा समाज वाधक भएको देखिन्छ । सिन्दुर पहिरिएर सामाजिक मान्यतालाई बहिष्कार गरेकी छन् भने पुनःविवाह नगरेर सामाजिक संस्कार र कुलको मर्यादा विपरीत जान चाहेकी छैनन् । यही नै उनको मनोवैज्ञानिक समस्याको उपज हो । दाजु भाउजूबाट भदालाई लिएर सुत्ने जिम्मा पाएकी नालायनीमा नजाँनिदो रूपमा उक्त सात बर्से भदाप्रति अनुराग बढ्दै जान्छ । परिणामस्वरूप उनले सात बर्से बच्चोलाई एउटा बलिष्ठ पुरुषको रूपमा देखेकी छिन् । यौनतृप्तिका लागि अचललाई चुम्बन गर्ने, अँगाल्ने आदि गरेकी छिन् । उनको यौन मनोवैज्ञानिक समस्यालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

*"ए ऊ क्या त, त्यहीँ छ नि आफ्नै ठाउँमा, ल जुत्ता पहिरिएर स्कुल जाने भन्दै तिनले बिछ्यौनाबाट अचललाई तल ओराल्न उठाइन् र अनायसै अँगालो कसेर त्यसका गाला, ओठ र गर्धनमा दीर्घ चुम्बन गरिन्", (पृ. ११४) ।*

नालायनीलाई आफूमा भएको यौनावेगलाई रोक्न नसकी यस्ता असामान्य क्रियाकलाप गर्न पुगेकी हुन् ।

अचल गयो नालायनीको सास अड्किन र जिउ तात्न खोजे जस्तो भयो आफ्नो लम्पटबाट तिनी उठिन् । अचलको जुत्ताबाट दाहिने मोजा झिकिन् र चोलाको खोकिलामा लुकाइन् । आफ्नो छातीले त्यो मोजालाई स्पर्श गर्दा तिनको आँखा अनायस चिम्लिन पुगे । तिनलाई लाग्यो दुलान

फर्काएको दिन झैँ श्यामका गोडा सुम्सुम्याइरहेकी छिन् । त्यस्तो अनुभव बर्षौंपछि पहिलोपल्ट भएको थियो । आनन्दमा विह्वल हुँदै तीनको ढोको छेस्कनी लगाइन् र खोकिलाबाट मोजा झिकेर सुम्सुम्याउँदै त्यसमा आफ्नो निधार, आँखा, गाला पुछ्न त्यो मोजाको भित्र र बाहिर सुघ्न थालिन । उनले मोजाको विचित्रको गन्ध अनुभव गरिन् ।

श्यामसँग विहे भएको पर्सिपल्ट विधवा बन्न पुगकी नालायनीलाई श्यामको विछोडले मनोवैज्ञानिक रूपमा विक्षिप्त तुल्याएको छ । श्यामसँग विहे भए तापनि पत्नीको अनुभव गर्न नपाएकाले श्यामप्रतीको आसक्तिका कारण सात बर्से भदा अचलप्रति यस्तो नकारात्मक प्रवृत्ति बढ्न गएको छ । यी क्रियाकलाप नालायनीको अचेतन मन प्रवल भएको बेला उत्पन्न भएका हुन् ।

नालायनी आफूलाई बारम्बार तीनपाटे ऐनामा निर्वस्त्र पारेर हेर्ने गर्छिन् । यही सिलसिलामा एकदिन जब अन्जानमा बालक भदा अचलले देख्न पुग्छ तब उनको असामान्य पनले अझ उग्र रूप लिन्छ । उसको शरीर छुँदासम्म पनि उत्तेजनाको स्वाद पाउँदछिन् । अचलको मोजा खोकिलामा लुकाउने, ब्रान्डी चोरेर खाने, आफ्नै दाजुको काइँयो खोकिलामा लुकाउने घरमा आएको दाजुको साथीको सेफर्स पेन चोर्ने गर्दछिन् । उनको चोर्ने बानी घरमा मात्र सीमित नभएर घर बाहिर पनि बढ्छ । स्मिताको कोठामा जाँदा सुद्युम्नको ल्वाङ खाने बट्टा, स्मिताकी छात्रा शैलुको घरमा जाँदा उसको लोग्नेको सिँगार पाइप समेत चोरेर ल्याउँछिन् । आफू फेरि पश्चात्तापको बोधले थिचिदै र ती सामान च्यात्दै फुटाउदै गर्न थाल्छिन् । उनमा अचेतन मन प्रवल भई नकामहरू गर्दै जाने र उत्तेजित हुने गर्छिन् । चेतन मन प्रबल हुँदा आफूले चोरेका सामानप्रति दृष्टि दिँदै आफूले आफैँलाई धिक्कार्छिन् ।

“यहाँ मलाई के नपुग्दो छ र ? किन मैले यी सामानहरू चोरेकी ? के हुन लागेको मलाई ? भन्दै धुरुधुरु रून्छिन्”, (पृ. ९२) । नालायनीको यस्तो व्यवहार थाहा पाएर स्मिताले पनि भनेकी थिइन् : कामवासना पडकेर यस्तो भएको हो ।

यति मात्र नभएर नालायनी आफ्नो हातको औंलाको औंठी बारम्बार खोल्ने लगाउने गर्दछिन् । नाडीका चुरासङ्ग पनि बारम्बार खेलिरहन्छिन् । औंठी लगेर बारीको राम तोरियाको चिचिलोमा घुसार्नुमा पनि उनी यौन तृप्ति भेट्टाउँछिन् । सात बर्से भदा अचललाई ब्रान्डी खुवाएर आनन्दित हुन्छिन् ।

*"फुपू हजुर मलाई त डर लाग्न थाल्यो, एक्लै सुत्न सक्तिनँ आज ... अचलको बोली लर्बराउन थाले जस्तो भयो नालायनीलाई रमाइलो लाग्यो", (पृ. १११) ।*

अचलले यसो भनिरहँदा नालायनीमा खुसीको चमक छाएको छ । यसैबाट उनले यौनको प्यास मेटेकी छिन् ।

उनको यसै विचित्र क्रियाकलापबाट कुण्ठित यौनच्छा पुरा गरेकी छिन् । यसलाई उनी अपराध र पाप पनि सम्भिmन्छन् । दमित कामेच्छा पडकेर प्रबल भएको पनि स्वीकार्दछिन् । कामोत्तेजनाका यी विविध क्रियाकलापबाट नालायनीमा पति वियोगको तीव्र रूपमा मनोवेज्ञानिक प्रभाव परेको भन्ने सत्यता झल्किन्छ । उनलाई रातो पहिरन र सिन्दुरमा पारिवारिक सामाजिक स्वीकृति दिलाएर समस्या समाधान गरिएको छ । उनी आफ्नो शिक्षा, ज्ञान, बुद्धि, संस्कार र परिवेशका कारण मानसिक तथा संवेगात्मक रूपमा सुध्रिएकी छिन् । उनले आफूलाई छिट्टै कर्मशील ज्ञानको साधनामा समर्पित गरेकी छिन् । उनमा जुन विकृत वा अस्वस्थता आरम्भमा देखिएको छ । त्यसका लागि उनलाई श्यामकी पत्नी नभए पनि विधवा बनाउने नीयति दोषी देखिन्छ । तसर्थ, पति वियोगले गर्दा नालायनीमा मनोवैज्ञानिक प्रभाव परेको छ ।

सौम्यराजमा पनि स्मितासँगको विछोडले मनोवैज्ञानिक प्रभाव परेको देखिन्छ । ऊ विवाहित भएर पनि पत्नीदेखि टाढा रहन विवश छ । उसको बाजेले आफ्नी पत्नीलाई भित्रिनी बनाई राखेको हुनाले ऊ धेरै अपमान र हीनताबोधले थिचिएको थियो । ऊ घरीघरी स्मितालाई सम्झेर सद्युम्नसँग विहे गरेकोमा क्रुद्ध पनि हुन्छ । स्मिता उठेर गइसकेपछि उनी बसेको स्थानमा स्पर्श गर्ने मायाले सुम्सुम्याइरहने गर्दछ । उसमा मनोवैज्ञानिक समस्या सिर्जना गर्नमा उसको बाजेको र तत्कालीन पञ्चायती व्यवस्थाको दोष देखाइएको छ, (आनुवांशिक वातावरणीय दोष) ।

यसरी उपन्यासमा केन्द्रीय नारी पात्रको चरित्र नालायनीको मनोवैज्ञानिक समस्यालाई केलाइएको छ र उनलाई सुधार्न सकिने भएकाले सुध्रिएकी र सौम्यराज सुध्रिन नसकिने भएकाले नसुध्रिएको भनिएको छ ।

### ३.९ ऐतिहासिकता

'**त्रिदेवी**' उपन्यासमा ऐतिहासिक सत्य तथ्य घटनाका प्रसङ्ग विभिन्न ठाउँमा आएका छन् । सन्तानब्बे सालको सहिद काण्डले उकुसमुकुस भएर जोगी र त्यागी भएको निहुँ पारी पहिले पाल्पाको अर्गली र त्यहाँ पनि आफ्नो निस्सारता नदेख्दा पछि भारतको देहरादुन गई आफूलाई लुकाउन खोज्ने श्री ३ जुद्धशमशेरको हालीमुहाली भएको सिंहदरबारको झल्कोले उपन्यासमा राणाकालीन परिवेश यथार्थ रूपमा झल्किन्छ । जुद्धशमशेरको हालीमुहाली चलेको नेपालमा मेजर बमबहादुरकी नाम चलेकी केटी निबुवा दरबारमा पुऱ्याइनु, श्री ३ को कारिन्दा सहधिताल बाजेले किसानहरूलाई गरेको शोषण देखाइनु उपन्यासभित्रका ऐतिहासिक पक्ष हुन् ।

### ३.१० द्वन्द्वात्मकता

उपन्यासकारले यस उपन्यासमा द्वन्द्व विस्तारलाई सफलताका साथ अगाडि बढाएका छन् । सामाजिक, मनोवैज्ञानिक तथा राजनीतिक समस्या बीच द्वन्द्वको सृजना गरेर यसभित्रका शोषण तथा विकृतिलाई नङ्ग्याइएको छ । यस उपन्यासमा आन्तरिक तथा बाह्य दुवै किसिमका द्वन्द्वको प्रयोग गरिएको छ, नालायनीमा स्वयम् मनोवैज्ञानिक रूपमा मानसिक द्वन्द्वको सृजना भएको छ, जसका कारण उनी कहिल्यै सिन्दुर लगाउने त कहिले सिन्दुरलाई गोपीचन्दनले छोप्ने गर्दछिन् । उनमा सिन्दुर लगाउने कि नलगाउने भन्ने विषयमा प्रबल द्वन्द्व चलेको छ । यसलाई आन्तरिक द्वन्द्वको रूपमा लिन सकिन्छ । उनी पुरुष शृङ्गारका सामान सटुक्क चोर्ने र आफूले आफैँलाई धिकार्ने गर्दछिन् । "मलाई के नपुग्दो छ र ? किन मैले यी सामानहरू चोरेकी ? के हुने गरेको छ मलाई ?" नालायनीको यो क्रियाकलापलाई आन्तरिक द्वन्द्वका रूपमा लिन सकिन्छ । नालायनी र तत्कालीन समाजका बीच पनि द्वन्द्व चलेको छ । म के विधवी, मुलुक नै कहिलेदेखि विधवा बनेको छ । यहाँ पनि विधुवी र सधुवीको चिन्ता !, (पृ. १००) । नालायनीको समाजप्रतीको यो आक्रोश बाह्य द्वन्द्व हो । नालायनी आफू विधवा हुँ भन्ने कुरा स्वीकार गर्न तयार छैनन् । बरू आफूलाई विधवा बनाउने समाजलाई नै विधवा भन्दछिन् ।

अर्कोतिर राजनीतिक रूपमा चलेकोलाई पनि उपन्यासमा देखाइएको छ । स्मिता र नालायनी देशको राजनीतिक स्वच्छ छबि देख्न चाहन्छन् । भने सौम्यराज यसको छेकारो

बनिरहेको छ, जसका कारण यिनीहरू बीचमा द्वन्द्व चलेको छ । असल चरित्रका असल कार्यले खराब चरित्रका दुर्गुणलाई परास्त गर्न सकेका छन् । उपन्यासमा नालायनी सत् पात्र भए पनि र सौम्यराज असत् पात्र भए पनि यी दुवैले मनोवैज्ञानिक रूपमा मानसिक द्वन्द्व भ्रेल्नुपरेको छ ।

### ३.११ बहुनायकको प्रयोग

यस उपन्यासमा कुनै एक पात्रलाई मात्र नायकको रूपमा नलिई तीनजना नारी पात्रलाई नायकत्व प्रदान गरिएको छ । केन्द्रीय पात्रको रूपमा नालायनीलाई अगाडि सारिएको भए पनि अन्य दुई प्रमुख पात्र स्मिता र सौदामिनीलाई समेत प्रमुख भूमिका प्रदान गरिएको छ । उपन्यासमा नालायनीको आदर्शता, स्मिताको त्याग तथा सौदामिनीको कर्तव्यपरायणता प्रमुख रहेको छ ।

### ३.१२ निष्कर्ष

विभिन्नखाले औपन्यासिक प्रवृत्तिहरू बोकेर उभिएको बहुपात्रीय उपन्यास '**त्रिदेवी**'मा कोही पात्रहरू आदर्शोन्मुख छन भने कोही पात्रहरू सामाजिक विकृति विसङ्गति निम्त्याउनेखालका छन् । यो उपन्यास समसामयिक राजनीतिक, सामाजिक, वैदिक युगको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । नारीको शक्ति र सार्मथ्य अनि देशको राजनीतिक दुरावस्थाका साथै नारी मनोविज्ञानको पक्षलाई उपन्यासले केलाएको छ । नेपालको आर्थिक समस्यालाई पात्रहरूले देश भ्रमणको क्रममा स्पष्ट पारेका छन् । उपन्यासमा मनोविज्ञान तथा यौन मनोविज्ञानको सफल प्रयोग भएको छ । केन्द्रीय चरित्र नालायनीमा वैधव्य जीवनले निम्त्याएको मनोवैज्ञानिक समस्यालाई उपन्यासले आत्मसात् गरेको छ । नारी शक्ति र सामर्थ्यको उदाहरण पेस गर्न उपन्यासले उत्कृष्ट भूमिका निर्वाह गरेको छ । नारी पात्रलाई प्रमुख पात्रको रूपमा उभ्याएर नारीहरू पनि सामाजिक विकास निर्माण मेरूदण्ड हुन सक्छन् भन्ने तथ्यलाई '**त्रिदेवी**'का माध्यमबाट स्पष्ट पारेकले पनि यो उपन्यास नारी प्रधान उपन्यासका रूपमा रहेको छ । राजनीतिक विकृति र विसङ्गतिको यथार्थ रूप देखाउनुका साथै त्यस्ता विकृतिलाई जरैदेखि निर्मूल गर्ने समाधान खोजिएको छ । साथै, उपन्यासमा मानवीय मूल्य र मान्यतालाई ख्याल गरी मानवतावादमा जोड दिइएको छ ।

# अध्याय चार
# 'त्रिदेवी' उपन्यासको वस्तुविधान

## ४.१ पृष्ठभूमि

कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कस्सिएका र व्यवस्थित गरिएको हुन्छ । उपन्यासमा घटनाहरू वा क्रियात्मक समूह शृङ्खलायुक्त भई प्रमाणिक सन्तुष्टि दिन सक्ने भएमा त्यो कार्यकारण सम्बन्धमा नियोजिी मानिन्छ । प्राचिनकालदेखि नै विभिन्न साहित्यिक चिन्तकहरूले कथानकको चर्चा गरेका छन् । यो कार्यव्यापारको अनुकरण र घटनाहरूको व्यवस्थापन हो । कथानक भन्नाले उत्सुकता र संशय जगाउने गरी व्यववस्थित गरिएको घटना र चरित्रको सङ्गठन हो । घटनावली र कथानकलाई छुट्याउने खास आधार घटनाहरूको आपसी सम्बन्धलाई मानिएको छ । कथानकमा कथा एक आपसमा अन्तरसम्बन्धित हुनुपर्छ अनि मात्र कथानकले गति लिन्छ ।

## ४.२ वस्तुविधानको परिभाषा

वस्तुविधानका सम्बन्धमा साहित्यका विभिन्न विद्वान्हरूले विभिन्न किसिमबाट परिभाषित गरेका छन् । जुन यस प्रकार छन् :

*"प्रबन्ध रचनाको आदि र अन्त्य कथानक हो ।"*- मोहनराज शर्मा

*"कथानक भनेको संश्लिष्ट शब्द हो ।"*- आरएस क्रेनल

"कथानकलाई आख्यान रचनाको सबैभन्दा स्थुल र सबल तत्व हो ।"- दयाराम श्रेष्ठ

*"नाटकीय तथा आख्यानपरक कार्यको बनावट कथानक हो ।"*- एमएच अब्राहम्स

*"कथानक कथावस्तुको प्रस्तुतिको क्रममा देखापर्ने घटनाहरूको योजनाबद्ध र व्यवस्थित प्रस्तुति हो, यो कार्यव्यापार हो ।"*- ऋषिराज बराल

*"उपन्यासमा निरन्तरता प्रदान गर्ने, औचित्य विन्यास गर्ने, कार्यकारण सम्बन्धमा देखाउने र क्रमबद्धता प्रस्तुत गर्ने तत्वको नाम कथानक हो ।"*- राजेन्द्र सुवेदी

## ४.३ कथानकका किसिम

उपन्यासमा कथानकलाई विभिन्न आधारमा विभाजन गर्न सकिन्छ । जस्तै : स्रोतका दृष्टिले, प्रकृतिका दृष्टिले, सङ्गठनका दृष्टिले तत्वका दृष्टिले आदि ।

अरस्तुले कथानकलाई दुई वर्गमा विभाजन गरेका छन् :

क. कमजोर कथानक : जब आख्यानकारले युक्तिपूर्ण किसिमले समस्या समाधान गर्न सक्दैन र उपन्यासका प्रमुख पात्रले आफ्नो अगाडि आएको समस्याको निचोड दिन सक्दैन भने यस्तो किसिमको कथानकलाई कमजोर कथानक भनिन्छ ।

ख. सबल कथानक : यस्ता कथानकमा पात्रको दोष वा त्रुटिले नायकलाई समस्या उत्पन्न गराइदिन्छ भने यस्तो कथानकलाई सबल कथानक भनिन्छ । सबल कथानकमा समस्या, सङ्घर्ष, उत्कर्ष र परिणति क्रमशः आएका हुन्छन्, जुन विश्वासनीय पनि हुन्छ ।

मोहनराज शर्माले कथानकलाई निम्न आधारमा वर्गीकरण गरेका छन् :

१. विन्यस्त कथानक : जीवनका विभिन्न घटनाहरू शृङ्खलाबद्ध एवम् सङ्गतिपूर्ण हुँदैनन् तर उपन्यासमा चाहिँ औपन्यासिक कथानक कार्यकारण शृङ्खलामा बाँधिएको हुन्छ ।

२. शिथिल कथानक : उपन्यासभित्रका घटना र प्रसङ्गहरू एकअर्कासित असम्बन्धित छन् भने यस्ता कथानकलाई शिथिल कथानक भनिन्छ । यहाँ विभिन्न घटना, सन्दर्भ र क्रियाकलापहरू अनावश्यक रूपमा आएका हुन्छन्, जसको औपन्यासिक महत्व र मूल्य हुँदैन ।

## ४.४ कथातत्त्वका दृष्टिले कथानकका प्रकार

### क. प्रधान कथानक

उपन्यासमा एउटा मूल कथा हुन्छ, त्यसैमा उपन्यास केन्द्रित हुन्छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म कथाको अटुट प्रवाह हुन्छ, यसलाई प्रधान कथानक भनिन्छ । कथालाई यसैको आधारमा अगाडि बढेको हुन्छ ।

### ख. उपकथानक

उपन्यासमा मूल कथासँग सम्बद्ध भएका कथाहरू उपकथानक हुन् । यस्ता कथानकले मूल कथानकको उद्देश्यप्राप्तिका लागि आवश्यक भूमिका निर्वाह गरेका हुन्छन् ।

### ४.५ कथानकका अङ्ग, अवस्था र तीनको विकासक्रम

कथानक पनि अवयवयुक्त हुन्छ । सबै अवयवले पूर्ण रूपमा विकसित कथानकलाई पूर्ण कथानक भनिन्छ । कथानकको पूर्णताले कथाको अन्त्यमा कुनै पनि महत्वपूर्ण प्रश्नलाई अनुत्तरित रहन दिँदैन । घटनाहरूको कलात्मक शृङ्खला नै कथानक हो ।

विभिन्न विद्वान्हरूका विचारलाई दृष्टिगत गरेर कथानकका अङ्ग अवस्था र विकासलाई निम्न रूपमा चर्चा गर्न सकिन्छ ।

**प्रारम्भ भाग** : उपन्यासको रूपमा आवश्यक पृष्ठभूमि तथा चरित्रको परिचय गरिन्छ । पात्रहरूका समस्या र ती समस्याप्रति उनीहरूको प्रतिक्रियाको जानकारी यसै अंशमा उपलब्ध हुन्छ । यसलाई प्रारम्भ भाग, चरमोत्कर्ष भाग र परिणति वा उपसंहार भाग भनिन्छ ।

### ४.६ 'त्रिदेवी' उपन्यासको वस्तुविधानको विश्लेषण

त्रिवेदी उपन्यासले नेपाली समयमा भए गरेका सामाजिक विषयलाई यथार्थपरक ढङ्गले विश्लेषण गर्ने कार्य गरेको हुन्छ । सामाजिक विषयवस्तु पौराणिक विषयवस्तु दार्शनिक विषयवस्तु तथा मनोविज्ञानको राम्रो विश्लेषण गरिएको पाइन्छ । यसका अतिरिक्त उपन्यासमा राजनीतिक विकृति तथा आर्थीक शोषकका माध्यमबाट नेपाली समाजिक परिस्थितिको यथार्थ चित्रण समेत गरिएको छ । यो उपन्यास नारी स्वतन्त्रता, नारी अधिकार, नारी चेतना, नारी अस्मिता जस्ता कुरालाई उद्घाटित पारेको छ ।

यस उपन्यासको कथानाकको आरम्भ बौद्धिक पात्रहरूको परिचय, बौद्धिक चिन्तन र जीवन अनुभूतिसँग गाँसिएको छ । पुराकथा अनुसार प्रभियासले स्वर्गबाट पृथ्वीमा आगो ल्याएको थियो । वायुपुत्र हनुमानले जन्मने वित्तिकै सूर्य समात्न आकर्षित उठेको थियो । यो काम नारीबाट किन हुन सकेन ? ऊर्वशी र अञ्जनालाई वा अन्य ऊर्वशीलाई यो काम गर्न किन लगाइएन ? यस जिज्ञासाप्रति शम्भु थापाको तर्क थियो पूर्व परिचयका पुरा कथाहरू मातृसत्ताको खरानीबाट पितृसत्तात्मक समाजका पण्डितहरूले रचेको हुनाले त्यहाँ सबै काम पुरुषद्वारा गराइएको दखिन्छ तर प्रस्तुत उपन्यासका प्रमुख पात्र शम्भु थापाको कुराले सजिलै मान्न तयार हुँदैनन् । यिनले पूर्व पश्चिमदेखिको मान्यताहरूको सारको रूपमा सुरुदेखि नै मातृप्रधान समाजको महत्त्व रहँदै आएको र देव सेनापति कार्त्तिकेयको जन्म सरत मातृकाबाट

हुन गएको उदाहरण प्रस्तुत गरेका छन् । कुनै न कुनै रूपमा पूर्व र पश्चिममा पनि नारी श्रेष्ठता र मातृसत्ताको अस्तित्व रहेको बौद्धिक अनुमान गरेको पछिसम्म तथा सुद्युम्नले पनि यसमा आफ्ना विचार राखेका छन् । नारीलाई देशका संस्कृति तथा सृजनात्मक व्यक्तिको रूपमा देखाइएको छ । देशको विकास गर्नमा नारीहरू नै बढी मात्रामा जागरूक हुनुपर्दछ भन्ने निष्कर्षमा शम्भु थापाले विशेष रूपमा फोकस गरेका छन् । मातृसत्ता र पितृसत्ताका कुरा हुँदाहुँदै छलफलले राजनीतिक विषयमा प्रवेश गर्दछ । २०४६ सालमा पाकिस्तानको तानाशाही शासनको प्रभाव नेपालमा समेत परेको स्मरण गर्दछ । उपन्यासका प्रमुख तीन विदुषी नारीहरूले आफूलाई पनि नारीको हैसियतले जागृत रहेर र नेपालको अप्रजातान्त्रिक परिपाटी विरूद्ध खुलेर लड्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

उपन्यासमा वर्णित १९ वर्षको इन्जिनियरिङ्ग अध्ययन गर्दागर्दैको अवस्थामा एउटा प्रतिभाशाली व्यक्ति श्यामसँग विवाह भएको हुन्छ । विवाह भए पनि नालायानीमा एक प्रकारको रौनकको आभास भएको पाइन्छ तर अफसोच विवाह गरेको पर्सिपल्ट नालायनीको जीवनसाथी श्यामको मृत्यु हुन्छ । यसपछि नालापनीको जीवनमा धेरै हदसम्म मनोवैज्ञानिक प्रभाव परेको हुन्छ । आफ्नो एक्लो जीवनका दिनहरू पार गर्दै नालायनी पहेँलो चन्दन लगाएर पनि आफूलाई सिगार्दै सन्तुष्टिको सास फेरेको अनुभव गर्दछिन् । उनलाई आफ्ना दिनचर्या बिताउने क्रममा एकदिन उनलाई विहेको सिन्दुरले झस्काइदिन्छ । तत् पश्चात उनको मनमा एक प्रकारको तरङ्ग पैदा हुन्छ । मनलाई शान्त पार्न अनेकौं कोसिस गर्दछिन् तर केही सीप लाग्दैन अनि उनले आफूलाई विहेको सिन्दुर हर्षको साथ लगाउन चाहन्छिन् रूप उनको मनमा विभिन्नखाले मनोवैज्ञानिक समस्या देखापर्दछ । मनमा एक प्रकारको ज्वराभाटा कुराहरू मनमा खेलिरहन्छ । नैतिक, समाजिक मूल्य र मान्यताले उनलाई पोल्न थाल्दछ । त्यसपछि उनी गोपी चन्दनभित्र सिन्दुर लगाएरै छाड्छिन् । परिणामस्वरूप नालायनीमा मानसिक तनावले घर गर्दछ । मनोवैज्ञानिक रूपमा पनि उनको व्यवहार अलिक फरक हुन्छ, जुन कुरा सतहमा पनि प्रस्ट रूपमा देख्न सकिन्छ । नालायनीले आफूलाई पटक पटक ऐनामा नङ्याउने सात बर्सेभन्दा अचलका मोजा खोकिलामा लुकाउने, यस्तै गरी अन्य पुरुषहरूका दैनिक जीवनमा प्रयोग गरिने सामानहरू चोरेर लुकाउने आफ्ना कोठामा धेरै पुरुषका समानले सजाउने बाँकी स्वरले भन्दा अचललाई समेतलाई ब्रान्डी खुवाउने, सातबर्से भदालाई बलात्कार गर्ने स्थितिमा समेत पूग्ने क्षण सृजना

गर्दछिन् । यसप्रकार विविध कृयाकलाप देखापरेपछि अन्ततः उनले आफूमा भएको नैतिकता चेतनाका कारण उनी पूर्ण रूपमा यथास्थितिमा आएर समालिन्छन् । नालायनीले आफ्नो जीवनमा देखापरेका विविध समस्यालाई स्थितासँग आफ्नो अनुभव बताउँछिन् । नालयनीलाई लगाएको सिन्दुरको टीकालाई परिवारले पनि सहज रूपमा स्वीकार गरेको पाइन्छ । नालायनीमा देखापरेका मनोवैज्ञानिक समस्याले गर्दा उनमा असामान्य तनाव देखापर्नु स्वाभाविक पनि हो तर स्मिताले त्यसलाई सहज रूपमा स्वीकार गरी विचलित मनलाई सान्त्वनाका स्वरले थुम्थुम्याउँदै अघि बढ्न प्रोत्साहित गर्दछिन् । त्यसपछि नालायनीले नेपालको राजनीतिक परिवर्तनका लागि आफूलाई पूर्ण रूपमा संलग्न गर्ने अठोट लिँदै आफ्नो कर्तव्यपथको यात्रामा निरन्तर अगाडि बढ्दै सफलतालाई चुम्न पुगेको देखिन्छ । प्रस्तुत घटनाक्रमलाई 'त्रिवेदी' उपन्यासले कलात्मकताका साथ वर्णन गरिएको पाउन सकिन्छ ।

उपन्यासका पहिलो खण्डमा उपन्यास चित्रका सम्पूर्ण घटना र चरित्रको झलक दिएको आभास पाउन सकिन्छ । दोस्रो परिच्छेदमा उपन्यासमा अतीतावलोकन शैलीद्वारा पूर्व-घटनाहरू प्रकाशमा ल्याइएको छ । एक परिच्छेदपछि अर्को परिच्छेदसँग सम्बन्धित शीर्षकबाटै उपन्यासको कथावस्तुलाई गति प्रदान गर्ने कार्य गरिएको छ । उपन्यासकी प्रमुख नारी पात्र नालायनीको कथावस्तुलाई क्रमिक रूपमा अगाडि बढाएको पाइन्छ । यस उपन्यासकी प्रमुख नायिका नालायनीको सम्पूर्ण नालीवेली शम्भुले बधु शीर्षकमा समावेश गरेर राखिएको छ । नेपालको राजनीतिमा जनमत सङ्ग्रहको घोषणापछि बँचेखुचेका वामपन्थीहरूले पनि पञ्चायती व्यवस्थाको वकालत गरेर नेपाली जनमासको चाहानामा तुषारापात गरी जनचाहनामा ठुलो अध्ययन पुऱ्याए, जसको परिणामस्वरूप देशले अपेक्षा गरेभन्दा फरक किसिमको राजनीतिक अवस्था भयो । त्यसरी नेपाली काङ्ग्रेसले प्रजातान्त्रिक सङ्घर्षको रूपमा सत्याग्रह गऱ्यो आतङ्कवादिहरूको गैर-जिम्मेवारीपूर्ण विध्वंसात्मक कार्यले गरेर सत्याग्रह स्थगित भयो । त्यसको दुई वर्षपछि फेरि प्रजातान्त्रिक आन्दोलन पुरा भयो । प्रजातन्त्रवादीहरूले यो देशलाई दासताको जन्जिर चुडाउँदै माथि उठाएर सार्वभौम शक्ति सम्पन्न नागरिक बनाउन आफ्नो जीवनको आहुति दिए । मुलुकमा प्रजातन्त्रको नयाँ लहर आयो र मुलुकले प्रजातन्त्रको स्थापना भयो । यस महान् अभियानमा '**त्रिदेवी**'का तीन महान् विदुषी नारीहरू कार्यले वचनले मनले समर्पित भए ।

देशमा प्रजातन्त्र आउनुपूर्व मधेस वा तराईमा रहेका जमिनदारहरूले गरिबमाथि धेरै अन्याय अत्याचार गरेको कुरालाई जस्ताको तस्तै गरेर यथार्थपरक ढङ्गले उपन्यासमा देखाइएको छ । देशमा प्रजातन्त्रका लागि २०४२ सालदेखि २०४६ सालसम्म धेरै आन्दोलन भएको पाइन्छ । २०४६ सालको जनआन्दोलनमा कैयौँ मानिस घाइते भए कैयौँ बेपत्ता बनाइए तर पनि जनताको आन्दोलनले सार्थकता पाएको छ । प्रजातन्त्रको नयाँ ढोका खोलिएको छ तर प्रजातन्त्रपनि देशमा छेपाराले रङ फेरे झैँ जनताले केही राहतको अनुभूति पाउन सकेको हुँदैनन् । हरेक पार्टीमा जिम्मेवार तहका जिम्मेवार नेताहरू विभिन्न खराबी प्रवृत्तिको चङ्गुलमा फस्न पुग्दछन् । कुनै पनि पार्टी र सङ्गठनमा संलग्न नरहेका स्मिता र नालायनीका परिवारले स्वतन्त्र बौद्धिक राजनीतिक चिन्तन गर्दछन् । नालायनी र स्मिताको देश भ्रमणका क्रममा यिनीहरूले नेपालीहरूका पीडाबोध गर्ने मौका पाउँछन् । दीनहीन अवस्थाप्रति यो देशको अभिभावक रूप गरेर बसेको सरकारले पनि कुनै चासो नदेखाएकोमा यिनीहरू मर्माहत हुन पुग्दछन् । अझ योभन्दा बढी यी तीन नालायनी, स्मिता र सौदामिनीले केही गर्न नसकेकोमा बढी दुःखित हुन्छन् । यी तीन नारीहरू आफ्नो शिक्षालाई उपयोग गरेर देशका लागि केही परिवर्तनको गुञ्जायस दिने कुरामा एकमत देखिन्छन् ।

उपन्यासमा वर्णित राजनीतिभित्रका विसङ्गत पक्षको प्रतिविधि रूप उपन्यासको मुख्य पात्र सौम्यराजले गरेको छ । पञ्चायतमा नक्कली कम्युनिस्ट बनेर पञ्चायतलाई सघाउने सौम्यराज प्रजातन्त्रपछि पनि यसरी भूमिगत पार्टीमा बसिरहने कम्युनिस्टहरूप्रति उपन्यासको तीब्र व्यङ्ग्य पाइन्छ । सौम्यराज अझै प्रजातान्त्रिक पनि उम्मेदवार बन्दछ र विजयी समेत हुन्छ । ऊ मौकाको ताकमा बन्ने अवसरवादी नेताको प्रतिबिम्ब हो । यस्तो खराब प्रवृत्ति बोकेका मानिसलाई जथाभावी रूपमा उम्मेदवार दिएर पार्टीले खराब संस्कारको विकास गराएको कुरालाई उपन्यासले सङ्केत गरेको पाइन्छ । त्यसपछि उपन्यासको गति आकर्षणबाट चरमोत्कर्षतिर लम्किएको देखिन् उपन्यासकी प्रमुख पात्र नालायनीको स्वभावमा निकै ठुलो परिवर्तन आउँछ, जुन उनको वैधव्यताले निम्त्याएको मनोवैज्ञानिक समस्यालाई प्रस्तुत गरिनुका साथै वैधव्यताले जन्मायका मनोवैज्ञानिक समस्यालाई अझ कारूणिक र मार्मिक रूपमा प्रस्तुत गरिएको छ । अन्य नारी पात्रहरू स्मिता र सौदामिनीको सामाजिक बौद्धिक जीवनलाई अवश्य विविध पक्षहरूलाई समेट्नुका साथै पूर्ण रूपमा आभिव्यक्त गरेको छ । कथावस्तुको अन्त्य हुने

अवस्थातिर स्मिताको क्यान्सरबाट मृत्यु भएको देखाइएको छ। नालायनी र सौदामिनीले आफ्नो सङ्घर्षपूर्ण जीवनक्षेत्रमा रहेको त्रिलोचन सरोवर अर्थात् अन्नपूर्णको तिलिचोमा लगेर विसर्जन गरेको छन्।

'**त्रिदेवी**' उपन्यासले घटना वा कथानाक शृङ्खलालाई अनुक्रमिक वा सङ्गठित रूपमा प्रस्तुत गरेको छ । यस उपन्यासको कथानक रचनामा प्रस्तुत घटना विस्तार र पात्रका मनोवैज्ञानिक चरित्र विश्लेषणको समन्वयले आकार विस्तारमा सहयोग पुऱ्याएको छ । यस उपन्यासको घटना संरचना रैखिक ढाँचामा देखिन्छ एक विहिचत विन्डबाट अर्को विन्दुतिर विकसित हुँदै आदि, मध्य र अन्त्यभित्र आइरहेको छ। उपन्यासको कथानाक रचनामा घटनाको स्वरूप सापेक्ष वैचारिक द्वन्द्वको सफल निर्वाह पाइन्छ । घटना विस्तारमा प्रारम्भ मध्य र अन्त्यको युक्ति मिलेको छ। रचना सङ्गतिका दृष्टिले आवश्यक प्रारम्भिक पृष्ठभूमि द्वन्द्व सृजना विस्तार जस्ता तत्वहरूको पनि उचित निर्वाह रहेको छ।

# अध्याय पाँच

# 'त्रिदेवी' उपन्यासमा पात्रविधान

## ५.१ पात्रविधानको सैद्धान्तिक परिचय

### ५.१.१ पृष्ठभूमि

उपन्यासको विद्वान्तत्त्वहरूमध्ये 'चरित्र' वा 'पात्र' पनि एक हो । उपन्यासमा घटनासँग सम्बन्धित व्यक्तिलाई पात्र भनिन्छ । कथावस्तुलाई गति दिन, विषयसूत्रको विस्तार गर्न र सम्प्रेषणीय विषयलाई सम्प्रेष्य तुल्याउन कथानकभित्र पात्रको आवश्यकता पर्दछ । पात्र कथानक तथा परिणतिको संवाहक मानिन्छ । उपन्यासको तत्वगत सङ्गठन प्रक्रियामा पात्र अपरिहार्य तत्व हो । प्राचीन तथा माध्यमिककालीन आख्यान परम्परामा परलौकिक एवम् अलौकिक पात्रहरू र मानवेतर प्राणीको पनि समावेश भएको हुन्थ्यो तर अहिले यही जगत्का मानव प्रतिनिधि पात्रहरूलाई नै प्रस्तुत गरिएको हुन्छ । आधुनिक उपन्यासमा प्रयुक्त मावेतर पात्रहरू मानवेतर प्राणीको वा चरित्रको चित्रण गर्ने उद्देश्यले नभई मानवीय गुण, स्वभाव र ग्रन्थीहरूप्रति उपहास र व्यङ्ग्य गर्नका लागि गरिएको हुन्छ । उदारणार्थ बाङ्देलको लङ्गगडाको साथी उपन्यासमा प्रयुक्त कालेकुकुरले कुकुर समाजको प्रतिनिधित्व नगरी सभ्य भनाउँदो मानव समाजप्रति उपहास गर्ने प्रयोजनमा ठूलो भूमिका निर्वाह गरेको छ ।

### ५.१.२ पात्र शब्दको व्युत्पत्ति र अर्थ

उपन्यासमा घटनासँग सम्बन्धित व्यक्तिलाई बुझाउने 'पात्र' शब्द संस्कृत स्रोतबाट लिइएको हो । 'पात्र' शब्दको अभिधार्थ कुनै वस्तुको आधार भाँडो, प्राप्तकर्ता, जलाशय, दान पाउन योग्य व्यक्ति, दानपत्र, अभिनेता नाटकको पात्र, राजाको मन्त्री, नहर, योग्यता, आदेश भन्ने हुन्छ, आप्टे, ई.सं. १९६९ : ६०३ ) । पात्रलाई चरित्र पनि भनिन्छ । 'चरित्र' शब्दको निर्माण 'चर' धातुमा 'इत्र' प्रत्यय लागेर भएको हो । यसका विभिन्न अर्थ हुन्छन्- व्यवहार, चाल-चलन, अभ्यास, काम, जीवन-चरित्र, इतिहास, आत्मकथा, वृत्तान्त, साहसिक कथा, प्रवृत्ति आदिलाई जनाउँछ (ऐजन) ।" त्यसैगरी यस शब्दलाई काव्य, नाटक, उपन्यास आदिमा चरित्रको वर्णन गरिएको नायक, नायिका वा अन्य कुनै व्यक्ति भनेर अर्थ्याइएको छ, (*पोखरेल, २०५० :*

*८१२)* । कोश अनुसार यस शब्दको विभिन्न अर्थ लाग्ने भए पनि साहित्यका सन्दर्भमा नाटकको पात्र, अभिनेता तथा काव्य, कथा, उपन्यास आदिका नायक, नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ नै उपर्युक्त देखिन्छ, (घर्ती, २०६०:१६३) । संस्कृत साहित्यमा प्राचीनकालदेखि नै नाटकका सन्दर्भमा पात्रको विवेचना भएको पाइन्छ । भरत मुनिले आफ्नो कृति नाट्यशास्त्रमा नायक, नायिका तथा अन्य व्यक्तिहरू सम्बन्धी विस्तृत विवेचना गरेका छन् । धनञ्जयले नाटकका प्रमुख तत्वहरूको चर्चा गर्ने क्रममा वस्तु नेता, रसमध्ये नेतालाई पात्रको रूपमा चर्चा गरेका छन्, (धनञ्जय, २०१९ : ७) ।

'पात्र' शब्द अङ्ग्रेजी साहित्यमा प्रचलित 'क्यारेक्टर' शब्दको पर्यायवाचीका रूपमा नेपाली साहित्यमा प्रचलित रहेको छ । साहित्यमा पारिभाषिक रूपमा सत्रौं शताब्दीमा प्रचलित भएको हो, (कडन, ई. १९९२ : १३५) । अङ्ग्रेजी 'क्यारेक्टर' (Character) शब्द ग्रीक ( Kharakter) शब्दबाट आएको हो, जसको अर्थ अङ्कित गरिएको वा छाप लगाइएको चिन्ह भने हुन्थ्यो, (एसेन्क, ई. १९७२ :१५७) । प्राचीन ग्रिसेली साहित्यमा अरिस्टोटलले त्रासदीका सन्दर्भमा पात्रको विस्तृत चर्चा गरेका छन् । अङ्ग्रेजीमा क्यारेक्टर शब्दको कोशीय अर्थ अङ्कित गर्नु छाप लगाउनु, नाम लेख्नु, अभिनय गर्नु, प्रतीक वा सङ्केतद्वारा प्रस्तुत गर्नु चित्रित गर्नु, गुण वर्णन गर्नु, निश्चित लक्षणद्वारा भेद देखाउनु आदि हुन्छ, (मरे, ई. १९३३ : २८१) । यी कोशीय अर्थले अहिले प्रचलित जुन क्यारेक्टर शब्द छ, त्यसलाई पूर्णरूपमा वहन गर्न भने सकेको देखिंदैन ।

कोशीय अर्थलाई दृष्टिगत गर्दा पात्र शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिका स्वभाव प्रकृति, आदत, व्यवहार, चालचलन भन्ने बुझिन्छ, (घर्ती, २०६० : १६४) । खासगरी आख्यानमा देखा पर्ने व्यक्तिहरू विभिन्न प्रकारका नैतिक अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् र यसै अभिलक्षणका कारण तीनलाई चरित्र भनिन्छ, (शर्मा २०५५ : २७०) ।

## ५.१.३ परिभाषा

उपन्यासको महत्वपूर्ण तत्वको रूपमा रहेको पात्रलाई कथानक र घटनाको सारथी पनि भन्ने गरिन्छ । पात्रका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ-आफ्ना ढङ्गबाट परिभाषित गरेर

पात्रको स्वरूपलाई चिनाउने प्रयास गरेका छन्, जसलाई यहाँ निम्न लिखित ढङ्गले प्रस्तुत गरिएको छ :

**क) अरिस्टोटल**

"चरित्र त्यो हो जसले हामीलाई अभिकर्ताहरूमा केही गुणहरू आरोपित गर्छ र चरित्र त्यसलाई भनिन्छ, जसलाई कुनै व्यक्तिका रुचि, अरूचिको प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ, (त्रिपाठी, २०५८:६०) ।"

दार्शनिक अरिस्टोटल आदर्श गणराज्यका पक्षपाती भएकाले चरित्र पनि नैतिक गुणले युक्त अनुकरणीय र आदर्श हुनुपर्नेमा जोड दिइएको छ ।

**ख) एमएच अब्राहम्स**

"पात्रले नाटकीय वा आख्यानात्मक कार्यमा व्यक्तिको प्रतिनिधित्व गर्दछन्, (अब्राहम्स, ई. २००० : ३२) ।

**ग) रबर्ट स्कोलस**

"उपन्यासमा पात्रहरू वास्तविक मान्छे जस्तै हुन्छन्", (स्कोलस, ई. १९९७ : १२९) ।

**घ) डबलु जे हार्भे**

"पात्र अवस्था, सम्बन्ध परिस्थितिहरूको योगमा हाम्रा अनुभवहरूको समुच्चय हो", ( हार्भे, ई. १९६५ : ३१) ।

**ङ) म्याक्स स्कोएन**

"चरित्र मनुष्य आत्मतत्व हो, जो अनिवार्य रूपमा सामाजिक माध्यमबाट विकासशील वा क्रियाशील हुन्छ", (शर्मा, २०५५ : ३९४) ।

**च) हड्सन**

"उपन्यासको संरचनामा वस्तु, चरित्र, संवाद, वातावरण, शैली र उद्देश्य गरी ६ वटा तत्वहरूको अनिवार्यता रहेको पाइन्छ", (हडई, ई. १९९४ : १६३) ।

**छ) हिन्दी साहित्यकोश**

"पात्र कथात्मक साहित्यको अन्यतम तत्व हो, जसद्वारा कथाको घटनाहरू घट्दछ अथवा जो ती घट्नाहरूबाट प्रभावित हुन्छ", (वर्मा, ई. १९८५ : ३७८) ।
यस परिभाषाले पात्रहरूद्वारा कथाको घट्ना घट्ने र घटनाद्वारा पात्रहरू प्रभावित हुने भएकाले कथानक र घटनाको अत्यन्त नजिकको सम्बन्ध हुने स्पष्ट हुन्छ ।

**ज) कैलाश प्रकाश**

"स्थुल रूपमा कथा वस्तु नै उपन्यासको आधार हो तर कथावस्तुको आभ्यान्तरिक अङ्ग त चरित्र नै हो", (प्रकाश, ई. १९६२ : ३१) ।

**झ) गिरिधरप्रसाद शर्मा**

"उपन्यासमा पात्रहरूको आफ्नो प्रकृति हुन्छ । तिनको आफ्नो विशेष चरित्र हुन्छ, आफ्नो नियम हुन्छ", (शर्मा, ई. १९७८ : ६६) ।
उनको यस परिभाषामा उनले पात्रहरूमा आफ्नै किसिमको विशेषता प्रवृत्ति र स्वभाव हुने कुरामा जोड दिएका छन् ।

**ञ) राजेन्द्र द्विवेदी**

"उपन्यास कथा, नाटक, काव्य आदिमा एक व्यक्ति आफ्नो कथालाई स्वाभाविकता प्रदान गर्ने व्यक्तिलाई सजीव बनाउन पात्र/चरित्रको निर्माण गरिन्छ, (द्विवेदी, ई. १९५५ : ९३) ।"

यस परिभाषा मार्फत उनले कथानकलाई सजीव, स्वाभाविक बनाउने व्यक्तिलाई नै पात्र/चरित्रको रूपमा उभ्याउने कुरामा सहमत देखिन्छन् ।

**ट) मोहनराज शर्मा**

“कथामा पाइने ती व्यक्तिलाई चरित्र वा पात्र भनिन्छ, जो नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन्”, (शर्मा, २०५५ : ९३) ।

उनको परिभाषामा पात्र वा चरित्रहरू नैतिकता र अभिवृत्तीय गुणले सम्पन्न हुनुपर्ने कुरामा जोड दिइएको छ ।

**ठ) केशवप्रसाद उपाध्याय**

“चरित्र व्यक्तिको गुण दोषलाई प्रकट गर्ने मानवीय धर्म हो”, (उपाध्याय, २०४४ : १६७) । उनको विचारमा पात्रहरू मानवीय जीवनकै अनुकृति भएकोले पात्रहरूमा मानवीय गुणहरू रहेको हुन्छ ।

**ड) टङ्कप्रसाद न्यौपाने**

“उपन्यासभित्रका हर्ष-विष्मात्, जय-पराजयसँग सम्बन्धित विभिन्न घटनाहरूमा कर्ता-अकर्ता वा द्रष्टालाई पात्र वा चरित्र भनिन्छ”, (न्यौपाने, २०४९ : २९) ।

उनको परिभाषाले पात्रहरूले कथानकसँग सम्बन्धित जीवनका विभिन्न आरोह-अवरोह र परिस्थितिसँग जुध्नुपर्ने र परिस्थितिको परिणति पनि भोग्नुपर्ने कुरामा सहमति जनाएका छन् ।

**ढ) कृष्णहरि बराल र नेत्र एटम**

“उपन्यासभित्र प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ”, ( बराल र एटम, २०५८ : २९) ।

उनीहरूको विचारमा औपन्यासिक कथानकमा प्रयुक्त मानव वा मानवेतर प्राणी नै पात्र हो ।

**ण) ऋषिराज बराल**

“कथावस्तुसँग सम्बन्धित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम चरित्रहरू हुन्”, (बराल, २०५६ : ३२) ।

**त) राजेन्द्र सुवेदी**

"मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो", (सुवेदी, २०५३ : १७) । उनको परिभाषामा मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार चरित्र नै हो भन्ने स्पष्ट हुन्छ ।

**थ) हिमांशु थापा**

"घटना वा वस्तु रचनाको आधार नै उपन्यासका पात्र हुन्", (थापा, २०४७ : १२८) । उनका अनुसार वस्तु र घटनाको संयोजन तत्वको रूपमा चरित्रलाई प्रस्तुत गरिएको छ ।

**द) कृष्णचन्द्रसिंह प्रधान**

"मान्छेको स्वभाव, व्यवहार र उसबाट निर्मित समाजको सामाजिक रीतिस्थिति र संस्कृति आदिको प्रतिबिम्ब चरित्रले उतार्छ भन्दै उनले सामाजिक, वैयक्तिक वा मानवीय आधारमा पात्रहरूका वैविध्यको र विधिताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्र चित्रणको लक्ष्य हो", (प्रधान, २०५२ : ८) ।

**ध) घनश्याम नेपाल**

"उपन्यासको कथा समाजको इतिवृत्त हो, त्यस घटनाको प्रतिनिधि पात्र हो, त्यसकारण पात्रको चरित्र व्यक्तिको आफ्नो जीवनशैली हो", (नेपाल, सं. २०४४ : २२) ।

**न) ईश्वर बराल**

"पात्र नभएको उपन्यास पनि हुन्छ भन्ने कल्पना गर्न सकिन्न तर चरित्र मानव प्राणी मात्र नभई पशुपंक्षी र निर्जीव वस्तु पनि हुन सक्छन्", (बराल, सं. २०५५ : ५८) ।
उनका अनुसार मान्छेका अतिरिक्त अन्य जुनसुकै प्राणी तथा ढुङ्गा, माटो आदि पात्र पनि हुन सक्छन् भन्ने विचार व्यक्त गरेका छन् ।

### ५.१.४ उपन्यासमा पात्रको स्थान

उपन्यास आधुनिक साहित्यको सर्वाधिक विधा हो । यो बृहत् जीवनको परिचय दिने विस्तृत कथानक भएको आख्यानात्मक गद्य रचना हो । अन्य विधा जस्तै यो विधा पनि विभिन्न तत्वहरूबाट निर्मित हुन्छ । त्यसमध्ये चरित्र पनि एक हो । उपन्यासमा मानव जीवनको विभिन्न पक्ष र विषयलाई कथानक वा विषयका रूपमा प्रस्तुत गरिएको हुन्छ । यही कथानक वा विषयवस्तुलाई रोचक स्वाभाविक र जिवन्त बनाउने औपन्यासिक तत्व वा उपकरणको रूपमा पात्रलाई दिइन्छ । पात्र र कथानाकबीच घनिष्ठ सम्बन्ध रहने भएकोले पात्रको क्रियाकलापबाट नै कथानकको निर्माण हुन्छ । कथानकलाई गति दिने माध्यम पनि पात्र हो । पात्र उपन्यासलाई सजीव बनाएर कथानकसँग सम्बद्ध भएर आएको हुन्छ । "पात्रहरूको जीवनगतिले उपन्यासको कथालाई स्वरूप प्रदान गर्दछ", (चुघ ई. १९६८ : २०२) । "पात्र उपर नै स्रष्टा बढी निर्भर रहने हुन्छ", (बराल र एटम, २०५८ : ३०) । उपन्यासलाई सजीव तुल्याउने काम पात्रले गरेको हुन्छ । पात्रविना उपन्यासको कल्पना समेत गर्न सकिंदैन । त्यसैगरी कथानकले पात्रको विशेषता, स्वभाव, रुचि, व्यवहार जस्ता कुराहरूमा प्रकाश पार्दछ । पात्रलाई जिवन्तता, प्रदान गर्ने आधार कथानक भएकोले पात्र र कथानकबीच अन्योन्यश्रित सम्बन्ध रहेको हुन्छ । "पात्रका माध्यमबाट घटना घटना घट्ने र घटनाहरूले नै चरित्रको विश्लेषण वा चित्रण गर्ने हुँदा दुवैलाई उपन्यासको अभिभाज्य तत्व मान्छि", (शर्मा, २०५५ : २७१) । संवाद पात्रसँग सम्बन्धित तत्व हो । पात्रहरूको वार्तालाप नै संवाद हो । "पात्रको भाव, विचार, धारणा चाहना आदि कुराहरू संवादका माध्यमबाट प्रस्तुत हुन्छन्", (घर्ती, २०६० : २६७) । "संवाद कथानकसँग सम्बन्धित हुने भएकोले पनि यसले कथाको अपेक्षा चरित्रलाई खोल्दछ", (चुघ, १९६८ : २०३) ।"

उपन्यासमा प्रस्तुत भएका पाात्रहरूले कतिसम्म प्रभाव पार्छन् भन्ने कुरा उपन्यास पढिसकेपछि लामो समयसम्म मानसपटलमा चरित्रको छाप परिरहेबाट स्पष्ट हुन्छ । "मानव समाज र सभ्यतालाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मानव शाश्वत् सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन्", (सुवेदी, २०५३ : १७) । चरित्रलाई विश्वसनीय बनाउनका लागि उपन्यासकारले विभिन्न परिस्थिति र परिवेशको प्रस्तुति गरेको हुन्छ । "वातावरण या देश-कालको निर्माण पात्रहरूको स्वाभाविकता तथा वास्तविकता प्रदान गर्नका लागि नै गरिन्छ", (वर्मा, १९८५ : २७८) । "पात्र परिवेशको भोक्ता मात्र नभएर

संवाहक पनि हो, (घर्ती, २०६० : १६७) । “उपन्यासको उद्देश्य चरित्राङ्कनद्वारा व्यञ्जित हुन्छ”, ( चुघ, १९६८ : २०३) ।

पात्रका क्रियाकलाप अभिव्यक्ति र धारणाबाट उपन्यासको उद्देश्य प्रकट गरिएको हुन्छ । “वास्तवमा पात्र उपन्यासको सारतत्व तथा विचारलाई संवहन गर्ने माध्यम हुन्”, (बराल, २०५६ : ३३) । “पात्रकै आधारमा उपन्यासको कथावस्तु तयार हुने भएकोले औपन्यासिक कृतिमा पात्रको भूमिका महत्वपूर्ण हुन्छ । पात्रको स्वभाव जति बढी सजीव र यथार्थ हुन्छ, त्यति नै उपन्यासको कथावस्तु, प्रभावकारी र रोमाञ्चकारी हुन्छ । उपन्यासकारले उपन्यास लेख्ने क्रममा पात्रको छनौटमा विशेष ध्यान दिनुपर्ने हुन्छ । उपन्यासमा आएका पात्रहरू काल्पनिक भएर पनि तिनीहरूले मानव जीवनको सुख दुःखलाई समेटेको हुन्छ । “उपन्यासकारले भन्ने र देखाउने कुरालाई वहन गर्ने कुनै पनि पात्र रूप उपन्यासमा पात्र/चरित्र हो”, (अब्राहम्स, २००० : २०२१) । आजको विविध समस्या र परिस्थितिले मानव जीवन जटिल बन्दै गएको छ । यही जटिल जीवनको रहस्य खोल्ने काम पनि चरित्रले नै गर्दछ । पात्रले उपन्यासलाई सजीव बनाउँदै निष्कर्षमा पुऱ्याएर फल प्राप्ति गर्ने काम समेत गर्दछ । वास्तवमा चरित्रहरू उपन्यासको मूल कथावस्तु र उद्देश्यसँग अन्तर्सम्बन्ध रहेको हुन्छ । यसर्थ, पात्र कथानकको गतिका संवाहकहरू हुन् ।

### ५.१.५ उपन्यासमा पात्रविधानको पद्धति

औपन्यासिक कृतिमा प्रयुक्त मानवीय तथा मानवेतर प्राणी नै औपन्यासिक चरित्र हो र यस्ता चरित्रहरू मानवीय जीवनकै प्रतिनिधिका रूपमा आउने गर्दछ । वास्तवमा उपन्यासमा घटना वा कथावस्तुको रचना आधार पात्र वा चरित्र हो । उपन्यासमा चरित्रलाई प्रस्तुत गर्ने पद्धति वा चरित्रको कार्यात्मक भूमिकालाई देखाउने ढङ्ग, तरिकालाई चरित्र चित्रण भनिन्छ । “एल.एम. रविन्सले चरित्र चित्रण भनेको आख्यानमा पात्रहरूको स्वाभाविक अङ्कन हो, जसबाट तिनीहरूले जिवन्तता वैयक्तिकता ग्रहण गर्न सक्षम हुन्छन्”, (शिवाकोटी, २०६२ : ७२) भनेका छन् । “मोहनराज शर्माले साहित्यिक कथात्मक कृतिमा पात्रको स्वरूप र प्रकृतिलाई रूपायित गर्ने कामलाई चरित्र चित्रण ठानेका छन्”, (शर्मा, २०५५ : ३९७) ।

उपन्यासमा प्रयुक्त पात्रहरूको चित्रण गर्दा तिनीहरूले खेलेको भूमिकाको आधारमा चित्रण गर्नु आवश्यक ठानिन्छ । पात्रको चित्रण गर्दा कुनै किसिमको आग्रहीकरण नगरी नाटकीकरणका माध्यमबाट गर्नुपर्दछ । चरित्र चित्रणका मुख्यतः दुई विधि छन्- प्रत्यक्ष र अप्रत्यक्ष । यो परम्परागत विधि हो । अन्य विधिहरूमा परिचयात्मक चरित्र चित्रण, आत्म-विश्लेषणात्मक चरित्र चित्रण, संवादात्मक चरित्र चित्रण, सङ्केतात्मक चरित्र चित्रण, घटनात्मक चरित्र चित्रण र यस अन्तर्गत द्वन्द्वात्मक चरित्र चित्रण आदि पर्दछन्", (गायल, १९८१ : २०) । "पात्रको चरित्र चित्रण मुख्यतः दुई किसिमले गरिएको पाइन्छ : विश्लेषणात्मक वा प्रत्यक्ष विधि र नाटकीय वा परोक्ष विधि", (थापा, २०४७ : १७३) । यसैगरी कृष्णहरि बराल र नेत्र एटमले पनि यही कुरामा सहमत जनाउँदै "पात्रको चित्रण प्रत्यक्ष वा वर्णनात्मक वा अप्रत्यक्ष वा नाटकीय दई विधिद्वारा गरिन्छ भनिएको छ", (बराल र एटम, २०५८ : ३४) । डा. ईश्वर बरालले "आख्यान्नमा खासगरी परोक्ष र अपरोक्ष गरी दुई विधिद्वारा चरित्र चित्रण गरिन्छ", (बराल, २०५५ : ६१) । मोहनराज शर्माले "चरित्र चित्राङ्कनका लागि प्रदर्शनात्मक र कथात्मक विधिद्वारा चरित्र चित्रण गर्न सकिन्छ", (शर्मा, २०५५ : ३९६-३९८) भनेका छन् । परम्परागत रूपमा चरित्र चित्रणका प्रत्यक्ष र नाटकीय गरी दुइ विधिहरू प्रचलित रहेको पाइन्छ तर विभिन्न विद्वान्हरूले चर्चा परिचर्चा गरेका विभिन्न अवधारणालाई आधार मानेर चरित्र चित्रणका मुख्य तीन प्रविधिलाई स्वीकार्न सकिन्छ- "बाह्य चरित्र चित्रण, आन्तरिक चरित्र चित्रण र नाटकीय चरित्र चित्रण", ( शिवाकोटी, २०६२ : ८१) । यी विभिन्न प्रविधिहरूको सङ्क्षिप्त अनुशीलन यहाँ गरिएको छ :

**क) बाह्य चरित्र चित्रण**

बाह्य चरित्र चित्रण प्रविधिमा पात्रको बाहिरी रूपाकृतिलाई विशेष महत्व दिइएको हुन्छ । यस्ता पात्रका माध्यमबाट समाजका अन्धपरम्परा, कुसंस्कार, अन्धविश्वास, कुरीति, रूढी जस्ता कुराहरूलाई परिवर्तन गर्न सक्ने आदर्श पात्रको चयन गर्ने प्रयास गरिएको हुन्छ । यस विधिमा स्वयम् लेखकले पात्रको आचार-विचार, अनुभवलाई उद्घाटित गर्दछ । यस्तो विधिमा लेखकले पात्रलाई स्वयम् बोल्न दिइएको हुन्न । लेखक स्वयम्ले पात्रको आलोचना गरेको हुन्छ । यस विधिमा लेखक स्वयम् सर्वद्रष्टा वा सर्वज्ञ हुन्छ । लेखकद्वारा नै पात्रका सबै कुरा बताइएको

हुन्छ । यही कारणले त्यसलाई प्रतिनिधित्व गर्न सक्नेखालको पाात्रको नामकरण गर्न सक्छ । नाम अनुसारको पात्रको चारित्रिक विशेषता केलाए पनि यो त्यति स्वाभाविक देखिंदैन किनकि पात्रले स्वयम् वार्तालाप गर्न नपाउने हुँदा यो विधि त्यति प्रभावकारी मानिंदैन । “यस विधिमा लेखकले आफ्ना भावनालाई बलजफ्ती पात्रका माध्यमद्वारा प्रस्तुत गरिएको हुन्छ ।”

बाह्य चरित्र चित्रणमा पात्रहरूका क्रियाकलापको अध्ययन विश्लेषण गरिन्छ । “उपन्यासमा पात्रभन्दा पहिला परिवेशको सिर्जना गरिन्छ र त्यहीभित्र अटाउनुपर्दछ । त्यही परिवेशभित्र रहेर पात्रले गरेको क्रियाकलापको घटना र कार्यकरण शृङ्खला स्पष्ट हुन जान्छ र त्यसबाट पात्रका चरित्र पनि स्पष्ट हुन जान्छ”, (शिवाकोटी, २०६२ : ८१) । “बाह्य चरित्र चित्रणलाई बहिरङ्ग प्रणाली पनि भन्ने गरिन्छ”, (बराल, २०५६ : ६२) ।

**ख) आन्तरिक चरित्र चित्रण**

कुनै पनि व्यक्तिलाई एउटै परिवेश र परिस्थितिमा हेरेर अथवा कुनै अवस्थाप्रति उसको प्रतिक्रिया थाहा पाएर त्यो व्यक्ति कस्तो छ भनेर सही अनुमान लगाउन सकिंदैन । पात्र कस्तो छ भनेर जान्न तथा उसको स्वभाव अनि मानसिक खोतल्नको लागि यस किसिमको चरित्र चित्रण विधि अपनाइन्छ । व्यक्तिको बाहिरको अभिव्यक्ति, आचार, विचार, आकार, प्रकार आदिमा उसको चरित्रको केही भाग मात्र अभिव्यक्त हुन्छ । यसर्थ, आन्तरिक चरित्र चित्रणले व्यक्तिको आन्तरिक चरित्र खोतल्छ र केही हदसम्म पात्रको चरित्र बुझ्न सहयोग प्राप्त हुन्छ । आन्तरिक चरित्र चित्रण खासगरी मनोवैज्ञानिक उपन्यास र पात्रहरूमा प्रयोग भएको हुन्छ । यस्ताखाले उपन्यासका पात्रहरूको बाह्य र भित्री रूप फरक किसिमको हुन्छ । “आन्तरिक चरित्र चित्रणले विशेष गरी मनोवैज्ञानिक, भावुक, अन्तर्द्वन्द्वले पीडित पात्रको क्रियाकलापलाई चित्रित गरिएको हुन्छ”, (श्रेष्ठ, २०६२ : ५२) । मानव स्वभावको अव्यक्त रूप जुन रूपमा प्रेरक हुन्छ, त्यो नजानीकन पूर्णरूपमा उसलाई बुझ्न वा चिन्न सकिंदैन । उपन्यासमा पात्रको चरित्रलाई प्रकाश पार्नका लागि उसका सामाजिक, आर्थिक, मानसिक अवस्था, मनभित्रका द्वन्द्व, सङ्घर्ष प्रकट व्यवहारका आन्तरिक प्रेरणाहरू तथा परिवेश र जीवनप्रतीका उसका दृष्टिकोण आदि कुरालाई प्रस्ट रूपमा प्रस्तुत गर्नुपर्दछ । व्यक्तिको आन्तरिक स्वरूपलाई प्रकाशमा ल्याउन

यस पद्धतिको महत्वपूर्ण पक्षहरू अन्तःप्रेरणाहरूको चित्रण, आवेगजन्य आचारणको चित्रण, अन्तर्द्वन्द्वको चित्रण, आन्तरिक मनोवादको चित्रण र मनोविश्लेषणको चित्रण गरिएको हुन्छ ।

**ग) नाटकीय चरित्र चित्रण**

नाटकीय चरित्र चित्रणमा उपन्यासकार पृष्ठभूमिमा रहन्छ तर क्रियाकलाप भनाइ सोचाइबाट उपन्यासकारले परोक्ष रूपमा पात्रको बारेमा भनिरहेको हुन्छ । पात्रको परिवेश र चित्रणमा नजिकको सम्बन्ध रहेको हुन्छ । कहिले घटनाले चरित्रलाई गति दिन्छ भने कहिले चरित्रले घटनालाई गति दिन्छ । यसकारणले चरित्र घटनाको परिणाम हो भने घटना चरित्रहरूको व्याख्या हो । उपन्यासकारले घटनाहरूको प्रस्तुति कथानकलाई गति दिन मात्र नभएर पात्रको चरित्र-विकास तथा तिनका विविध अवस्थाको उद्‌घाटन गर्नका लागि गरेको पाइन्छ । यसै विधिलाई नाटकीय चरित्र चित्रण भनिन्छ", (शिवाकोटी, २०६२ : ७८) ।

यस विधिमा पात्रको संवाद तथा कथोपकथनको प्रयोगबाट उनीहरूका चारित्रिक विशेषतताहरूलाई प्रस्फुटित गराउन खोजिएको हुन्छ । पात्रले पनि आफ्ना कुरा संवाद र वार्तालापद्वारा क्रमशः गर्दै जान्छ । यस विधिमा लेखकले हस्तक्षेप नगरी पात्रलाई आफ्नो चरित्रको बारेमा आफैं व्यक्त गर्न दिइएको हुन्छ । यसैले यो विधि बढी विश्वसनीय र प्रभावकारी पनि ठहर्दछ । पात्रको बारेमा लेखकले भन्दा स्वयम् पात्रले नै बढी जान्ने भएकोले पात्र नै सर्वज्ञ हुन्छ । यस किसिमको विधिमा चरित्रको सही ढङ्गले चित्रण भएको हुन्छ । लेखकले पात्रको विषयमा कुनै व्याख्या, विश्लेषण नगरी आफू तटस्थ रहेर पात्रको क्रियाकलाप, वादविवाद, संवाद तथा विभिन्न घटनाहरू घटाएर चित्राङ्कन गर्ने गर्दछ ।

यसरी चरित्र चित्रणको व्याख्या गर्दा कतिपय विद्वान् तथा समालोचकहरूले पात्रको बाह्य तथा स्थूल चरित्रमा जोड दिएका छन् भने कतिपयले सूक्ष्म तथा आन्तरिक पक्षमा जोड दिई पात्रको चरित्रलाई सार्वजनिक गर्ने गरेको पाइन्छ । चरित्र चित्रणका यी विविध पद्धतिहरू प्रचलित रहे पनि चरित्र चित्रणको आन्तरिक वा मनोवैज्ञानिक पद्धतिलाई बढी उपयोगी ठान्न सकिन्छ किनकि वर्तमान समयमा मनोवैज्ञानिक उपन्यासहरू बढी मात्रामा लेखिएका छन् । चरित्र चित्रणका अन्य विधिको तुलनामा यो विधि बढी विश्वसनीय देखिन्छ ।

## ५.२ पात्रहरू

यस उपन्यासमा उपन्यासकारले सङ्गठित गरेका नारी पात्रहरूको क्रमागत चरित्र चित्रण गरिएको छ ।

### ५.२.१. नालायनी

'**त्रिदेवी**'का प्रमुख नारी पात्रहरूमा नालायनी स्मिता र सौदामिनी रहेका छन् तापनि नालायनी सबै पात्रहरूमा प्रमुख पात्रको भूमिकामा देखा पर्दछिन् । उपन्यास सम्पूर्ण रूपमा नालायनीकै वरिपरि बुनिएको देखिन्छ । यिनी भीमसेन थापाका दश सन्तानमध्येका एक राणाशासनका पालादेखिका बडा मेजर मनबहादुर थापा र ललिता सुन्दरी छोरी मेजर शम्भु थापाकी बहिनी तथा श्यामकी विधवा हुन् । नालायनी स्मितालाई सबैभन्दा नजिककी मित्र ठान्दछिन् ।

नालायनी सानैदेखि स्मिताको रेखदेखमा रहेकी छिन् । मेजरको परिवारसँग रहेको आफ्नो फौजमा जाँदा स्मिताले नालायनीको सम्पूर्ण स्याहार सुसार गर्दछिन् । स्मिताले नालायनीलाई हिँड्न बोल्न पनि उनैले सिकाएकी हुन् । नालायनी भने जीवनपर्यन्त स्मिताकी बहिनीभन्दा बढ्ता साथी बनिन् ।

नालायनी बनारस हिन्दु विश्वविद्यालयमा बीएमा लजिक साइकोलोजी र संस्कृत लिएर पढिन् । विश्वविद्यालयमा परीक्षामा उत्कृष्ट हुनमा सफल भएकी यिनी मेधावी विद्यार्थी हुन् । नालायनीको प्रारम्भिक शिक्षा घरैमा आरम्भ भयो । यिनका बुबाले पण्डित राखेर पहिलेदेखि नै संस्कृत पढन लगाएको कुरा श्यामलाई भनेकी थिइन् । विश्वविद्यालयको विशाल लाइब्रेरीमा उनी विश्वविद्यालयकै फोर्थ इएरमा इन्जिनियरिङ पढिरहेका श्यामलाई भेटिन् र तिनसँग प्रेम मात्र होइन कि विहेसम्म गरिन् । यतिबेलासम्म सामान्य जीवन बिताइन् । नालायनी विहेपछि भने जीवनको कठोर अग्निकुण्डमा जाकिन्छिन् ।

यिनको विहे सामान्य रूपले यिनैले रोजेको पुरुष श्यामसँग भएको थियो । विहेको जग्गेमा श्यामको सामु आफूलाई दुलही जस्तै टाउको उठाउनै नसकी जग्गेमा ठाउँ सार्दा श्यामले तिनको कम्मर छोइदिँदा सिरिङ्ग हुँदै जिउ रन्काएर मुटु उफार्दै दाम्पत्य बन्धनमा यिनी प्रवेश गरिन् । श्यामले पनि यिनलाई हार्दिकताका साथ आफ्नो पत्नी स्वीकारेका थिए भन्ने कुरा

विहेकै रात नालायनीको घुँडामाथि पैतला सार्दा पुगेको तिघ्रामाथि आँखा गाढेर श्यामतिर नालायनीले कर्केनजर लगाएकीले श्यामले आफ्नो गोडा स्वाट्ट तानेर अँगालोमा कस्दै जताततै म्वाइँ खाइदिएको प्रसङ्गले प्रस्ट पार्दछ । प्रस्ट त्यस रातको प्यारोले मात्र गरेको श्याम उठेर 'तिमी पल्टिएर ... एकैछिनमा पञ्चाङ्गमा पौडी खेलेर म फर्किहाल्छु' भन्दै गएका उनी पौडी खेल्नमा गङ्गामा डुबेयता नालायनीको जीवन पनि लामो कष्टकर वैधव्यको गर्तमा भासियो । नालायनीले एकै दिनमा न्यानो अँगालो, जताततै भरिएको चुम्बन, नरम हातको स्पर्श र मीठा मीठा शब्दहरूका गुन्जन मात्र सुखद् सम्भनाको रूपमा प्राप्त गरिन् ।

श्याामको लास मणिकणीघाटमा सेलाएर सारा सुखको तिलाञ्जली दिएर आफू नाउमा घर फर्किन् । घरमा उनी माथि सासुले पहिलो वाक्यसँगै मेरो छोरो खान आएकी रहेछ यो भन्ने शब्दले उनको हृदयमा आघात पुग्छ र कठिन जीवनको सङ्केत गर्दछ । घरमा ससुराले नराम्रो शब्द कहिले नबोलेका र सासुले त्यस्ती अलच्छिन बुहारी राख्दै नराख्ने भनेकाले आफ्नो लोग्नेको १३ दिनको काजक्रिया सकी नालायनी वाराणसीमै विश्वविद्यालयको गर्ल्स होस्टेलमा पुरानै कोठामा फर्किइन् ।

कलेजमा उनका साथीहरूले उनलाई ठूलो सहयोग गरे । सान्त्वना दिए । पुस्तकका ज्ञान र प्राध्यापकका विद्वताले उनका शान्ति स्रोत बने । साथै, आफूले अध्ययन गरेको गीतामा कृष्णले अर्जुनलाई 'आफ्नो उद्धार आफैँ गर्नू, आफूलाई कहिल्यै तल नखसाल्नू, आफूलाई नै आफ्नो शत्रु' भनी दिएको अर्ति यिनको चहऱ्याएको घाउमा मलहम बने । यो अर्ती उनले जीवनभर नभुलेकी मात्र होइनन् कि आफू पतनका बाटोमा लाग्दा त्यसबाट मुक्त हुन सहारा सूत्र समेत बनाइन् ।

नालायनी उच्च शिक्षाको समाप्तिसँगै आफ्नो माइतीघरमा सधैँको लागि बस्न आएकी थिइन् । माइतीमा उनकी सासु जस्ता खराब प्रवृत्ति भएका कोही पात्र थिएनन् । त्यहाँ सबै माइतीमा परिवारले ठुलालाई आदर गदर्थे । यिनकी भाउजू सौदामिनी जीवनपर्यत्न यिनको सहयोगी र हितचिन्तक बनिरहिन् । भाउजूले यिनलाई निकै माया गर्दथिन् । यिनले नालायनीलाई अर्को विवाह गर्ने पनि निकै कोसिस गरिन् । सौदामिनीले नालायनीलाई जति कोसिस गरे पनि अर्को विवाहको पक्षमा भने कहिल्यै रहिनन् ।

विधवाले रातो पहिरन लगाउन र पुनःविवाह गर्न नहुने हिन्दु कुसंस्कारले समाजको साथै नालायनीको मनमा समेत गहिरो जरा गाडेको थियो । यस्ता सामाजिक कुसंस्कारको नालायनीले खासै विद्रोही भूमिकामा छैनन् । त्यसपछि रातो पहिरन र सिन्दुर लगाउने गरेर उनी आलोचनात्मक तथा असन्तुष्ट पात्रको भूमिकामा भने देखा पर्दछिन् । यिनी परिवारका अन्य सदस्यसामु स्वाभाविक व्यवहार गरे पनि लुकिछिपी भने सिन्दुर पहिरन र तारुण्यको उत्कर्ष उमेरले गर्दा यौन कुण्ठाको सिकार बन्न पुगेकी छिन् । घरमा उनीसँग भदा अचल सुत्थ्यो । सात बर्से अचलको हात खुट्टा नालायनीको जिउमा जताततै पसारिन्थ्यो । फलतः उनमा यौन आवेगको महसुस हुन्थ्यो । एकदिन कट्टु फेराइदिँदा अचलको मात्तिएको अवस्था देखेर उनले आफ्नो जिउभरी सिरिंग अनुभव गरेकी र हाफ पाइन्टको पेटी आफैं बाँध्ने भनेर छोडिदिएकी थिइन् । यिनी बिहान सबेरै नुवाइधुवाई सकेर विहेको कन्तुर ऐनासामु बसेर गोपीचन्दनको टीका लगाउँदै उठेर तीनपाटे ऐनामा आफूलाई नियाल्न पुग्दछिन् । यसबाट पनि प्रस्ट हुन्छ कि नालायनीमा यौनको कुण्ठा कति छ भन्ने कुरा । नालायनीले निधारमा सिन्दुरको सट्टा गोपीचन्दन लगाएको वर्षपछि एकदिन उनले सिन्दुरबट्टा ल्याइन् । उनले आँखा खोल्ने साहस गरिन् । आँखा खोल्दा उनको मनमा असीम अनुभूति मिलेको थियो । रूप उनले आफ्नो भदा अचललाई देख्ला भनी अफठेरो महसुस गर्दछिन् । एकदिन सौदायनीले आफ्नी नन्द नालायनीलाई भनिन् ‘मैंयाको निधारमा रातो टीका जस्तो छ नि, कस्तो राम्रो देखिन थालेको । बरू सिन्दुर नै फेरि थापे हुँदैन र नारायणी हजुर ?’ भनी सोधिन् । नालायनी आत्तिएर सारीको सप्कोको कुना गिलाको पानीमा चोपेर निधार पुच्छै ‘हेरिसियोस्स् न अगि स्कुल जाँदा अचललाई सिन्दुर लगाइदिएकी थिएँ, आफ्नो गोपीचन्दनमा पनि कसरी पर्न गएछ । विधवाले सिन्दुर छुन हुँदैन होइन र भाउजू हजुर ?’ त्यो समयमा सौदायनीले भने धेरै संस्कृत पढेकी हजुरलाई नै थाहा होला । ऐनामा लेखिएका वेद वाक्य काम नलागेको सासुले अलिच्छिनी र छोरो खाने भन्न नछाडेकी आफूले सधैं फेरि सिन्दुर थाप्ने भनेकी भन्दै पन्तुरबाट सिन्दुर झिकिदिन्छिन्, हजुर छोइयोस् औंलो डढ्यो भने हेरौंला भनी अलि उत्तेजित बनिन् । नालायनी चाहिँ औंलाले त कसरी कसरी डढाउला भाउजू हजुर भन्दै पन्छिन् ।

नालायनीले आफ्नो निधारमा भएको सिन्दुर देखेर नराम्रो ठान्लिन कि ? भन्ने द्वन्द्वमा उनी परिन् । भाउजू त्यस्ती छैन मलाई बोझ ठान्दिनन् भन्ने भावना उनमा आयो । आफू

एकरात पनि पत्नी हुन पाएकी विधवालाई राम्ररी देखिन नहुने नालायनी यस्तै प्रकारका कुरा गरिरहेको पाउन सकिन्छ र उनी यस्तो मानसिकता उनको आत्मसङ्घर्ष हो । हाम्रो समाजमा विधवाप्रतीको सामाजिक कुरीतिको असन्तुष्टिको हदमा मात्र भए पनि सङ्घर्षरत नालायनी उनमा रहेको यौन मनोभावनालाई संयमित राख्न भने असफल भएकी छन् । उनी आफ्नो भदाको मोजा खोकिलामा लुकाएर आफ्नो छातीले मोजालाई स्पर्श गर्दा यौन आनन्द गर्दछिन् । यौन ऐशणाले गर्दा ग्रस्त बनेर मोजाले निधार आँखा गाला पुछ्ने र यौन मोजा सुग्न थालेकी छन् । यस्तो यौन कुण्ठा नालायनीमा मैनावारी भएको बेला बढी भएको देखिन्छ । यस्तो कठोर यौन मनोवैज्ञानिक समस्याले गर्दा नालायनीमा यौनको तिर्खा आवेग देखापरेका छन् । नालायनी परिवारका अन्य सदस्य ऊ सामु स्वाभाविक बन्छिन् । आफ्ना दाजु भाउजू सौदामिनीसँग संस्कृत र अङ्ग्रेजी साहित्यबारे छलफल गर्दछिन् । लुकीछिपी सिङ्गार गर्ने नालायनी शम्भुसँग कुरा गदा नारी पुरुषबीच भन्ने कुरा युरोपमा मात्र विकसित देशमा हुन्छ । जर्मन समाजशास्त्री हाइने नेरिटओज जस्तालाई पूर्वका नरनारीबारे के नै थाहा छ र ? जस्ता वाक्य प्रयोगका साथ छलफल गर्दा नालायनी उपन्यासकी कठपुतली लाग्दछिन् । नालायनी, शम्भु, सोदामिनी र स्मितासँग तत्कालीन राजनीतिबारे हुने छलफल र आन्दोलनमा पनि सक्रियतापूर्वक भाग लिन्छिन् । राजनीतिमा उनी अहिंसावादी भएको सत्याग्रहमा भाग लिएको र सौदायनीसँग 'भाउजू हजुर, क्रान्ति निम्ति भनेर त्यसै बम पड्काउने काम संसारका धेरैजसो राज्यहरू इतिहासमा भएका थिए । निराशवादीले आतङ्कवादी अभिव्यक्ति खोज्दछ र प्रजातन्त्र ल्याउनकी अराजकताको सृष्टि गर्दै प्रजातन्त्रको विरोधीलाई बलियो तुल्याउदछ । हेरिसियोस् न त्यो सत्याग्रहको सुरुमा नै त्यसमा सिंहदरबारको ढोकामा उभिन र जेल जान म निस्कन लाग्दा हजुर नै डराएर रोक्न खोजिसकिएको थियो तर सत्याग्रहलाई रोक्ने मूल मान्छे को देखिए भन्ने बाट स्पष्ट हुन्छ । फेरि पनि बडा मेजरको सामन्ती सङ्गतमा हुर्किएकी वनारसमा भारतीय दर्शनमा उच्च शिक्षा हासिल गरेकी आफू विधवा हुनुपरेकोमा सामान्य असन्तुष्टि बाहेक कुनै असन्तुष्टि नपालेकी राज्य व्यवस्थाका कारण कुनै पनि दैविक वा मानसिक हन्डर नखाएकी शृङ्गारमा शोख भएकी, तत्कालीन राजनीतिदलसँग कुनै प्रकारको संलग्नलता नभएकी नालायनीले राजनीतिक आन्दोलनमा यस्तो विचार राख्न सत्याग्रह जस्तो नेपाली काङ्ग्रेसले सञ्चालन गरेको कार्यक्रममा भाग लिएको भन्नुले उपन्यासकी त्यो नारी पात्र जीवन्त लाग्दिनन्

। उपन्यासकारले राजनीतिप्रति देखाउन खोजेको आलोचनात्मक धारणा मात्र यिनले सम्मोहन गर्न खोजेको प्रतीत हुन्छ । नालायनीमा रहेको यौन कुण्ठा बढदै गएको देखिन्छ । उनको यौन कुण्ठा विस्तारै हिस्टेरियातर्फ उन्मुख हुँदै गएको कुरा थाहा पाउन सकिन्छ । अचलको मोजा सुग्ने गर्दै उनी आफ्नो माथि औँलामा रहेको यौनलाई स्त्री यौनाङ्गको प्रतीक ठान्न थालेकी छन् । दाजुको काइयो चोर्ने र एकान्त पारेर ब्रान्डी मुखमा हालेर कुल्ला गर्ने आदि कुराले गर्दा उनीमा देखिएको विकृतिको सिकार बन्दै गएको सङ्केत मिल्दछ । उनी यसरी विकृतिको अलवा उनमा त्यसका विरूद्ध सजगता अपनाएको पनि पाउन सकिन्छ । उनी आफूले आफैँलाई कहिलेकाहीँ धिक्कार्ने गर्दछिन् । म कति सानी कति प्यारो, कस्ती चोर्नी हुँदै गएँ । यही हो मेरो नियति ? यस्तै हुन मैले पढेकी भन्ने सजगता यिनमा पाइन्छ । अचलको मोजा ब्राबाट झिकेर जुत्तामा राख्ने गर्दछिन् । नालायनीले आफ्नो विकृत मानसिकता भएकी ब्रा नबताए पनि स्मिताको सदासयतापूर्ण सुझावको अपेक्षा नालायनीको यौन आवेग खास गरेर घर सरेको बढेका अत्यधिक रूपमा हुन्छ । नालायनीले एकपटक आफ्नो औँठी फुकालेर रामतोरियाको चिचिलामा अड्काएकी थिइन् । यसलाई उपन्यासमा स्त्री र पुरुषको यौन प्रतीकको रूपमा ठानेको देखिन्छ ।

नालायनीको प्रयत्न सहजै सफल हुँदैन, बरू उनी अवचेतनामा पुरुषहरूप्रति द्वेष राख्न थालेकी छन्, जसको परिणाम स्वरूप पुरुषहरूको विभिन्न सामान टोपी गञ्जी, चस्मा, रूमाल, लाइटर चोरिन् । उनी हिस्टेरिया रोगको सिकार समेत बन्न थालेको देखिन्छ । अफिस सकेर शम्भु घर फर्केको के थियो, तिनलाई जिउनै जहाँ त्यहीँ खस्खसाउने, चिलाउने, ढक्क फुल्ने तनक्क तन्किने हुन थाल्यो । सौम्यराज र नालायनी बसेर वार्तालाप गरेको बेला अरूले वियर ह्विस्की आदि खाए । नालायनीले पनि अरूले थाहा नपाउने गरी ब्रान्डी कफीमा मिसाएर खाइन् । त्यसपछि उनले आफ्नो साथमा रहेका अचललाई पनि ब्रान्डी खुवाइन् र अचललाई निदाएको अवस्थामा आफ्नो छातीमा च्यापेर बिछ्यौनामा लड्दै सुम्सुम्याउन थालिन् । अन्तमा उनले हीनताबोध गर्दछिन् ।

नालायनीमा दमित वासनाको हिनताबाट मुक्त भएपछि आफ्नो उद्धार आफैँले गरेको भावना लिएर माइतीबाट निस्कन परेपछि पर्वाह नगरी सिन्दुर र रातो किनार सारी लगाएर सौदामिनी शम्भु र माया बच्चै सामु प्रकट भइन् ।

यसरी नालायनीले अकस्मात रूपमा रातो सिन्दुर र रातो किनारे सारी लगाएको कुरालाई उनका माइती परिवारले उनले सोचेभन्दा फरक रूपले सहजतापूर्वक लिन पुगे । स्मिताले पनि नालायनीको यो कदमलाई हार्दिकतापूर्वक स्वागतका साथ उनले नालायनीको शिरको सिन्दुरमा चुम्बन गरिन् । स्मितासामु नालायनीले आफ्ना विगतमा देखिएका यौन कुण्ठाका स्वरहरू ओकल्दै पश्चत्ताप गरिन् । यसबाट नालायनीको महान् चरित्र पुकार भएको देखिन्छ ।

नालायनी पछिल्लो कालखण्डमा इन्द्रीयको संयम पनि गर्न सक्ने सामर्थ्य राख्दछिन् । आफ्ना दाजु भाउजूसितै खुलेरै कुरा गर्न ह्वीस्की पनि खाने गरिन् । राम्रो बाटोको रूपमा पूर्वपश्चिम हीमसागर पुस्तकालयको स्थापना गरिँदा पुस्तकालय स्थापनामा नालायनी शम्भु सौदामिनी, सुद्युम्न स्मिता, शैलु, अचल मैना सबैको सक्रिय सहयोग रह्यो । पुस्तकालयलाई यिनीहरूले सुरुमा सानो तर समय बित्दै जाँदा ठुला कामको जगको रूपमा लिएको देखिन्छ । सुरूमा सानो तर समय बित्दै जाँदा ठुलो कामको जगको रूपमा लिएको देखिन्छ । नभन्दै पुस्तकालय पनि राजधानीको प्राज्ञिक केन्द्रमा परिणत भयो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपतिले निर्वाचित प्रधानमन्त्री, सबै पक्षका प्रमुख शासक नेता र बौद्धिक समुदायलाई पुस्तकालयको रिडिङ रूममा गरेको सम्बोधनले यसको पुष्टि गर्दछ । यस पुस्तकालयमा र यसका सञ्चालक खासगरी नालायनी राष्ट्रियस्तरमा नै अभिनन्दनीय मानिएबाट नालायनीले गरेको योगदान स्पष्ट हुन्छ । नालायनी लगायतका सञ्चालकहरूको सक्रियतामा पुस्तकालय व्यापक प्राज्ञिक सहभागितामा नेपालका लागि कस्तो राज्य प्रणाली अपनाउनुपर्दछ भन्ने आशय रहेको विचार गोष्ठीमा आयोजना गरेको थियो ।

यस अवस्थामा आइपुग्दा नालायनी उमेर र विचारले ओजिलो व्यक्ति रूपकी धनी भएकी छन् । वार्धक्यमा पुगेकी उनले चाँदीको बट्टाभित्र स्मिता र आफ्नो सेतो रौं राखेबाट प्रस्ट हुन्छ । जीवनको उत्तरार्द्धमा पुग्दै गर्दा उनले आफ्नी हितैषी स्मिताको मृत्युको पीडा भुल्नुपर्‍यो । उनले स्मिताको अवस्थामा मेरो शरीर छुट्दा जसरी भए पनि सँगै बसोस् तेरै अन्तिम दर्शन पाऊँ म भन्ने इच्छाको पूर्णतः पालना गरिन् । उनको मृत्युको समयपूर्व सामना गरिन् । स्मिता निम्ति शोकसभा र स्मृति दिवस मनाउने विषयलाई इन्कार गरेर यिनले उच्च आध्यात्मिकता प्रदर्शन गरिन् ।

नालायनी यस उपन्यासकी प्रमुख पात्र हुन् । उनी उपन्यासकी वर्गीय मञ्चीय गतिशील तथा मूल पात्र हुन् । उनमा बौद्धिक परिपक्वता छ । राजनीतिक सचेतता छ । यसरी नालायनीले उपन्यासमा सामान्य कुण्ठाग्रस्त र गौरवमय भूमिकाका साथ केन्द्रीय चरित्र ग्रहण गरेकी छिन् ।

### ५.२.२ स्मिता

स्मिता '**त्रिदेवी**' उपन्यासकी अर्का प्रमुखमध्ये एक हुन् । यिनी बडामेजर जमिनदारी हेर्ने कृष्णध्वज कार्की र मुदिताकी एक मात्र सन्तान हुन् । यिनी स्मिताले नालायनीलाई हरेक समय मार्ग निर्देशकको रूपमा सल्लाह र सुझाव दिँदै नालायनीलाई जीवनका हरेका पलसँगै सङ्घर्ष र गर्नलाई उत्साहित पार्ने पात्रको रूपमा चित्रित छिन् । यिनको जीवनको नालायनीको खहरे खोला जस्ता उतार चढावले भरिएका नभई समुन्द्र जस्तो शान्त र स्थिर देखिन्छ । यिनी बाल्यकालमा पनि गम्भीर प्रकृति छिन् । यिनका बाबु आमा मोरङको विर्ताको रेखदेख गर्न आएको मेजरको परिवारले आफ्नी शिशुको हेरचाह गर्न लगाउँछन् । सामन्ती संस्कारले गर्दा मेजर्नीले स्मितालाई नालायनीको जिम्मा लगाएको देखिन्छ । परन्तु समग्र उपन्यासमा चान्चलता देखिँदैन । स्मिताले आफ्नो बाल्यकापनको केही समय तराइको वीरगञ्ज नजिक रामपुरमा बिताइन् । उनी आफूभन्दा दुई वर्ष जेठा सौम्यको बालसाथी थिइन् । विवाह गरी खेल्ने बाल खेलमा सौम्य दुलाहा र स्मिता दुलही भएर खेलेपछि उनीहरूमा अझ बढी आत्मियता बढेको पाउन सकिन्छ । स्मिता सौम्यको आग्रहमा पौडी खेल्न जाँदा घरिमार्या पोखरीमा डुब्न पुगिन् । स्मिताले पौडी खेल्न आउँदैन भनेर खेल्न नमान्दा सौम्यले 'पौडी खेल्दा म डुबे भने नि ?' भनेकाले उनी लत म पनि हेर्छु को डुब्न सक्दो रहेछ भन्दै स्मिता पनि पौडी खेल्न पुगिन् । फलतः उनी डुब्न पुगिन् । यसबाट उनमा रहेको सौम्यप्रतीको आसक्ति तथा गम्भीर चरित्र देखापर्दछ । डुबेकी स्मितालाई स्थानीय लाठेले पोखरीबाट निकालेर पेटमा भरिएको पानी निकालेर बचाए । होसमा आउँदा उनले सौम्यलाई खोजेको प्रसङ्ग यसको प्रमाण हो । छठको प्रसाद ठेकुवा र अचार सौम्यलाई खुवाएको कुरा यसको पुष्टि हो । सौम्य भने स्मिताप्रति त्यति गहिरो चाहना राख्दैन । आमासँग ठेकुवा माग्दा स्मिताले मैथली भाषा प्रयोग गरेको चाहिँ आफ्नी आमासँग मातृभाषामा बोल्नु असहज लाग्दछ । विद्वान् उपन्यासकारको यो असावधानी भने उपन्यासमा बिझ्दछ ।

मेजरले कृष्णध्वजलाई मोरङमा खटाएपछि स्मिता परिवारसँगै मोरङ जान्छिन् । सौम्यसँगको बिछोडले स्मिताका निम्ति असहनीय देखिन्छ । उनले आमालाई छठमा दिएको चौबन्दीले किनेको दुई रिल धागो सौम्यलाई दिइन् । त्यसबेला भने सौम्यले स्मिताको माया गरेको देखिन्छ । सौम्यले रिल धागोलाई सुम्सुम्याएर रिल धागोले गालामा मुसारेकाले यसको पुष्टि हुन्छ । उता स्मिता भने आफूलाई सौम्यले माया गर्दैन भन्ने जान्दाजान्दै पनि आमाको काखमा टाउको राखेर चिसो श्वास फेर्दै सौम्यलाई सम्झँदै आँसु बगाउँछिन् । मोरङमा पनि सौम्यलाई चिठी लेख्ने आवेगमा उनले मिहिनेत गरी पढिन् । स्मिताले सौम्यलाई आजीवन सम्झना राखेकी र सौम्यलाई ठीक बाटोमा ल्याउन भरमग्दुर प्रयत्न गरेकी छिन् । यसबाट स्मिताको उच्च नैतिक चरित्रमा अविचल निष्ठा रहेको पाइन्छ ।

कृष्णध्वजको परिवार मोरङ आएपछि मेजरको मौजा सम्हालेर बसे । पछि मेजरका परिवार पनि देशमा भूमिसुधार हुन लागेकाले केही समयका लागि आफ्नो मौजा मोरङ आएका नालायनीलाई खेलाउने, मेजर्नीको कपाल कोरिदिने, नालायनीले सरसफाई गर्ने आदि काम गर्नुपऱ्यो । सामन्ती परिवारले आफ्ना नोकर चाकरलाई लगाउने सामान्य कामका रूपमा लिन सकिन्छ । स्मिताले नालायनीलाई हिँड्न बोल्न सिकाइन् । स्मिताले सिकाउँदा सिकाउँदै पनि नालायनीले छि ता च ली आदि भन्न थाली । स्मिताले नालायनीलाई नानी र आफूलाई सी ता भन्न पनि सिकाइन् । जुन जीवनपर्यन्त रह्यो । मोरङमा रहँदा मेजरको जेठो छोरो सन्तबहादुर बिरामी परेरर मऱ्यो । स्मिता सहित कृष्णध्वजको परिवारले मेजरका परिवारलाई सान्त्वना दिए । पछि स्मिता मेजरको काठमाडौँस्थित घरमा पनि नालायनीलाई हेर्ने र शम्भुसँगै पढ्ने गरी बस्न थालिन् । मेजरले भूमिसुधार हुँदा अट्ठाइस विघा जमिन स्मितालाई दिए । साथै, उनलाई पटना विश्वविद्यालयमा र पछि नर्थ बङ्गाल विश्वविद्यालयबाट उच्च शिक्षा दिलाए । स्मिताको उज्ज्वल भविष्य कोर्न मेजर परिवारको ठुलो भूमिका देखिन्छ । स्मिताले पनि जीवन प्रयत्न यसको गुन मानिन् ।

स्मिताको दाम्पत्य जीवन सुखमय देखिन्छ । यिनले नर्थ बङ्गाल विश्वविद्यालयबाट इतिहास एमए गरेको आफूभन्दा चारवर्ष जेठो सुद्युम्नसँग दाम्पत्य जीवन सुख गरिन् । नालायनीले सिद्धान्तलाई पढाए । तैंले भनेपछि हुन्छ । त्यस्ता विद्वान्सँग विवाह गरिदिए बाँच्नु भनेको तेरो जीवन हो । आफ्नो लोग्नेलाई त्यति माया गर्छेस् । नङ र मासु भएका छौ । यसबाट

पनि स्मिताको जविन सुखमय भएको आँकलन गर्न सकिन्छ । यिनीहरूको विवाहपूर्व नै आपसमा प्रेम सम्बन्धले पनि प्रस्ट भएका थिए । सुद्युम्नका पिता राणाकालीन परिवेशमा नै अन्तर्जातीय विवाह गरेर तत्कालीन समयको समाजलाई अत्यन्त प्रगतिशील कदमको काम गरेको देखिन्छ । दीक्षितले यस उपन्यासमा अन्तरजातीय विवाहलाई विवाहप्रति मोह प्रकट गरेको कुरा उपन्यासमा नियाल्न सकिन्छ । स्मिता मार्फत् उपन्यासकारले जात, धर्म, भाषा, र कसैका विवाहको के अर्थ र भन्ने प्रगतिशील भनाइ राखेका छन् परन्तु स्मिता कार्कीले सुद्युम्न कार्कीसँग गरेको विवाहबाट के सन्देश दिन खोजेको भन्ने कुरा उपन्यासमा स्पष्ट छैन ।

स्मिताले अन्तरजातीय विवाहलाई मात्र सफलतापूर्वक लिएकी होइनन् यद्यपि उनी विधुवाको पक्षमा रहेकी छिन् । उनले नालायनीलाई भावनामा अझै कति उडिरहन्छस् भन्दै नालायनीलाई सम्झाउँछिन् । विगतको यथार्थ कुरालाई लिएर पश्चात्ताप गर्नुहुँदैन भन्ने कुरामा आफ्नो मत कडा रूपमा राख्छिन् । बरू उनी अगाडि भन्छिन् अब नयाँ जीवनको सुरुआत गर । स्मिताले नालायनीलाई सुरुको अवस्थामा पनि नालायनीलाई नानी तैले सिन्दुर लगाएर पहिले दिन बैठकमा आएपछि हामी सबैको तैलें सिउँदोमा सिन्दुर थपेस् भन्ने लागेर कति खुसी भएका थियौं तर तैंले मानिनस् किन हँ ? भन्नुले पनि यसको पुष्टि गरेको देख्न सकिन्छ ।

स्मिताले नालायनी र सौम्यलाई असल बाटोमा लाग्न प्रेरणा दिएकी छिन् । जनमत सङ्ग्रहमा सौम्यलाई सके चुनाव बहिष्कार गर्ने नसके पञ्चहरूतिर हाल्ने भन्दा उनले सौम्यलाई सम्झाउँदै परिवर्तनगामी शक्तितर्फ लाग्न अभिप्रेरित गरेकी छिन् । सौम्यलाई ठीक बाटोमा लाग्न सहयोग गर्न स्मिता सौम्यराज बसेको प्रगति लजमा पनि पुगिन् । सौम्यलाई आफू बिग्रिएको ठानेर मसित के नै कुरा किन गर्छ्यौं ? के फाइदा ... ? भन्दा उनले हेर सौम्य सानो फिलिङ्गो होइन चिन्गारीको आगो दन्किरहेको जस्तै छ भन्दै भित्रैदेखि उत्साहित पारिन् ।

स्मिताले सौम्यमा स्पष्ट जीवनदृष्टितिर पुग्नमा उसले आफ्नो जीवन र आफूलाई सच्चाउन सकेको देख्न सकिँदैन । स्मिताले सौम्यलाई व्यावहारिक जीवनवर्णन कुरा गर्न सिकाउँदै सहयोग गरेको पाइन्छ । नालायनी गोपीचन्दनभित्र लुकाएर सिन्दुर लगाउँथिन् । स्मितासँग भन्न चार्दै विधुवाको सिन्दुर अलच्छिन होइन र ? भन्दा स्मिताले अगाडि थप्दै भन्छिन्- जीवनलाई आफ्नो हातमा लेऊ र आफू सग्लो रहेर बहोर्न कोसिस गर । स्मिता नालायनीले विवाह गरेर नयाँ जविनको सुरूआत गरोस् भन्ने कामना गर्दछिन् । आफ्नो द्वन्द्वग्रस्त

मानसिकतामा मलहम लगाउने स्मिताको मृदु वचनले नालायनीलाई सान्त्वना दिन्थ्यो भन्ने कुरा स्मितासँग भएको कुराकानीमा व्यक्त गरेको पाउन सकिन्छ । उपन्यासमा नालायनीले एकदिन आफूले भोगेको यौनकुण्ठाले गर्दा हिस्टोरियाको सिकार बनेर ब्रान्डी खाएको र अचललाई समेत खुवाएको त्यसरात पतनको खाटमा झन्डै नजिकिएको, पछि आफैँले उद्धार गर्नुपर्दछ भन्ने बुझेर आफू सम्हालिएको बताउँदै हातले मुख छोप्तै रोइरहँदा स्मिताले नालायनीलाई तानेरै आफ्नो सोफामा आफूसँगै बसालिन् । उनले नालायनीलाई स्नेहसाथ सान्त्वना दिइन् । उनले मनका सबै संशयहरू गलेर जान्छन् । मुक्ति जीवन होइन, हृदयको अवस्था मात्र हो भनेर नालायनीलाई संशयबाट मुक्ति गरिन् । यसमा आफन्तको सम्भावित हत्याबाट सङ्कटग्रस्त अर्जुनलाई कृष्णले गीतामा रहेको जीवनदर्शनका कुरालाई आफ्ना प्रवचनद्वारा उद्धार गरेको जस्तै स्मिता नालायनीको उद्धार गरेको प्रतीत हुन्छ । यति मात्र होइन, नालायनीले मानसिक कुण्ठाबाट मुक्त भएपछि रातो किनार सारी र निधारमा सिन्दुर लगाएर सबैका सामु प्रकट परिवारका सामु देखापर्दा परिवारका सदस्यले त्यसलाई सहजतापूर्वक स्वीकार गरको पाउन सकिन्छ । नालायनीले स्मितालाई अत्यन्त श्रद्धाका साथ सम्मान गर्दछिन् । उनले आफूलाई निकास दिएको मा र आफूमा रहेको संशय र दूर गरिदिएकोमा नालायनीले स्मिताप्रति धेरै खुसी व्यक्त गर्दछिन् । साथै, स्मिताको उच्च सम्मान पनि प्रकट गर्दछिन् । नालायनीबाट व्यक्त गरिएको श्रद्धाको भावले पनि स्मिताको महानताको मूल्याङ्कन गर्न सकिन्छ । बाल्यकालदेखि नै स्मिता र नालायनी ज्यादै मन मिल्ने साथीका रूपमा आएको पाउन सकिन्छ । यी दुई मिलेर दुई महिनाजति देश भ्रमण गरेको थिए । त्यस्तै पूर्व पश्चिम हीमसागर पुस्तकालयको स्थापना र सञ्चालन, गोष्ठीको आयोजना र अन्य काममा पनि उनीहरूले सहकार्य गरेको पाउन सकिन्छ । नालायनीले कुनै बेला चोरेको सुद्युम्नको चाँदीको बट्टामा स्मिताले राखेर आफ्नो पहेलो फुलेको रौँसँगै नालायनीले पनि त्यस्तो रौँ राखेको र बट्टाको जतन गरेको प्रसङ्ग र उनीहरू सधैँ एक आपसमा आत्मीय हुन चाहेको देखिन्छ । उपन्यासमा स्मिताको गङ्गाको प्रवाह जस्तै पवित्र शान्त र स्थिर पाउन सकिन्छ । स्मिताका माध्यमबाट उपन्यासकारले आफ्ना आकाङ्क्षालाई व्यक्त गरेका छन् ।

### ५.२.३ सौदामिनी

'**त्रिदेवी**' उपन्यासमा रहेका तीनवटी देवीमध्ये एउटी देवी हुन् । सौदामिनी यिनी उपन्यासमा एक विद्वान् पात्रको रूपमा स्थापित छिन् । सौदामिनी शम्भुकी पत्नी र नालायनीकी भाउजू हुन् । यिनले मस्कोको त्याटिसी लुमुम्बा मैत्री विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय कानुनमा उच्चशिक्षा हासिल गरेकी छिन् । मस्कोमा पढ्दा गर्मीको छुट्टी मनाउन घुम्न जाँदा ह्याम्बुर्गको डचल्यान्ड फाइन आर्टस् ग्यालेरीमा शम्भुसित भेट र विहे भयो । सौदामिनीका बाबु यिनलाई जन्म दिएर भारतको आसाममा बेपत्ता भए भने आमालाई स्वीजरल्यान्डको एउटा पर्यटकले आफूसँगै बस्न स्वीजरल्यान्ड लगेकाले निःसन्तान मामा माइजूले यिनको हेरचाह गरेको देखिन्छ । सौदामिनी एक असलखालकी गृहणी हुन् । यिनको आफ्नै करेसाबारीमा उन्नत जातका विभिन्न किसिमका फलफूल तरकारी लगाउने/पारिवारिक जमघटमा सक्रिय हुने छलफल गर्ने र खानपानमा यिनी सहभागी हुन्थिन् ।

सौदामिनीको आफ्नै किसिमको जीवनदर्शन रहेको पाइन्छ । जीवनलाई यथार्थवादी भएर अगाडि बढनुपर्दछ भन्ने दृष्टिकोण उनमा थियो । यिनी मनमा भएको तर्क वितर्क गर्ने तर कुरा गर्दा रसिली थिइन् । धर्मको सम्बन्ध भावनासँग छ रीतिथिति परिवर्तित हुने कुरा हुन् भन्ने उनको सोचाइ थियो ।

सौदामिनी बारम्बार नालायनीको वैधव्यप्रति चिन्तित थिइन् । उनले शम्भुसँग वनारस गएर विधवा भएकी नन्दको घर मिलाइदिन कोसिस गरिन् तर घरमा नालायनी बस्न नसक्ने स्थिति भएपछि उनले नालायनीलाई सम्झाइन् ।

डुब्नेगरी मुखै देख्न नपाई गङ्गामा डुबेर गइसके । फेरि त्यही झर्कोलाग्दो सासु र रित्तो घरलाई कति सम्झिराख्न सक्या, हेर त भनेकी र सौदामीनीका दृष्टिमा नालायनीको रित्तो निधारमा असजिलो मान्दै अडिरहेको प्रसङ्गले उनमा रहेको कठिनता स्पष्ट हुन्छ । नालायनीमा रहेको यौनकुण्ठाको आभास सौदामनीले पाएकी थिइन् । आज यो नानीलाई के भयो हाँसो पनि कस्तो चर्को ? तर स्वास्नी मान्छेमा यो त ठीक होइन भन्ने उनलाई लागेको थियो ।

सौदामिनी नालायनीको हरेक कदममा साथ रहन्थिन् । नालायनीले सबैका सामु रातो किनारा भएको सारी र सिन्दुर लगाएर आउँदा पहिले विस्मित् भए पनि तुरुन्तै मैंया हजुरलाई यस्तो राम्री पहिलेदेखि नै देख्न पाएकी भए मलाई कति खुसी लागेको हुने थियो । आइस्योस्,

आज यो कुर्सीमा बस्सिने भन्दै शम्भु र आफ्नो बीच बसाल्नु यसको ज्वलन्त उदाहरण हो । अझ सौदामीनीले त लगाएको सिन्दुरका निम्ति ठोस गर्ने प्रस्ताव समेत राखिन् र नालायनीले केही आनाकानी गरेर स्वीकार गरिन् । पूर्व-पश्चिम हीमसागर पुस्तकालयको स्थापना गर्न र त्यसले गरेका गोष्ठी लगायतका काममा सौदामिनीले नालायनीलाई साथ दिइन स्मिता र शम्भुको देहवसानपछि नालायनीको साथमा उनी मात्रै थिइन् । पुस्तकालयको जिम्मा शैलुको लगायतकाले लिएपछि सौदामिनी र नालायनी मुक्तिनाथ दर्शन गर्दै अन्नपूर्ण तिलिचोमा महाप्रयाण निम्ति प्रवृत्त भइन् । यसरी सौदामिनीले नालायनीलाई मृत्युपर्यन्त साथ दिएकी छन् । तिलोचोमा स्मिता जीवनधारा, नालायनी अमृतधारा जस्तै सौदामिनी वसुन्धारा भएर हिँडिन् ।

सौदामिनीको बौद्धिक पात्रको रूपमा अर्को आयाम पनि छ । शम्भुको घरमा भइरहने पारिवारिक जमघटमा बौद्धिक विषयमा छलफल हुने गर्दथ्यो । त्यस्तो जमघटमा अक्सर सुद्युम्न र स्मिता पनि सहभागी हुन्थे । त्यस्तै एउटा छलफलमा मातृसत्ता र मातृश्रेष्ठता विषयक कुराकानी भएको थियो । स्मिताले मातृसत्ताभन्दा मातृश्रेष्ठताको आशय राख्दा सौदामिनीले हेनरी मार्गन र फ्रेडिक एङ्गेल्सका लिखित पुस्तक र पूर्वीय पौराणिक साहित्यको हवाला दिँदै मातृसत्ताको अस्तित्व रहेको कुरा स्पष्ट पारिन् । यसबाट सौदामिनीको बौद्धिकस्तरको मापन हुन्छ । उनी बौद्धिक विषयमा मात्र होइन कि समसामयिक राजनीतिक विषयमा समेत उत्तिकै चाख राख्दछिन् । २०३६ सालको राजनीतिक घटनामा उनले गहिरो चाख राखेको पाइन्छ । शम्भु र सौदामिनीले विदेशमा रहेका नेपाली माझ बहुदलीयताको पक्षमा भरपुर प्रचार समेत गरेका थिए । सौदामिनी त ४२ सालको सत्याग्रहमा भाग लिन उत्साहित भएकी थिइन् । परन्तु शम्भु आफूले सैनिक भएकाले अनुशासन निम्ति सौदामिनीले त्यसमा भाग लिन राम्रो नहोला भनेकाले रोकिइन् । उनले त्यसबखत भएको बमकाण्डको विरोध गरिन् । त्यस्तै उनले ४६ सालको आन्दोलनमा पतिबाट लुकाएर भित्रभित्रै सङ्घर्षको पर्चा बाँडेकी थिइन् । सरस्वती सदनमा कालोपट्टि बाँधेर विरोध गरेकाले हिरासतमा परेका नालायनी, स्मिता र सुद्युम्नलाई उनले भृकुटीमण्डपमा भेटेकी थिइन् । त्यसपछि भएको छलफलमा शम्भुले ढुङ्गाले प्रजातन्त्र होइन कि आतङ्क ल्याउँछ भन्दै त्यसो भए तीस वर्षसम्म जे थियो, ठीक भएको थियो ? अहिले अब जे भइरहेको छ गर्न नहुने काम भएका हुन् त ? यो संविधान आयोग चाहिँदैन त ? चुप लागेर

सबै सहनुपर्थ्यो त ? भनेर प्रतिवाद समेत गरेकी थिइन् । व्यवहार कुशल, दुरदर्शी र बौद्धिक सौदामिनी आफ्नो आन्तरिक सम्पदा र निस्पृहतालाई लुकाउँछिन् ।

सौदामिनीको दाम्पत्य जीवन सुखमय देखिन्छ । परिवारका अन्य सदस्यसँग सौदामिनीको सम्बन्ध सुमधुर पाइन्छ । सौदामिनी शम्भुको हरेक आग्रहलाई हार्दिकताका साथ लिन्छिन् । उनी शम्भुसँग बसेर ह्वीस्की पिउँछिन् र त्यो कुरा लुकाउँदिनन् तर असमयमा शम्भुलाई पनि खानबाट रोकेर निकटताको परिचय दिन्छिन् । राजनीतिमा उनी निकै चाख राख्दछिन् तर शम्भुले अनुशासनका कारण सत्याग्रहमा भाग नलिने आग्रह गर्दा उनले मानिन् । चरम शोषण हदभन्दा माथि देखिन्छ । मेजरले त मायालाई बडा मेजरले श्री ३ जुद्ध सामु चढाएर घोर कृतज्ञताको पो परिचय दिएका छन् । बिचरी माया भने गुनासोसम्म गर्दिनन् ।

## ५.२.४ माया बज्यै

माया बज्यै उपन्यासकी सहायक नारी पात्र हुन् । यिनले मेजरको घरी सुसारेको भूमिका पुरा गरेकी छन् । माया बज्यै एक बाल विधवा हुन् । गरिबीको कारण यिनी मेजरको घरमा रहेर अस्तित्वविहीन जीवन बाँच्न अभिशप्त छिन् ।

बाह्र वर्षकै उमेरमा विधवा भएपछि यिनी सासुद्वारा लघारिइन् । बाबुले पनि उनलाई जातै ढाँटेर कुनै लौकेको सहयोगमा मेजरको घरमा पोसाक हेर्ने सुसारेमा हालिदिए । उनले पोसाक हेर्ने मात्र नभई मेजरको घरमा आएदेखि नै मेजरको गोडा पुरा मिच्नुपर्‍यो । गोडा मिच्ने मात्र होइन कि उनी मेजरको यौन सन्तुष्टि पुरा गर्ने यौनदासी समेत हुन पुगिन् ।

मेजरले 'ए निबुवा ! यता आइज त' भनेर पाखुरामा समातेर बिछ्यौनातिर तानेको उनी सधैँ सम्झिन्छन् । यौन शोषणको चक्रमा बेरिदै उनले आफ्नी छोरी समेत गुमाइन् । माया बज्यै तरूनी अवस्थामा निकै सुन्दरी थिइन । उनको सुन्दरताको चर्चा त्यसबेलाका श्री ३ समक्ष पनि नपुगेको देखिन्छ । फलतः उनले श्री ३ को इच्छा पुरा गर्न दरबारमा पनि जानुपर्‍यो । श्री ३ राजपाठ छाडेर रिडी जाँदा उनी पुनः मेजरको घरमा फर्केकी थिइन् ।

माया बज्यै आफ्नो भाग्यको भर पर्ने अशिक्षित नारी हुन् । जीवनको अस्तित्वसम्म नभए पनि यिनले कसैप्रति गुनासो गरेकी छैनन् । माया बज्यै पाप कर्म गर्न हुँदैन भन्ने धारणाप्रति सचेत थिइन् । बाहुनी भएर पर पुरुषको गोडा मिच्दा परेकाले उनी बिग्रिएको महसुस गर्दछिन् ।

यसरी उनले आफ्नो माथि आस्था कायम राख्ने समेत नपाएको देखिन्छ । सचेतनाको अभावले उनी आफूमाथि ज्यादती गर्नेहरूप्रति कुनै नकारात्मक धारणा राख्दिनन् । बरू ललिता सुन्दरीका छोराछोरीलाई आफ्नै सन्तान जस्तै ठानेर हुर्काउँछिन् । नालायनी विधवा बनेकी देखेर माया बज्यै दुःखी हुन्छिन् । आफ्ना छोरी सिंहदरबारमा गुम्दा हुँदा उनको छटपटी समेत बाहिर पोखिनन् । त्यस्तो ज्यादती सहेर बस्दा पनि माया बज्यैले कुनै सहानुभूति प्राप्त गरिनन् । आश्चार्य त के छ भने ललिता सुन्दरी माया बज्यैले मेजरलाई गुन लगाउन पाएकी ठान्दछिन् । अझ आश्चार्य त स्वयम् उपन्यासकारले मायाप्रति कुनै सहनाभूति नदेखाउनुमा छ । माधवी र '**त्रिदेवी**' रचना गरेर नारी गरिमा बढाउने साहित्यकारको दर्जा राख्ने उपन्यासकार अझ कति बेला बढी आलोचित हुन्छन् भने वैसमा नै विधवा भएकी नालायनीको कुण्ठा र उनले भोगेको मानसिक तनावमा सिङ्गो उपन्यास नै तयार गर्ने यिनी बालबिधवा भएर चरम यौनशोषणमा परेकी मायाप्रति कुनै सहानुभूति देखाउँदैनन् । नोकर्नीमा कुनै मानवीय भावना नै हुँदैन जस्तो उपन्यासकारको ठम्याइ छ । एकातिर विधवा नालायनीको सिन्दुर लगाउन हुने कि नहुने जस्ता बहस उठाउने उपन्यासकार माया बजैमाथि यौनहिंसाप्रति बेखबर छन् । उपन्यासकारमा गरिब नारीको के हक किन सहानुभूति भन्ने सामन्ती सोच छयाल्लव्याल्ल रहेको देखिन्छ । यो उनको वर्गीय धारणा हो । उनी कथित तल्लो वर्गका मानिसलाई नै नगन्ने अभिजात्य घमण्डले ग्रसित देखिन्छन् । उपन्यासकारले अभिजात वर्गका पात्र र सामान्य वर्गका पात्रप्रति देखाएको सहानुभूति र घृणाभावले यसको पुष्टि हुन्छ । उनी नालायनीप्रति कहिल्यै असहिष्णु छैनन् परन्तु सौम्यप्रति भने कदम कदममा घृणा गर्दछन । त्यस्तै यौनहिंसाको सिकार भएकी कमरेड छुचुन्द्रीप्रति पनि उनमा कतै सहानुभूति पाइँदैन ।

### ५.२.५ कमरेड छुचुन्द्री

कमरेड छुचुन्द्री एक गौण नारी पात्र हुन् । यिनी सौम्यकी कान्छी पत्नी, सहधितालकी नातिनी र धितालको कथित कम्युनिस्ट पार्टीकी कार्यकर्ता हुन् ।

कमरेड छुचुन्द्री यौन शोषित नारी हुन् । सौम्य हेटौंडामा रहँदा धिताल बाजेले यिनलाई यौन उत्पीडनको सिकार बनाए र सौम्यसँग भने बाइफालेको आरोप लगाए । फलस्वरूप यिनले आफ्नो दाम्पत्य जीवन गुमाउनुपऱ्यो । सौम्यको पिटाइ खाएर यिनी माइत हिँडिन् ।

पछि पार्टीको राप्ती सम्मेलनमा कमरेड छुचुन्द्रीको रूपमा यिनी देखापरिन् । सौम्य आफ्नी पत्नी पार्टीको हर्ताकर्ता भएकी र बाजे जिएस बनेको देखेर क्रुद्ध हुँदै सम्मेलनस्थलबाट भागेका थिए । पछि सौम्य काठमाडौँ फर्कंदा यिनै कमरेड छुचुन्द्रीले लालेको सहयोगमा सौम्यलाई भक्कुमार चुटिन् । कमरेड छुचुन्द्री कसरी पार्टी कार्यकर्ता बनिन् भन्ने नखुले पनि धिताल बाजेले नै यिनलाई यो अवस्थामा ल्याएको स्पष्ट देखिन्छ । यिनले पछि अखबार चलाउन थालेको प्रसङ्ग सौम्यले चुनावमा भाग लिँदा उनको उम्मेवारीको विरोध गरिनुबाट स्पष्ट हुन्छ । उपन्यासकारले यिनी यौन पीडित बन्दा कुनै सहानुभूति दिएको पाइँदैन, बरू धिताल बाजेको गोटीका रूपमा नकारात्मक भूमिकामा यिनको स्थान निर्धारण गरिएको छ ।

### ५.२.६ ललिता सुन्दरी

ललिता सुन्दरी बडा मेजरकी धर्मपत्नीको भूमिकामा रहेकी एक गौण नारी पात्र हुन् । यिनी सन्ते, शम्भु र नालायनीकी आमा हुन् ।

मोरङ गाउँका बेला सन्तेको बालक अवस्थामा मृत्यु भएकाले यिनले पुत्रशोक व्यहोरेकी थिइन् । ललिता सुन्दरी उदारमना थिइन् । स्मिता उनेको घरमा बसेर पढ्न भनी आएकी थिइन् । मेजर्नीले शम्भु र नालायनी तेरै भाइ बहिनी हुन् भनेर आफ्नो उदारता देखाइन् । मेजरले उनकै सामुन्ने माया बज्यै र रेश्माको यौनउत्पीडन गर्दा पनि मेजरका विरुद्ध खासै सिकायत राखिनन् । बरू मायालाई तिमी र म एउटै त भयौँ नि भनेर आफू जेठी र माया कान्छी जस्तो भएको मानेकी छन् । मेजरले सुसारेमाथि गरेको यौन उत्पीडन उनलाई मन परेको थिएन । आफ्नी छोरी जस्ती बाहुनकी छोरीलाई बुढाले गिजोलेकोले बरू श्री ३ को दरबारमा नै मायालाई लगे हुन्थ्यो भनेर उनले कर्णेललाई उचालेकी थिइन् । अचललाई परिका कथा सुन्नेभन्दा प्रह्लाद र ध्रुवका कथा पढ्न सल्लाह दिएर उनी नैतिक आचरणमा अचललाई डोऱ्याउने इच्छा राख्दछिन् । ललिता सुन्दरी अन्धरूपी मान्ने अन्धविश्वासी पनि थिइनन् । छोरा र बुहारीले ह्वीस्की पिउँदा कुनै अवरोध नगर्नु यसको प्रमाण हो । अझ नालायनीले सिन्दुर लगाउँदा उनले खासै विरोध नगर्नुले यसको पुष्टि हुन्छ ।

### ५.२.७ शैलु

शैलु एक गौण नारी पात्र हुन् । यिनी स्मिताकी शिष्या हुन् । शैलुले स्मितालाई आदर्श अध्यापकका रूपमा चिन्छिन् र स्मिताले लिएको आदर्शमा हिँड्ने प्रयत्न गर्दछिन् । शैलुको सम्बन्ध नालायनीसँग भएको देखिन्छ । नालायनीले सुद्युम्नको टाई फ्याँक्न जाँदा शैलुको घरमा जानु र शैलुको लोग्नेको सिगार पाइप लिएर आएको प्रसङ्गले यसको पुष्टि गर्दछ । शैलुको सम्बन्ध फैलिएर पूर्व पश्चिम हीमसागर पुस्तकालयको सञ्चालनमा नालायनी र सौदामिनीलाई र पछि मेना र उत्तकलाई साथ दिनेसम्म पुगेको देखिन्छ ।

# अध्याय छ

# परिवेश विधान

## ६.१ पृष्ठभूमि

उपन्यासमा पात्रहरूको कार्यकलाप हुने र घटनाहरू घटने स्थान समयमा त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पात्रलाई बाँध्ने काम गर्दछ । कथानकलाई अगाडि बढाउन पात्रहरूले चलखेल गर्ने स्थान समय मानसिक अनुभूति नै पर्यावरण हो । यस अन्तर्गत देश काल र वातावरणको उचित प्रयोगले कथानक विश्वसनीय बन्दछ र पात्रहरूको पनि स्वाभाविक लाग्ने हुन्छन् । देशकालको खास अर्थ कार्य व्यापारको स्थान र समय हो जसमा समाजिक, राजनीतिक धार्मिक परिस्थितिहरू, आचार विचार आदि बोली चाली चालचलन रीतिरिवाज आदि पर्दछन् । पर्यावरणलाई उपन्यासमा सजीव ढङ्गले उपस्थित गराउन सकियो भने उपन्यासको कथानकले जिवन्त रूप पाउन सक्छ । वस्तुतः कुनै खास समयमा स्थान घटना घट्दा अर्थात कथानक अघि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुख, दुःख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै पर्यावरण हो । यसर्थ उपन्यासको संरचना तयार हुनुको लागि पर्यावरण पनि एक महत्वपपूर्ण भूमिका निर्वाहमा सहयोग गरेको हुन्छ ।

## ७.२ परिभाषा

मोहन हिमांशु थापाले दिएको परिभाषा यसप्रकार छ :

वातावरणलाई बाह्य र आन्तरिक पक्षका दृष्टिले विभाजन गर्न सकिन्छ । बाह्य पक्षलाई भौतिक पक्षको संज्ञा दिन सकिन्छ । यस अन्तर्गत वर्णित समाज चित्रण र प्रकृतिको चित्रणलाई राख्न सकिन्छ । वातावरणको आन्तरिक पक्षमा मानसिक पक्षको रूपमा लिन सकिन्छ (थापा, २०४७ : १२२) ।

राजेन्द्र सुवेदीले दिएको परिभाषा यसप्रकार छ :

वातावरणको आन्तरिक पक्षमा पात्रको मानसिकताको र यसको सुन्दरतालाई हार्दिकताको अभिव्यक्ति हुन्छ । आजभोलि उपन्यासको रचना गर्दा वातावरणको बाह्य पक्षलाई

भन्दा बढी आन्तरिक पक्षलाई महत्व दिने गरेको पाइन्छ । उपन्यासका पर्यावरणभित्र मान्छेका विधि, व्यवहार जीवनवृत्तका उपाय र जीवन पद्धतिका मूल्यहरू प्रकट भएका हुन्छन् *(सुवेदी, २०६४ : १०)* ।

### ६.३ पर्यावरण

उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ । पर्यावरण अन्तगर्त देशकाल र वातावरण पर्दछन् ।

### क. देशकाल

उपन्यासमा कुनै स्थानको सन्दर्भमा मिल्ने कुनै निश्चित समयवृत्तिको जीवनगाथा प्रकट गरिएको हुन्छ । यो उपन्यासकारको निमित्त वा सिर्जना हो किनभने देशकालले उपन्यासका घटना र चरित्रलाई उपयुक्त किसिमको पृष्ठभूमि प्रदान गर्दछ । मानिसले निर्माण गरेको परिवेशबाटै उसको व्यक्तित्व निर्माण हुन्छ । उपन्यासमा दृश्यात्मक पद्धतिबाट गति बढाउँदा स्पष्ट देशकाल आएको हुन्छ । देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । यसमा जीवनका कथा, रीतिरिवाज, रहनसहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेश जस्ता तत्वहरू पर्दछन् । उपयुक्त परिवेशले उपन्यासलाई जीवनसित निकट तुल्याउँछ । यो कथनको अभिन्न भागका रूपमा आउँछ र पछि के हुन्छ भन्ने जिज्ञासा पनि सिर्जना गर्छ ।
हडसनले देशकाललाई भौतिक वा स्थल र सामाजिक वा सूक्ष्म भनी दुई भागमा विभाजन गरेका छन् ।

भौतिक वा स्थल देशकाल भनेको चरित्रले कार्य गरेको स्थल (भूगोल) सम्वद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक, भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि हो । कहिलेकाहीँ परिवेशलाई आवश्यक कार्यको पुष्टिका लागि विपरीत ढङ्गबाट पनि प्रयोग गरिन्छ । डाइमन शमशेरको सेतो बाघ उपन्यासमा सुन्दर र शान्त प्रकृतिको चित्रण गरेर पनि हत्या देखाउनु यसको उदाहरण हो ।

देशकालको उपयुक्त आयोजनाले उपन्यासमा वर्णित घटना र चरित्रले गरेका कार्यहरूको विश्वासनीयतामा वृद्धि हुन्छ । भौगोलिक विशेषताले कतिपय संस्कारहरू पनि बोकेका हुन्छन् किनभने मान्छेले बाह्य संसार र आन्तरिक संसार (चेतन)का बिच समन्वय स्थापना गरिरहेको हुन्छ । त्यसैले देशकालको साँघुरोपना तथा चरित्रहरूको त्यसमा रहने भिजाइले गर्दा उपन्यासमा आञ्चलिकता उन्मुख स्थानीय रङगको अविर्भाव गराउँछ । त्यसो भए तापनि अलङ्करणका रूपमा प्रयोग गर्दा वा यथार्थको गम्भीर निरीक्षण गर्न देशकालको व्यापक सन्दर्भ प्रस्तुतिको भने उपन्यासमा औचित्य रहन्छ । यथार्थ देशकालको सिर्जना गरी लेखकले यति स्पष्ट चित्र अभिव्यक्त गर्दछ जसले गर्दा पाठकले त्यसलाई सत्य घटना जत्तिकै विश्वास गर्न थाल्दछ । यसबाट भावपरिमण्डलको प्रतीकात्मक वा बिम्बात्मक प्रयोग भई सौन्दर्यको अभिव्यञ्जना प्राप्त हुन्छ । अप्रत्यक्ष रूपमा यसमा कलाको गहिराइ व्यक्त हुन्छ र त्यसबाट प्रभावको द्रुत विकास पनि हुन्छ ।

उपन्यासकारले देशकालको प्रस्तुतिका लागि चित्रात्मक शैलीको अत्यधिक प्रयोग गरेको हुन्छ । कलाकारले कला सिर्जना गरेर त्यसमा सुन्दरता भरे जस्तो उपन्यासमा लेखकले आफ्नो क्षमता र भावको सङ्कुल प्रयोग गरी देशीय एवम् सामाजिक संस्कारका विविध चित्रहरू यथार्थपरक बनाएर प्रस्तुत गर्दछ । भ्रमर, मुलुक बाहिर, बसाइँ, खैरेनीघाट जस्ता अनेकौं उपन्यासमा चित्रात्मक शैलीको मिठास पाइन्छ । प्राकृतिक वर्णनलाई कतिपय उपन्यासकारले पात्रहरूको मनोदशासँग सम्बद्ध गरी पाठकलाई उचित भावबोध गराएको पाइन्छ ।

### ख. वातावरण

उपन्यासमा हुने कार्य व्यापारले पाठकमा छाड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकका मनमा उत्पन्न हुने सुख, दुःख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो । वातावरण देशकालभन्दा सूक्ष्म हुने हुँदा यसको सोझो सम्बन्ध पात्रहरूको भावनाको क्रियाकलापसँग रहन्छ । मानसिक अवस्थासँग सम्बद्ध हुने हुँदा वातावरणलाई भाव पनि भनिन्छ । उपन्यासको घटना वा पात्रकार्यले पाठकलाई कल्पनाको असीम उडानमा डुलाइदिने पनि हुन सक्छ जसले गर्दा उसका मनमा विषाद, आशक्ति, क्षोभ, हर्ष जस्ता गुण-अवगुणहरूका मूल फुट्छन् अर्थात् स्थायी

भावको उद्दीपन हुन्छ र तिनको समष्टिमा वातावरणको निर्धारण हुन्छ । शिरीषको फूलमा सुयोगवीरले अतीतमा गरेका नारीपीडनका आपराधिक वर्णन पढ्दै जाँदा पाठकमा त्रासदीय भाव जन्मिन्छ भने द्वन्द्वको अवसानमा कर्णले 'कुण्डल' र 'कवज' दान गर्दा कारुणिताको भावले लिप्त पार्दछ । त्यस्तै वातावरणको सृष्टिले अलिखितको कलालाई उच्चता प्रदान गरेको छ । माइतघरको वातावरण कारूर्णिक छ भने डापीको वातावरण त्रासद छ तर नरेन्द्रदाइको वातावरण मिश्रित रहेको छ ।

पात्रको मनस्थितिमा पैदा हुने भाव वा विचारलाई आधुनिक उपन्यासको चेतना प्रवाह शैलीको प्रयोग गरी नवीन ढङ्गमा सिर्जना गराएको देखिन्छ । नेपालीमा अनुराधा, घाम डुबेपछि, छेकुडोल्मा, उपसंहार अर्थात् चौथो अन्त्य यस किसिमबाट वातावरण सिर्जना गरिएका महत्वपूर्ण उपन्यास हुन् । लक्ष्यभित्रै सारवस्तु प्रस्तुत गर्नु रहेकाले खैरेनीघाट चाहिँ यस दृष्टिले बढी महत्वपूर्ण बनेको छ ।

**ग. स्थानीय रङ**

सबैजसो यथार्थवादी उपन्यासमा केही न केही मात्रामा स्थाानीय रङको प्रयोग गरिएकै हुन्छ तर देशकालका रूपमा भिन्न स्थाानीय रङ लिएर देखापर्ने उपन्यासको उद्देश्य नै त्यही कुरा देखाउन भयो भने त्यो आञ्चलिक हुन्छ । भिन्न स्थानको विशिष्टता प्रदर्शन गर्ने, भाषिक रीतिस्थिति, भेषभूषा, जीवनस्तर, सोचाइको दिशा तथा अनुभवको विशिष्टिकरण नै स्थानीय रङ हो । यस्तो स्थितिमा सामान्य मानवीय लक्षणका आधारमा नभएर वास्तविकताका आधारमा चरित्रचित्रण र समस्याको प्रस्तुतिकरण गरिएको हुन्छ । कार्यपिठीका पनि भनिने देशकाल निकै प्रादेशिक भएर आएको हुँदा स्थाानीय रङमा भौगोलिक उपस्थिति, स्थलहरूको विवरण धार्मिक, सामाजिक तथा संवेगात्मक वातावरण, मानिसको पेसा व्यवसाय तथा दैनिक व्यवहार, सांस्कृतिक या परम्परागत चाडपर्व, निश्चित जाति क्षेत्र वा समुह आदि पर्दछन् भने यिनै विशेषतामा आधारित भएर पनि उपन्यास रचना गरिन्छ । यसरी रचना गरिएको उपन्यास आञ्चलिक हुनाको अर्थ के हो भने त्यसमा उपस्थापन नै प्रमुख लक्ष्य रहेको हुन्छ जसले गर्दा स्थाानीयताको प्रधान भूमिका उपन्यासका अन्य तत्वहरू गाभिएका हुन्छन् ।

देश भनेको भावनात्मक सङ्गठनको मूर्त रूप हो जसमा अनेक थरी परिचयका स्वरूपहरू प्रस्फुटन भएका हुन्छन् । भाषाका पनि अनेक भाषिकाहरू हुन्छन् भने जीवनधारा पनि भिन्नभिन्नै बगिरहेका हुन्छन् । आञ्चलिक उपन्यासले विकसित समाजबाट सोचाइको स्तरमा निकै टाढा रहेको एउटा सिङ्गो र विशिष्ट जीवनपद्धतिसँग परिचय गराउँछ । साथै, त्यस ठाउँका पात्रको मानसिकता, आकाङ्क्षा, पूर्वाग्रह, गुन-बैगुन आदिलाई नजिकबाट नियालेर प्रस्तुत गर्दछ । यस्तो उपन्यसको खोजी वा अन्वेषण त्यस्तो ठाउँमा केन्द्रित हुन्छ जहाँको जीवनको ढङ्ग ढाँचा हेरेर टाढैबाट केही फरकपन आँकलन गर्न सकिन्छ । यस्ता उपन्यासका चरित्रहरू खास ठाउँका प्रतिनिधि हुन्छन् । त्यसमा भाषिकाको स्वतन्त्र प्रयोग गरिन्छ र कथानक स्थाानीयतासँग अन्योन्याश्रित भई बाँधिन्छ ।

शङ्कर कोइरालाको खैरनीघाट आञ्चलिकताका दृष्टिले सर्वोत्कृष्ट उपन्यास हो । सिन्धुली जिल्लाको एउटा गाउँ कोथपेमा बसेका माझीहरूको जीवन र सुनकोसी वारिपारिको परिवेश यसमा अत्यन्तै जीवन्त रहेको छ । त्यस्तै धच गोतामेका घामका पाइलाहरू र यहाँदेखि त्यहाँसम्मले वीरगञ्जको निर्माणाधीन सहरिया जीवन बारा जिल्लाको मुर्किपिलिया गाउँ नजिकबाट पर्यवेक्षण गरेका छन् । रमेश विकलको अविररल बग्दछ इन्द्रावतीले इन्द्रावती नदीकिनारका माझी र शोषणको जीवनचरित्र उद्घाटन गरेको छ भने ध्रुवचन्द्र गौतमको अलिखितले चाहिँ कल्पित गाउँ विरहीनपुर बरेवाका माध्यमबाट तराइली नेपाली जीवनको यथार्थ परिवेश प्रस्तुत गरेको छ । त्यस्तै दौलत विक्रम विष्टको ज्योति ज्योति महाज्योतिले पशुपति क्षेत्रको परिवेशलाई यथार्थ ढङ्गले पेस गरेको छ । हिरण्य भोजपुरेको छिटेन (२०५४)ले मनाङको देशकाललाई राम्रोसँग प्रस्तुत गरको छ ।

## ६.४ 'त्रिदेवी' उपन्यासको परिवेश विधान

### ६.४.१ आन्तरिक परिवेश विधान

'**त्रिदेवी**' उपन्यासमा व्यापक परिवेश ओगटेको देखिन्छ । यसको आख्यान वीरगञ्जको निकटवर्ती ग्रामीण पृष्ठभूमिमा श्री ३ जुद्ध शमशेरको शासनकालमा आरम्भ भई २०४८ मा काठमाडौं महानगरमा पुगेर नालायनी र सौदामिनी तिलिचो महाप्रस्थानका साथ टुङ्गिएको छ । समयगत हिसाबले हेर्दा यसले लगभग एक शताब्दी जतिको कालखण्ड ओगटेको देखिन्छ । यस

उपन्यासमा नेपालका विभिन्न भू-भाग रामपुर वा वीरगञ्ज भगवानपुर, गोरखाको मनकामना, मकवानपुरको हेटौँडा, झापाको चारआली काठमाडौँका महत्वपूर्ण पर्यटकीयस्थलको पनि प्रत्यक्ष रूपमा वर्णन गरिएको छ ।

### ६.४.२ बाह्य परिवेश

'**त्रिदेवी**' उपन्यासमा बाह्य परिवेशका विभिन्न राजनीतिक केन्द्रहरू, दिल्ली बनारस लगायत भारतका महत्वपूर्ण स्थलहरूको उपन्यासमा उपस्थित गराइएको छ । यस उपन्यासले भारतमा मात्र सीमित नरही युरोपका केही ठाउँहरूलाई पनि समावेश गरिएको छ । जर्मन, इटाली, फ्रान्स जस्ता ठाउँहरू पनि उपन्यास समेटिएकाले यस उपन्यासले बाह्य परिवेशलाई पनि व्यापक रूपमा समेटको देखिन्छ ।

## ६.५ 'त्रिदेवी' उपन्यासको परिवेश विधानको विश्लेषण

मदनमणि दीक्षितले '**त्रिदेवी**' उपन्यासमा व्यापक परिवेश ओगटेको थाहा पाउन सकिन्छ । उपन्यासले राणाकालीन परिस्थित, २००७ सालपछिको परिस्थिति पञ्चायतकालसम्मको परिस्थितिभित्रको कुरालाई पर्यावरणका रूपमा देखाएका छन् । अतीतको रूपमा समाज वर्तमानको साक्षात्कार र भविष्यतको प्राक्कल्पना रहेको छ । त्यसैले यो उपन्यास त्रिआयामिक बन्न गएको छ । यसको आख्यान तराईको निकटवर्ती ग्रामीण पृष्ठभूमिमा १९९२ देखि २०४८ सालसम्मको अवस्थापछि समाविष्ट गराएका छन् । काठमाण्डौ महानगरदेखि सौदायिनीको तिलिचो तालसम्मको पर्यावरण यसले ओगटेको छ । समयको हिसाबले हेर्दा यसमा लगभग अध्ययन शताब्दी जति कालखण्ड ओगटेको पाउन सकिन्छ । उपन्यासमा नेपालका विभिन्न ग्रामीण भेगका बस्तीहरूको प्रमुख रूपमा वीरगञ्ज, मकवानपुर, मनकामना, हेटौडा, काठमाडौँ, चारआली, सिलगुडी यसको रोम, जर्मनी, पेरिस आदि देश विदेशका विभिन्न भू-भागहरूको वर्णन गरिएको छ । यसको परिवर्तित राष्ट्रिय रूपमा मात्र सीमित नरही अन्तर्राष्ट्रिय तहसम्म फैलन पुगेको छ । यति भएर पनि काठमाडौँको परिवेश उपन्यासको मुख्य परिवेश हो ।
'**त्रिदेवी**' उपन्यासले नेपालको राणाकालीन परिवेशकको वर्णन लगरेको छ । दिउँसो साढे तीन बजे सिंहदरबारमा पहिलो चोकको पार्टीको चाकरीदारहरूले भरिँदै गएको थियो ।

सिंहदरबार मूल ढोका बाहिर सामान्य चाकडीहरूको भीड थियो । त्यो ढोकाभित्र देब्रेतिरको ब्यारेक अगाडिसम्म दोस्रो कोटिका चाकरीदारहरू आउन र चाकडी खुल्नेलाई पर्खिदै थिए । त्यहाँ पचास साठी जना उभिएका थिए । आपसमा साउती गरे झैँ विस्तारै कुरा गर्दै सिंहदरबार पहिलो तलाको उत्तर कुनातिर एकटक लगाएर हेरिरहेका थिए । त्यही बुर्जामा देखापरेर श्री ३ जुद्ध दर्शन दिन्थे । त्यो बुर्जा मुन्तिरको फराकिलो सडकमा थप पचास साठी जना एक आपसमा आँखा र हातले मात्र कुरा गर्दै चुपचाप बुर्जातिर हेरिरहेका थिए ।

त्रयसरी उपन्यासमा वर्णित यस सन्दर्भबाट राणाकालीन दरबारिया चाकरीबाजलाई निकै प्रश्रय दिइने तथ्य प्राप्त गर्न सकिन्छ । श्री ३ महाराजको चाकडीका निम्न भेला हेर्न चाकरीदारका लागि निश्चित स्थान तोकिएको र त्यही स्थानमा श्री ३ को दर्शन मिल्ने कुरा व्यक्त गरिएको छ ।

महाराजले आफैँले चिच्याउँदै भने- तेरो काम छ भनेको मैले काम पाउँछस् भनेको होइन ? ल जा अब यो मेजरकी विधुवाकै सुसारे कस्ती रै'छ हँ ? जुद्धले आफूलाई देखे हात कुममा राखेर हिडिरहेकी एउटी सुसारेतिर हेर्दै भने तेह्र वर्षकी छे हजुर । सुसारेले सानै सासले भने । उता पाले जो निगाहा सरकार भन्दै हात जोड्दै मेजर आफ्नो दाहिने पाइला सार्दै हिँड्यो, (पृ. ६२) ।

उपन्यासमा आएका यहाँ मेजर मनबहादुर थापा आफ्नो घरमा काम १३ वर्षकी केटीलाई श्री ३ लाई चढाउन मञ्जुर भएको छ । यसले राणाकालीन दरबारमा केटीहरूको किनबेच हुने गरेको कुरालाई इतिहासमा देखाउँछ ।

उपन्यासका विभिन्न पात्रहरूले नेपालका विभिन्न पर्यटकीय ठाउँहरूमा जारी मैनापोखरी, चरिकोट, चाँगुनारायण आदि विभिन्न पर्यटकीय स्थलहरूमा पुऱ्याउँछन् । पश्चिम नेपालको बुटवल रूपन्देही कार्यक्षेत्र भएका अर्घाखाँचीका मोहना र उनको मानव महाकाव्यको चर्चा ध्रुवचन्द्र गौतमको उपन्यास विसङ्गतिवादको व्याख्या गर्नेक्रममा मधेसभित्र मधेस, मध्य पहाडी तथा हिमाली भागका प्रकृतिको वर्णन राम्रोसँग गरिएको छ । यसरी वर्णन गर्नेक्रममा स्मिताले त्यस क्षेत्रको वर्णनमा भनेकी छिन् ।

आज यस्तो रहे पनि हिजोका त्यो हिँडेको वासना आज पनि त बाँकी होला नि ! दीक्षितको मानव महाकाव्यमा पनि त्यही माटामा जन्मिएको होइन र ? उपन्यासको अन्त्यमा

हिमाली भागको विचार र दिव्यसौन्दर्यको वर्णन प्रभावकारी बनेको छ । हेरिस्योस् चन्द्र ज्योत्सर्नाका कति शान्त हावा र स्वच्छ देखिन्छ, (पृ. ३१३) ।

यस उपन्यासले उपत्यका रूपमा २०३६-२०४६ सम्मका अवस्थालाई महत्वपूर्ण दिएको छ भने सङ्क्षेपमा राणाकालीन परिवेश र २०४६ पछिको परिवर्तित राजनीतिक गतिविधिको व्याख्या गरेको छ । स्थानको हिसाबले नेपालमा विभिन्न भरिएको छ । यस उपन्यासमा खासगरी उपत्यका, त्यस वरिपरिका सिन्धुली मध्यनेपालका तराई पहाड तथा मुक्तिनाथ र मनकामना लगायत पश्चिम नेपालका स्थानहरूको वर्णन यस उपन्यास गरिएको पाइन्छ । त्यस्तैगरी भारतका राजनीतिक चेतनाका केन्द्रविन्दुका रूपमा रहेका वाराणसी, पटना, उत्तर बङ्गाल आदि स्थानहरूको वर्णन गरिएको छ । त्यसैगरी, युरोपमा रोम भएकोलाई पनि उपन्यासमा महत्व दिइएको छ । उपन्यासले केन्द्रीय परिवर्तित रूपमा रहेको काठमाडौंको पर्यावरणको वर्णन उपन्यासमा यसरी गरेको पाउन सकिन्छ ।

यस उपन्यासमा नालायनीको जीवनीमा दौडिन सकिन्छ । नालायनीको जीवन सुरुमा सामान्य थियो । अहिले उनको जवीनमा तुँवालोले ढाकेको छ ।

यस उपन्यास सिमाना रहेर उपन्यासका पात्रहरूले बौद्धिक, वैचारिक, शैक्षिक, नैतिक आदर्शवादी र यसको अनुभूति तथा मुख्य रूपमा आवद्ध क्रियाकलानपहरू अभिव्यक्त गरेका छन् । जाति, क्षेत्र, स्थान, सामाजिक परिवेश र जनसङ्ख्याको सहज अभिव्यक्ति परिवेशले उपन्यासलाई जिवन्तता प्रस्तुत गरेको छ ।

# अध्याय सात
# भाषाशैली

## ७.१ पृष्ठभूमि

शैली सम्बन्धी आधुनिक चिन्तनको चालनी दुईवटा अन्तर्राष्ट्रिय गोष्ठीहरूबाट भएको हो । शैली विषयका पहिलो अन्तर्राष्ट्रिय गोष्ठी १९५८ ई. मा अमेरिकाको सोसल साइन्स रिसर्च काउन्सिल तथा इन्डियन विश्वविद्यालयको संयुक्त तत्वाधानमा भएको थियो । दोस्रो अन्तर्राष्ट्रिय गोष्ठी चाहिँ १९६९ ई. मा रकफेलर फाउन्डेसनका तर्फबाट इटलीमा भएको थियो । पहिलो गोष्ठीका कार्यवाही र कार्यपत्रहरू टीए सेव्यिोकद्वारा सम्पादित स्टायल इन ल्याङ्वेज नामक पुस्तकमा र दोस्रो गोष्ठीका कार्यवाही र कार्यपत्रहरू सेमुर च्याटमेनद्वारा सम्पादित लिटररी स्टाइल : ए सिम्पोजियम नामक पुस्तकमा प्रकाशित छन् ।

उपर्युक्त दुई गोष्ठीहरूले शैलीलाई प्राचीन धारणा र अर्थभन्दा भिन्न रूपमा स्थापित गरेका छन् । आधुनिक समयमा परिभाषित र स्थापित शैली प्राचीन ग्रीसेल शैलीशास्त्रद्वारा निर्दिष्ट शैली पनि होइन र पूर्वीय साहित्यशास्त्रमा विवेचित शैली पनि होइन । यो शैली भाषाविज्ञानको जगमा अडेको शैली हो । आधुनिक दृष्टिमा शैली साहित्यको अपरिहार्य तत्व हो । शैली विधिवत् अध्ययन गर्ने शास्त्रलाई शैलीविज्ञान भनिन्छ । यसको कार्यशैलीका माध्यमबाट साहित्यको वस्तुवादी र भाषावादी विश्लेषण तथा व्याख्या गर्नु हो ।

## ७.२ शैलीका आधुनिक परिभाषाहरू

शैलीलाई विभिन्न किसिमबाट परिभाषित गरिएको पाइन्छ । विभिन्न दृष्टिमा गरिएका मुख्य मुख्य परिभाषाहरू तल प्रस्तुत छन् :

**१. शैली चयन हो ।**

**क) अर्किबाल्ड ए हिल-** शैली समान एकाइहरूका माझबाट गरिने त्यस्तो चयन हो, जो भाषाद्वारा प्रत्येक भाषिक स्थितिमा प्रयोक्तालाई उपलब्ध गराइन्छ (इन्ट्रोडक्सन टु लिङ्ग्विस्टिक स्ट्रक्चर्ज) ।

**ख) चार्ल्स इ. अस्गुड-** शैलीका विद्यार्थीको अभिरुचि चयनको साङ्ख्यिकीय गुणमा हुन्छ । चयनमा निकै हदसम्म मुक्तता रहन्छ (सम इफेक्ट्स अफ मोटिभेसन अन स्टाइल अफ इनकोडिङ, स्टाइल इन ल्याङ्ग्वेज) ।

**ग) रिचर्ड्स ओहम्यान-** शैली परिधीय अलङ्करण नभएर ज्ञानात्मक चयन हो । शैलीको अध्ययनले कृतिकारको सबैभन्दा बढी स्थायी ज्ञानात्मक स्थितिलाई बुझ्न बाटो देखाउँछ (शाः द स्टायल एन्ड द म्यान) ।

**घ) रोजर फाउलर-** शैली भाषाको संरचनामा चलहरूको परिचालनमा अथवा वैकल्पिक वा अन्तर्निहित अभिलक्षणहरूको चयनमा निहित हुन्छ (लिङ्ग्विस्टिक थियरी एन्ड द स्टडी अफ लिटरेचर, एसेज अफ स्टाइल एन्ड ल्याङ्ग्वेज) ।

**ङ) जे. डब्लु टर्नर-** शैलीका समस्त धारणाहरूको आधारभूत तत्व चयन हो भन्ने देखिन्छ ( स्टाइलिस्टिक्स) ।

**च) राल्फ स्यान्डेल-** शैली भाषाको अर्थेतर चयनको विशिष्ट कौशल हो (लिङ्ग्विस्टिक, स्टाइल एन्ड पर्सुएसन) ।

**छ) लियो हिक्की-** शैली भाषिक अभिलक्षणहरूको चयनको परिणाम हो (प्राग्मेटिक्स अफ स्टाइल) ।

**२. शैली चयन र संयोजन हो ।**

**क. एल टी मिलिक-** शैली भाषिक साधनहरूको त्यस्तो वैयक्तिक चयन हो, जसलाई सारपूर्ण वैयक्तिक विभिन्नताहरूको संयोजनद्वारा बलपूर्वक उपस्थित गरिन्छ । (अकन्सस् अर्डरिङ इन द प्रोज अफ स्विफ्ट, कम्प्युटर एन्ड लिटररी स्टाइल) ।

**ख. डी लिखासेभ-** शैली यथार्थको प्रत्यक्ष र त्यस कलात्मक पद्धतिको संयोजन हो, जसको चयन सर्जकले गर्छ (द पोएटिक्स अफ एसियन- रसन लिटरेचर) ।

**ग. मिस माइल्स-** शैलीले चयनलाई अपरिहार्य तुल्याउँछ । यसले कथ्य र अभिव्यक्ति दुवै स्तरमा सामग्री छान्ने र त्यसको संयोजन गर्ने कार्य गर्छ (स्टाइल ऐज स्टाइल, लिटररी स्टाइल : सिम्पोजियम) ।

**३) शैली विचलन हो ।**

**क. एल स्पिटजर**- शैली मानकबाट विचलन हो । (लिङ्ग्विस्टिक एन्ड लितररी हिस्ट्र स्टेप : एसेज इन स्टाइलिस्टिक्स) ।

**ख. एई डर्विसायर**- मानक के हो भन्ने थाहा छ भने शैलीलाई मानकबाट विचलनका रूपमा परिभाषित गर्न सकिन्छ (ग्रामर अफ स्टाइल) ।

**ग. टी. तोदोरोभ**- शैली मानकको अतिक्रमण र उल्लङ्घन हो (द प्लेस अफ स्टाइल इन द स्ट्रक्चर अफ द टेक्स्ट, लिटररी स्टाइल : ए सिम्पोजियम) ।

**घ. यू बी बोरेभ**- शैली त्यसखालको सूचनात्मक अथवा अभिव्यञ्जनात्मक भाषिक संरचना हो जसलाई मानकका अपेक्षा विचलनबाट प्राप्त अथवा निर्धारित गरिन्छ (द नेचर अफ स्टाइल एन्ड स्टाइलिस्टिक एनसिसिस, मार्क्सिस्ट, लेनिनिस्ट एस्थेटिक्स एन्ड द आर्ट्स) ।

**ङ. कटी वेल्स**- शैली विचलनका रूपमा उपस्थित हुन्छ (ए डिक्सनरी अफ स्टाइलिस्टिक्स) ।

**४) शैली वितरण हो ।**

**क. बर्नार्ड ब्लाख**- शैली भनेको भाषिक अभिलक्षणहरूको सम्भाव्यता र प्रायोगिक वितरणले बोकेको सन्देश हो । (लिङ्ग्विस्टिक एनालिसिस्) ।

**ख. जेलिग ह्यारिस**- शैली वितरणको कुञ्जी हो (स्ट्रक्चरल लिङ्ग्विस्टिकस) ।

**५) शैली कथ्य पनि हो रूप पनि हो ।**

**क. नोभिन्चेको**- व्यापक अर्थमा शैली कृतिको यस्तो विलक्षणता हो जसले कथ्य तथा रूप दुबैका विशिष्ट अभिलक्षणहरूको उद्घाटन गर्छ (द डाइभर्सिटी अफ आर्टिस्टिक फार्म एन्ड स्टाइल इन सोसलिस्ट रिलिस्ट लिटरेचर प्राब्लम्स अफ सोसलिष्ट रियलिज्म) ।

**ख. ई एल्सवर्ग**- शैली कथ्य र अभिव्यक्तिको त्यस्तो अन्विति हो, जसले कृतिको कथ्य र कृतिको रचनाका कारण तथा कृतिकारको दृष्टिकोण एवम् लेखन पद्धतिका प्रभावमा कलारूपका सबै तत्वहरूको संस्लेषण, तीनको परस्पर क्रियाशीलता र विकास प्रक्रियाबाट जन्म लिन्छ । ( इन्डिभिजुयल स्टाइल एन्ड द प्राब्लम्स द्याट एराइज फर द लिटररी हिस्टोरियन एन्ड थियरिस्ट इन देयर स्टडी, स्टाइल, द वर्क एन्ड लितररी डेभलप्मेन्ट) ।

**ग. भी कोभालोभ-** शैली कथ्य र रूप दुवै हो (द डाइभर्सिटी अफ स्टाइल इन सोभियत लिटरेचर) ।

**घ. ए शोकोलोभ-** शैली रूपको यस्तो संश्लिष्ट पद्धति हो, जो कृतिको कथ्य र क्रियात्मक रचनाविधानबाट निरन्तर क्रियाशील रहन्छ (द थियरी अफ स्टाइल) ।

**६) शैली भाषा हो ।**

**क. भर्नर विन्टर-** शैली सामाजिक भाषिकाको विशिष्ट प्रकार हो (स्टाइल एज डाइलेक्ट्स, प्रोसिडिङ्स अफ द नाइन्थ इन्टरनेसनल कङ्ग्रेस अफ लिङ्ग्विस्टिक्स) ।

**ख. रेमन्ड च्यापमेन-** शैली भाषा वैविध्य हो (लिङ्ग्विस्टिक्स एन्ड लिटरेचर) ।

**ग. निल्स एरिक एङ्क्विस्ट-** शैली सन्दर्भमा आबद्ध भाषा हो । यो भाषाको सन्दर्भबद्ध विविधता पनि हो र मानक एवम् पाठका विभिन्नताहरूको समुच्चय पनि हो (स्टाइलिस्टिक्स एन्ड टेक्स्ट लिङ्ग्विस्टिक्स, करेन्ट ट्रेन्डस इन टेक्स्ट लिङ्ग्विस्टिक्स) ।

**घ. ज्योफ्री एन् लीच-** शैली पाठसँग सम्बद्ध भाषिक अभिलक्षणहरूको कुल योग हो ( स्टाइलिस्टिक्स, डिस्कोर्स एन्ड लिटरेचर) ।

**७. शैली अर्थ हो ।**

**क. मिखाइल रिफातियर-** शैलीलाई कृतिको भाषिक संरचनाद्वारा सम्प्रेषित सूचनाको अभिव्यञ्जनात्मक, प्रभावपूर्ण र सौन्दर्यमूलक अर्थचापका रूपमा हेरिन्छ (क्राइटेरिया फर स्टाइल एनालिसिस वर्ड) ।

**ख. एल डोलजेल र के एच् ब्लाख-** शैली रूपको अभिव्यक्ति मात्र होइन, सम्प्रेषणको आर्थी पद्धति पनि हो (पोएटिक्स एन्ड स्टाइलिस्टिक्स, पोएतिका) ।

**ग. ग्राहम हफ-** शैली अर्थको पक्ष हो (स्टाइल एन्ड स्टाइलिस्टिक्स) ।

**घ. रोलाँ बार्थ-** शैलीको निर्माण कतिपय आर्थी स्तरहरूबाट हुन्छ ( स्टाइल एन्ड इट्स इमेज, लिटररी स्टाइल : ए सिम्पोजियम) ।

**ङ. एस् सेव्योक-** शैली कृतिका आर्थी संरचनाको विशिष्ट कारक हो । साथै यो आर्थी संस्लेषणको कारक पनि हो (आर्ट एन्ड ह्युमन रोल्स इन द एक्सन अफ द वर्ल्ड, म्यान एन्ड आर्ट इन स्ट्रक्चर अफ द वर्ल्ड ) ।

**च. क्वेतोस्लोभ स्वातिक-** शैली अन्तर्वस्तु र कलात्मक अर्थलाई सङ्घटित गर्ने ठोस पद्धति हो ( द प्राब्लम अफ स्टाइल फ्रम द स्टयान्डप्वाइन्ट अफ जेनरल थियरी अफ आर्ट, लिङ्ग्विस्टिक एन्ड लिटररी स्टडिज इन इस्टर्न युरोप) ।

**छ. लियो हिक्की-** शैली भनेको लक्ष्यार्थ वा प्रतीयमान अर्थ हो (पूर्ववत्) ।

## ७.३ शैलीका प्रकार

विभिन्न विद्वान्ले शैलीका विभिन्न प्रकार बताएका छन् । मुख्य मुख्य विचारकहरूले निर्दिष्ट गरेका शैलीका प्रकारहरू छोटो विवरण तल प्रस्तुत गरिएको छ :

**१. रेने वेलेकद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. वैयक्तिक शैली

ख. आलङ्कारिक शैली

ग. युगीन शैली

घ. कृतिगत शैली

ङ. कलात्मक शैली

**२. सी अस्गुडद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. वैयक्तिक शैली,

ख. परिस्थितिगत शैली

**३. जोसेफ वाचेकद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. व्यष्टिपरक शैली

ख. समष्टिपरक शैली

**४. जेनकिन्सद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. कृति शैली

ख. व्यक्ति शैली

**५. लुबोमिर डोलजेलद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. वार्तालापीय शैली

ख. प्रचार शैली

ग. वैज्ञानिक शैली

घ. कलात्मक शैली

**६. रुर्लो वेल्सद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. वर्णनात्मक शैली

ख. मूल्याङ्कनपरक शैली

अ.नामिक शैली

आ. क्रियात्मक शैली

**७. एच् ए ग्लिसनद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. कथ्य शैली

अ. वक्तात्मक शैली

आ. विचारात्मक शैली

इ. कारणात्मक शैली

ई. आकस्मिक शैली

उ. आत्मीय शैली

ख. लेख्य शैली

अ. अतिऔपचारिक शैली

आ. औपचारिक शैली

इ. अर्धऔपचारिक शैली

ई अनौपचारिक शैली

उ. आत्मीय शैली

**८. मार्टिन जुसद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. वैयक्तिक शैली

अ. आत्मीय शैली

आ. अनौपचारिक शैली

ख. सार्वजनिक शैली

अ. परामर्शक वा व्यावसायिक शैली

आ. औपचारिक वा मञ्चीय शैली

ग. कलात्मक-साहित्यिक शैली

**९ आर आर गाल्प्रिनद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. अति साहित्य शैली

ख. प्रचारात्मक शैली

ग. समाचारपत्रीय शैली

घ. वैज्ञानिक शैली

ङ. कार्यालयीय शैली

**१०. निल्स एरिक एङ्कविस्टद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. व्यक्ति शैली

ख. वर्ग शैली

**११. डब्लु ओ ह्यान्ड्रिक्सद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. प्रतिफलनात्मक समूह शैली

ख. साहित्यिक समूह शैली

**१२. रर्बट क्यावेल्सनद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. सकर्मक शैली

ख. अकर्मक शैली,

ग.अकर्तक शैली

**१३.युरी लोटमानद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. प्रत्याशापरिपूरक शैली

ख. प्रत्याशावाधक शैली

**१४ रोजर फाउलद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. दृष्टिशैली

**१५. ज्योफ्री एन्. लीच र मिखाइल एच् सार्टद्वारा निर्धारित शैलीका प्रकारहरू**

क. सामान्य दृष्टिशैली

ख. असामान्य दृष्टिशैली

ग. अति असामान्य दृष्टिशैली

## ७.४ 'त्रिदेवी' उपन्यासमा भाषाशैली

उपन्यासको संरचनामा भाषाशैलीको महत्वपपूर्ण स्थान रहेको हुन्छ । भाषाविना संसारका कुनै पनि भाषाले आफ्नो गतिलाई अगाडि बढाउन सक्दैन । साहित्य सिर्जनामा भाषाले बृहत् स्थान ओगटेको हुन्छ । अझ विस्तृत रूपमा भन्नुपर्दो हो त उपन्यास जगत्मा त यसको महत्व अत्यधिक रहेको हुन्छ । उपन्यासमा गद्य भाषाको प्रयोग गरिन्छ जसबाट समाजका विविध घटनाहरू यथार्थ ढङ्गले उतार्न सकिन्छ । उपन्यास दृष्य विधा नभएकाले यसको फोटो पाठकको अवस्था उतार्ने काम भाषाले गर्दछ । त्यसैले उपन्यासको भाषा कलात्मक हुनुपर्दछ । नेपाली समाज उच्च व्यवस्था र निम्न गरी तीन कोणमा विभाजित छन् । त्यही आधारमा उपन्यासमा वर्णित विषय र पात्रको स्थितिलाई ख्याल राखेर भाषाका विविध रूपहरूको प्रयोग उपन्यासमा गरिन्छ । सामान्य वा सरल भाषामा मात्र उपन्यासलाई आगट्दैन, (बराल र एटम, २०५२ : ४२) । त्यस्तै उपन्यासमा कतै विषयलाई वस्तुनिष्ट भाषाको प्रयोग हुन्छ भने कतै कथ्य भाषाको प्रयोग गरिएको भाषिकाहरूलाई पनि आत्मसात् गरिएको हुन्छ । उच्च खानपिन परिवारका सदस्यको बाहुल्य रहेको हुँदा तिनको परिवारमा बोलिने भाषा अनि उच्च आदरार्थीको रूपमा छन् जसमा राणाकालीन परिवारको सङ्गत तथा उठवसले निकै प्रभाव पारेको छ । भाषाशैलीका कारण मालिक वर्ग र तल्लो वर्गले प्रयोग गर्ने भाषाबाट सहज रूपमा अनुमान लगाउन सकिन्छ । भाषाशैलीको प्रयोगले पात्रहरू बिच वर्गीय विभेद देख्न सकिन्छ । यसरी उपन्यासमा उच्च आदरार्थीदेखि लिएर उच्च आदर, अध्यम आदर तथा अनादरवाचक पद पदावली तथा वाक्यहरू प्रशस्त प्रयोग भएको पाउन सकिन्छ ।

'**त्रिदेवी**' उपन्यासमा भीमसेन चपारको खानदानी खलक मानिने शभ्भु थापाको परिवारमा प्रयोग गरिएका शब्द तथा वाक्यहरूमा अति उच्च आदरभाव व्यक्त भएको पाउन

सकिन्छ । कसैको सम्बोधनमा हजुर जोड्ने तथा सियो लगाउने भाषा, मैया हजुर, स्मिता हजुर मुमा, हजुर जस्ता आदर सूचकका शब्दहरू बोलीचालीमा पर्याप्त भेटिन्छन् ।

उपन्यासमा विभिन्न किसिमका तत्सम पद तथा पदावलीहरूको बाहुल्य रहेको पाइन्छ । संस्कृतका विभिन्न विद्वान् तथा दार्शनिकहरूका विचार सुक्ति तथा कविताको श्लोकलाई जस्ताको तस्तै समावेश गरिएको छ । कस्मिरका कवि विल्हण तथा कालिदासको काव्य श्लोकलाई उपन्यासमा यसरी समावेश गरिएको छ :

कवि विल्हणको कविताको श्लोक :

'अदयापिता कनकचम्यकदाय गौरी फूल्लारविन्द्य वदनांव वम्रोय'

उपन्यासमा भाषाको उखान तथा सुक्तिहरूको धेरै मात्रा प्रयोगमा आएका छन् । उदाहरणको रूपमा तल केही सुक्तिहरूलाई दिइएको छ :

आयुषमानस्तु मे पति, (पृ. १४) ।

कविर्भनीषि परिधुः स्वयम्भू, (पृ. ५३) ।

उपन्यासमा माथि उल्लेख गरिएका कठिन भाषाको प्रयोगले गर्दा उपन्यासलाई केही जटिलता थपेको छ । त्यसैगरी भाषालाई पात्र तथा स्थान अनुकुलको बनाउन पात्रका मातृभाषा नै प्रयोग गरिएको छ । रामपूरुवाका पात्रहरूले त्यहाँको भोजपुरी भाषाको प्रयोग गरेको छन् :

हँ खतावान, तेलार केतना जमिन हँ ?, (पृ. ६९) ।

ना मालिक हम मरजाएव ।

उपन्यासमा परिवेश अनुकुलको भाषाको प्रयोग भएको पाउन सकिन्छ । आधुनिक तथा शिक्षित पात्रहरूबाट अङ्ग्रेजी भाषाका वाक्यहरू पनि उपन्यासमा देख्न सकिन्छ । उपन्यासमा प्रयोग गरिएका अङ्ग्रेजी वाक्यले पात्रहरूको बौद्धिक स्तर तथा निर्धारण गर्नका साथै उपन्यासलाई रसयुक्त तुल्याएको छ । यस उपन्यासमा विभिन्न सूक्तहरूको प्रयोग भएको छ :

*कुपुत्र जन्मन सक्दछ तर कुमाता हुँदैनन्, (पृ. १४) ।*

*प्रत्येक मानिस आफैँमा अनुपम रहन्छ, (पृ. १२०) ।*

*मानिस श्रद्धामय हुन्छ, जसको जे स्थान छ, तिनीहरू त्यही हुन्, (पृ. १२५) ।*

*धर्म भनेको फूलको बगैँचा नै हो । धर्ममा त्यति नै ईश्वर हुन्छ जति र जस्तो ईश्वर फूल र तिनका वास्नामा हुन्छ, (स्मिता, पृ. १७५) ।*

उपन्यासमा प्रयुक्त थुप्रै विचार र अनुभूतिले भरिपूर्ण सुक्तिमय भाषाले उपन्यास ज्ञानबर्द्धक हुनका साथै रोचक बन्न गएको छ । उपन्यासमा आएका यस्ता सुक्तिहरू मार्मिक र जीवनोपयोगी छन् । यस्ता यस्ता सुक्तिहरूका प्रयोगले मानिसलाई जीवनसँग सम्बद्ध विपथलाई वस्तुगत रूपमा ग्रहण गरेको छ । यस्ता सुक्तिका प्रयोगले पात्रहरूका विचार तथा व्यवहारलाई सोच्न बुझ्न सजिलो भएको छ । यस उपन्यासमा विभिन्नखालका उखान टुक्काहरूको प्रयोग भएको छ :

*विधुवा बाहुनीले कर्कलाको पातमा छोरी पाई खानै नपाई पोली खाई, (पृ. ६४) ।*

त्यस्तै, उपन्यासमा आलङ्कारिक तथा प्रतीकात्मक भाषाको प्रयोग पनि ठाउँ ठाउँमा गरिएको छ । उपन्यासको शीर्षक नै प्रतीकात्मक रूपमा देखापरेको छ । त्यसमा तीन नारीलाई देवीका प्रतीकका रूपमा स्थापना गरिएको छ । उपन्यासमा प्रयुक्त केही प्रतीकात्मक वाक्यहरू छन् । नारी भनेका त्यागका प्रतिमुर्ति हुन् । यसमा नारीलाई त्यागको प्रतीक मानिएको छ ।

दीक्षितले यस उपन्यासमा अतीतावलोकन शैलीको प्रयोग गरेका छन् । यसमा रहेका पात्रहरूको अदृष्य वर्णन गरेर ती पात्रहरूको स्वभाव तथा अतीतलाई देखाएको छ । यसले गर्दा दृष्य तथा अदृष्य दुवै पात्रलाई चिन्न सजिलो भएको छ । पात्रहरूका चरित्र वा छबिहरू प्रस्तुत हुनाको साथै तिनलाई नजिकैबाट चिन्न सजिलो भएको छ ।

उपन्यासमा पात्रहरूको कार्यकलाप हुने घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण वा परिवेश विधान अन्तर्गत देश काल र वातावरण पर्दछन् ।

# अध्याय आठ

# उपसंहार

मदनमणि दीक्षित नेपाली साहित्याकाशका एक उज्ज्वल क्षेत्रका रूपमा व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाउन सफल भएका छन् तर पनि सफल उपन्यासकारको रूपमा प्रसिद्धि प्राप्त गरेका छन् । उनले कथा, निबन्ध, प्रबन्ध, समालोचक, अनुवादकका रूपमा रहेका मदनमणि दीक्षितले माधवीका लागि नेपाली साहित्यमा दिने सबैभन्दा ठुलो पुरस्कार मदन पुरस्कार समेत प्राप्त गरेका छन् । दीक्षितले वर्तमान समयमा ४ वटा उपन्यासलाई प्रकाशित हुनुका साथै अरू विधाका ३३ वटाभन्दा बढी कृतिहरू प्रकाशित गरेका छन् । दीक्षितलाई साहित्यतर्फ अभिप्रेरित गर्ने काम आफ्नै माताबाट भएको हो भन्ने कुरा स्वयम्ले दीक्षितले आफ्नो आनन्दमय यात्रा नामक कृतिमा उल्लेख गरेका छन् । दीक्षितकी आमा धार्मिक भावनाले प्रेरित भएका कारण हरेक दिन आफ्नो घरमा गीताको पाठ गर्नुका साथै छोरो पछि गएर ठुलो मान्छे बनोस् भन्ने चाहना राख्नुहुन्थ्यो । दीक्षित पूर्वीय संस्कृतका अध्येता भएकाले यिनको लेखनमा पूर्वीय दर्शनको प्रभाव बढी मात्रामा पाउन सकिन्छ । उनको साहित्य लेखन बौद्धिक र पौराणिक समाजबाट प्रेरित छ । दीक्षित नेपाली साहित्यका लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण समबाट विशेष रूपमा प्रभावित छन् । उनी लियो टल्सटाय, मिसल मार्गरेट, कृष्णचन्द, शरदचन्द्र जस्ता हिन्दी तथा विश्व साहित्यका महान् हस्तीहरूको लेखकीय प्रभावबाट प्रभावित बनेका छन् ।

दीक्षित कार्ल मार्क्सको भौतिकवादमा विश्वास गर्ने व्यक्ति थिए । यिनले द्वन्द्वात्मक भौतिकवादलाई आफ्नो जीवनदर्शन मान्ने उनले नेपाली साहित्यमा मार्क्सवाद नेपाली संस्कृति तथा सामाजिक मूल्यलाई स्थान दिएको पाइन्छ । दीक्षितले सर्वप्रथम नेपाली साहित्यमा 'आखिरी मुस्कान' भन्ने कथा लेखेर नेपाली साहित्य आकाशमा उदाए । झन्डै ३० को दशकबाट उपन्यास लेखनको सुरुआती गरेका दीक्षित नेपाली उपन्यासमा भने आधुनिक कालको नवयुगको दशकमा उदाएका हुन् । संस्कृत दर्शनको प्रभाव उनमा बढी परेकाले उनको साहित्य र बौद्धिक तथा जटिल खालका छन् ।

मदनमणि दीक्षितको सबैभन्दा पहिलो कृति माधवी हो । यो उपन्यास हालसम्म नेपाली साहित्यमा लेखिएको उपन्यासमध्ये सबैभन्दा ठुलो र विशाल हिस्सा ओगट्न पुगेको छ ।

दीक्षितका चारैवटा उपन्यासमा नारीहरू विषयमा लेखिएको छ । उनका सबै उपन्यास नारीहरूका सामाजिक तथा मनोवैज्ञानिक समस्यालाई व्यक्त नारी मुक्तिको निम्ति आफ्ना आवाज उठाउने गरेका छन् ।

दीक्षितका हरेक उपन्यासमा बौद्धिकता तथा आध्यात्मिक हिसाबले अत्यन्तै महत्वपूर्ण रहेका छन् । दीक्षितले आफ्नो पहिलो औपन्यासिक कृति माधवीमा उत्तर-वैदिककालीन समाजको अवस्थाको बारेमा तत्कालीन समयका सामाजिक संस्कार, महिलाप्रति समाजले गर्ने व्यवहार आदि विविध पक्षलाई गहन रूपमा केलाउन सफल भएका छन् भने '**त्रिदेवी**' उपन्यासमा राणाकालीन परिवेश, पञ्चायतकालीन परिवेश, बहुदलीय शासनकालको अवस्थालाई र यस अवस्थाका खराब प्रवृत्तिलाई नियाल्दै विकृतिको भण्डाफोर गर्ने काम गरेका छन् ।

दीक्षितको **'त्रिदेवी'** उपन्यास सामाजिक तथा मनोवैज्ञानिक समस्यामा आधारित भएर रचना गरिएको नारी प्रधान उपन्यास हो । यस उपन्यासका प्रमुख नारी पात्रहरूको माध्यमबाट सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर गरी त्यसको अन्त्य गर्नपर्दछ भन्ने उद्देश्यतर्फ उन्मुख रहेको देखिन्छन् । उपन्यासमा उल्लिखित नारी पात्रहरूले तत्कालीन समयको आन्तरिक पक्ष र समस्यालाई पनि प्रतिनीधित्व गरेको देखिन्छ । दीक्षितको **'त्रिदेवी'** उपन्यास एक नारी चरित्रमा आधारित उपन्यास हो । चरित्र प्रधान उपन्यास भएका कारण पात्रहरूको चरित्रबाट अगाडि बढेको पाउन सकिन्छ । यस उपन्यासको प्रमुख पात्र नालायानीको जीवनमा आइपरेको दुर्घटनाले नै उनको चरित्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ । उपन्यासका प्रमुख ती नारी पात्र नालायानी स्मिता सैद्धान्तिक हुन् । यिनै तीन नारी पात्रहरूको पेरिफेरी उपन्यास अगाडि बढेको पाउन सकिन्छ । यी तीनैजना नारी पात्रले जीवनको आरधनाको निम्ति चिन्तनशील र क्रियाशील रही अविश्रान्त कर्तव्यपथमा विचलित नभई हिंड्ने प्रण गरेका छन् । यिनले नारी मूल्य र मान्यताको निम्ति एउटा सांस्कृतिक, सामाजिक र नव-जागरणको बीज रोपेका छन् । यी नारीहरूको जागरणलाई मूर्तरूप दिन आजका नारीहरूले वैचारिक क्रान्ति गर्नुपर्ने आवश्यकता भइसकेको तथ्य उद्घाटन गरिएको छ । यी नारी पात्र निकै आदर्शपूर्ण र उदाहरणीय रहेको पाइन्छ । यी नारीहरूले नारी हुनुको गौरव र महत्व बुझेका छन् । यी तीनै देवीले कसैको द्वेषको भावनालाई मनमा ठाउँ दिएको छैनन् । बरु यी नारी पात्रहरूले

नारीप्रतिको समाजको अन्धविश्वासी र परम्परागत धारणालाई तोडेर साम्य पार्नुपर्दछ भन्ने सन्देश दिएको छन् ।

मदनमणि दीक्षितले **'त्रिदेवी'** उपन्यासमा नारीहरूका सामाजिक तथा मनोवैज्ञानिक समस्यालाई गहन रूपमा विश्लेषण गरिएको छ । नालायनीको विवाहको तेस्रो दिनमा श्रीमान्सँगको विछोडको पीडा र त्यसले उब्जाएका विविध मनोवैज्ञानिक समस्या मनोविकृति तथा आसामान्य यौन क्रियाकलापका रूपमा देखापरेको छ । यसैगरी, माया बज्यैले बाल्यकालमा नै वैधव्यको कलम सहनुपरेको वास्तविकतालाई देखाएको छ । दीक्षितले तत्कालीन समयको बालविवाहको समस्यालाई यसमा गहिरोसँग चिरफार गरेका छन् ।

मदनमणि दीक्षितले **'त्रिदेवी'** उपन्यासमा नेपालका काठमाडौँ, वीरगञ्ज, पाल्पा लगायत भारतका विभिन्न शैक्षिक स्रोतका हिसाबले महत्वपूर्ण स्थान तथा रोम र पेरिस लगायत चुरेभावर भौगोलिक परिवेशका रूपमा देखापरेका छन् । यसैगरी, राणाकालीन समय २००७ सालपछि बहुदल अगाडिसम्ममा ऐतिहासिक तथा राजनीतिक घटनाहरू समय उपन्यासमा आएका छन् । श्री ३ हरूको दरबारिया रवैया, स्त्रीलोलुप र यौन पिपासु प्रवृत्ति तिनका कारिन्दा आसेपासे सञ्चालन गरिने विविध प्रकारका समीक्षा हुने गरेको उपन्यासमा सहधिताल बाजेको क्रियाकलापबाट अभिव्यक्त गरिएको छ । २००७ सालको क्रान्ति पश्चात नेपालीहरूको दयनीय अवस्था अझ जटिल बन्न पुगेको छ । राजनीतिक परिवर्तनका नाममा आज जनताका विविध खालका समस्याको डङ्गुर थोपरिएको छ ।

वास्तवमा '**त्रिदेवी**' उपन्यासको समग्र मूल्याङ्कन गर्ने हो भने यस उपन्यासले नारी अहम् र अस्तित्वको केन्द्रीयतामा रहेर मानवीय भावना र वेथितिको कलापूर्ण प्रतिष्ठान गरेको छ । उपन्यासमा शृङ्गारिक, वीर, रौद्र, करुण आदि विभिन्न रस औपन्यासिक भावना व्यक्त भएको छ । उपन्यासको आदि र अन्त्य यही शान्त रसको भावमा आधारित रहेको छ । जबसम्म मानिसमा सत्य सन्तोष, कर्तव्य, समर्पित र शान्तिको अनुभूति हुँदैन, तबसम्म मानिसको जीवन सार्थक बन्न सक्दैन । '**त्रिदेवी**' उपन्यासले यथार्थको चित्रण गर्दै आदर्शवादी जीवन सार्थकताको खोजी गर्न उच्च सफलता प्राप्त गरेको छ ।

नारीहरू मानव समुदायका सिर्जनात्मक क्षमता र संस्कृतिका खानी हुन् । आत्मा अमर छ, शरीर मरणशील हुन्छ । मानव जीवनमा नियति बढो कठोर भएर देखापर्दछ । विकासक्रम प्रयोग

र स्वीकृति दिई प्रकृतिमा सृजित करुणा दया माया र स्नेह तथा प्रेमले गर्दा सफल भएको भन्ने मानव मूल्यप्रति यो उपन्यास सचेत रहेको छ ।

मदनमणि दीक्षितको यसलाई यस अवस्थामा सामाजिक राजनीतिक चेतनामा आधारित वैचारिक उपन्यासलाई भन्न सकिन्छ । मूलतः नारी समस्यामा आधारित प्रस्तुत उपन्यास नारी अस्मिता, अहम र आदर्शप्रतिको उदाहरण बनेको तथ्यलाई स्वीकार गरिएको छ । '**त्रिदेवी**' उपन्यासमा जीवनवादी दृष्टिकोणलाई प्रस्तुत गरिएका छ । नेपाली औपन्यासिक जगत्मा मदनमणि दीक्षितका औपन्यासीक कृतिले अझ योगदान पुऱ्याएको पाइन्छ । उनको हरेक उपन्यासहरूमा इतिहास धर्म, दर्शन, कला र संस्कृतिका रङ्गहरू पाइन्छ । माधवीपछि नालायनी जस्तो सशक्त नारी पात्र नेपाली उपन्यासलाई दिएर अविस्मरणीय योगदान गरेका छन् । उपन्यासको सेरोफेरो राणाकालीन समय ०७ साल प्रजातान्त्रिक समय र पञ्चायतकालीन समयमा हुने गरेका विभिन्नखालका विकृति विसङ्गति र चरित्रहरूले भोग्नुपरेको वास्तविकताले समसामयिक स्थितिलाई व्यङ्ग्य गरेको छ । यही नै उपन्यासमा सफलता मान्न सकिन्छ । जसरी माधवी उपन्यासले प्राचीन आदि नारीहरूको मूल्य अस्तित्व र अहम्को खोजी गर्नेक्रममा मानव जीवन र जगत्को मानवीय मूल्यबोध गर्ने प्रयास **त्रिदेवी** प्रयास उपन्यासले गरेको छ । यसलाई नेपाली उपन्यास जगत्मा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

**निष्कर्ष**

त्रिदेवी उपन्यासको विधापरक अध्ययन नामक शोधपत्रमा जम्मा ८ अध्यायमा अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रको प्रथम अध्यायमा विषय प्रवेश, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन र शोध विधि शोध-पत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

यस शोध-पत्रको दोस्रो अध्यायमा उपन्यासकार मदनमणि दीक्षितको सामान्य परिचय र रचनाधर्मिता अन्तर्गत मदनमणिको जविनी, जन्म र जन्म स्थान, शिक्षा, विवाह र दाम्पत्य जीवन, रुचि रस्वभाव, प्रेरणा र स्वभाव, मदनमणि दीक्षितको व्यक्तित्वको बारेमा प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा '**त्रिदेवी**' उपन्यासको मूल प्रवृत्ति अन्तर्गत हरेक प्रकारका वादहरू प्रस्तुत गरिएको छ ।

यस शोध-पत्रको चार अध्यायमा '**त्रिदेवी**' उपन्यास वस्तुविधान अन्तर्गत पृष्ठभूमि, वस्तुविधानका परिभाषा, कथानकका किसिम, कथातत्वका दृष्टिले कथानकका प्रकार, कथानकको अङ्ग र तिनको विकासक्रम र '**त्रिदेवी**' उपन्यासको वस्तुविधानको विश्लेषण प्रस्तुत गरिएको छ ।

यस शोध-पत्रको पाँच अध्यायमा '**त्रिदेवी**' उपन्यासमा पात्र विधानको विश्लेषण गरिएको छ । यस अन्तर्गत पृष्ठभूमि, पात्र शब्दको व्युत्पत्ति र अर्थ, परिभाषा, उपन्यासमा पात्रको स्थान, उपन्यासमा पात्र विधानको पद्धति, पात्रहरू अन्तर्गत नालायनी, स्मिता, सौदामिनी, माया बज्यै, कमरेड छुचुन्द्री, ललितासुन्दरी र शैलु आदि पात्रको विश्लेषण गरिएको छ ।

यस शोध-पत्रको छैटौँ अध्यायमा परिवेश विधानको व्याख्या गरिएको छ । यस अध्याय अन्तर्गत परिवेश विधानको पृष्ठभूमि, परिभाषा र '**त्रिदेवी**' उपन्यासको परिवेश विधानको विश्लेषण गरिएको छ ।

यस शोध-पत्रको सातौँ अध्यायमा उपन्यास सिद्धान्तको अन्तर्गत भाषाशैलीको विश्लेषण गरिएको छ । यस अध्यायमा भाषाशैलीको अन्तर्गत पृष्ठभूमि, शैलीका आधुनिक परिभाषाहरू र '**त्रिदेवी**' उपन्यासको भाषाशैलीको विश्लेषण गरिएको छ ।

यस शोधपत्रको आठौँ अध्यायमा प्रस्तुत शोधपत्रको प्रथम अध्याय देखि सातौँ अध्यायसम्मको उपसंहार निर्ष्कष प्रस्तुत गरिएको छ ।

# सन्दर्भ सामग्री


अधिकारी, अच्युतरमण, **उन्नयन (मदनमणि विशेषाङ्क)** २०५१, (अङ्क १६ माघ-चैत, पृष्ठ,९५-४०६)

अधिकारी, निर्मला, (२०६५), **'त्रिदेवी' उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

उपाध्याय, केशवप्रसाद, **मदनमणि दीक्षित र 'त्रिदेवी' मेरो दृष्टिमा,** उन्नयन, (मदनमणि विशेषाङ्क, अङ्क १६), २०५१, पृ. ८९-९२ ।

कँडेल, घनश्याम, (सम्पा. २०५५), **नेपाली समालोचना** ललितपुर : साझा प्रकाशन ।

गैरे, इश्वरीप्रसाद, (२०४८), **मदनमणि दीक्षित र उनको माधवी उपन्यास**, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

घर्ती, दुर्गाबहादुर, (२०६०), **मनोविश्लेषणात्मक उपन्यासमा पात्र विधान,** विद्यावारिधि शोध प्रवन्ध, कीर्तिपुर : त्रिभुवन शिवविद्यालय ।

घिमिरे, सोमप्रसाद, (२०६५), **पल्पसा क्याफे उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित शोध-पत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

दीक्षित, मदनमणि, (२०३९), **माधवी** उपन्यास, ललितपुर : साझा प्रकाशन ।

दीक्षित, मदनमणि, (२०५०), **मेरी नीलिमा** उपन्यास, ललितपुर : साझा प्रकाशन ।

दीक्षित, मदनमणि, (२०५१), **'त्रिदेवी'** उपन्यास काठमाडौं : रत्न पुस्तक भण्डार ।

दीक्षित, मदनमणि, (२०५८), **भूमिसूक्त** उपन्यास, वारणासी : मोडर्नदीप प्रेस ।

नेपाल, शैलेन्दु, **प्रसङ्ग 'त्रिदेवी'को चर्चा मदनमणिको**, उन्नयन, (मदनमणि विशेषाङ्क, अङ्क १६), २०५१, पृ. ३९५-४०० ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०५२), **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र, (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि,** दार्जलिङ : दिपा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०५५), **उपन्यासको विश्लेषण**, काठमाडौं : नवीन प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद, (२०३६), **लैनसिंह वाङ्देलको जीवनी र व्यक्तित्वको विवेचना,** नेपाली स्नातकोत्तर अप्रकाशित शोधपत्र, काठमाडौँ : त्रिवि कीर्तिपुर ।

राई, तारा, (२०६६), **'त्रिदेवी' उपन्यासको नारी पात्रको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, पद्मकन्या क्याम्पस, बागबजार ।

राई, देविका चामलिङ, (२०५६), **उपन्यासकार मदनमणि दीक्षितका उपन्यासमा नारी पात्र**, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

रेग्मी, कमलराज, **'त्रिदेवी'को अर्को पाटो सानातीना अल्झाइ**, रचना (वर्ष ४, अङ्क ३, पूर्णाङ्क १५) २०५१ पृ. ७०-७६ ।

रेग्मी, कमलराज, (२०६६), **मदनमणि दीक्षितको लेखनधर्मिता**, पाल्पा : वाङ्मय प्रतिष्ठान ।

शर्मा, गार्गी, **वाङ्देलका नारी पात्रहरू,** काठमाडौँ : भगीरथ काफ्ले, २०५१ ।

शर्मा, मोहनराज, (२०४८), **शैली विज्ञान**, काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, (२०५२), **शोधविधि**, ललितपुर : साझा प्रकाशन ।

**समकालीन साहित्य**, (२०५१), वर्ष ४, अङ्क ३, पूर्णाङ्क १५ (साउन-असोज), नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र, (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, ललितपुर : साझा प्रकाशन ।